# अंगुर खेतीको वर्तमान अवस्था र लागत लाभ विश्लेषण : एक अध्ययन
## थाँक्रे गाउँपालिका वडा नं. ८ धादिङ्ग

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग,अर्थशाास्त्र शिक्षा विभाग

स्नातकोत्तर तह (एम.एड):चौथो सेमेष्टरको आशिंक

आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोध पत्र

प्रस्तुतकर्ता

गंगा हमाल

स्नाकोत्तर तह (एम.एड) चौथो सेमेष्टर

परीक्षा रोल नं.: ७२२८२२८

त्रि.वि. दर्ता नं.: ९-२-२९-१५३७-२००८

भर्ना वर्ष:२०७२

शिक्षाशास्त्र केन्द्रिय अर्थशास्त्र शिक्षा विभाग

त्रिभूवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

२०८०

# सिफारिस पत्र (RECOMMENDATION LETTER)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग अर्तगत अर्थशास्त्रशिक्षा विषयमा स्नातकोत्तर तहचौथो सेमेष्टरका आंशिक आवश्यकता परिपूर्णका लागि **"अगुंर खेती वर्तमान अवस्था र लागत लाभ विश्लेषण:एक अध्ययन थाँक्रे गाउँपालिका वडा नं. ८ धादिङ्ग"** शीर्षकको शोधपत्र मेरो निर्देशन सुझाव एवम् सल्लाहमा शोधार्थी छात्रा गंगा हमालले तयार पार्नु भएको हो उक्त शोधपत्र आवश्यक स्वीकृतको लागि सिफारिस गर्दछु ।

....................

शोध निर्देशक

सह.प्रा.विष्णु बहादुर लुइटेल

अर्थशास्त्र केन्द्रिय विभाग

शिक्षाशास्त्र केन्द्रिय विभाग,

कीर्तिपूर, काठमाडौं

**मिति :**

## स्वीकृति पत्र (APPROVAL LETTER)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्रकेन्द्रिय विभाग अर्तगत अर्थशास्त्रशिक्षा विषयमा स्नातकोत्तर तहचौथो सेमेष्टरका आंशिक आवश्यकता परिपूर्तिका लागि **काउले भिनयार्डको वर्तमान अवस्था लागत र समस्या पहिचानः एक अध्ययन थाँक्रे गाउँपालिका वडा नं. ८ धादिङ** शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

विभागिय प्रमुख...................................

सह.प्रा. विष्णु बहादुर लुईटेल

वाह्यसुपरिवेक्षण ............................

............................

**शोध निर्देशक** ....................................

सह.प्रा. विष्णु बहादुर लुईटेल

**डि.आर .सि.सदस्य.** ................................

**मिति :**

## कृतज्ञता पत्र (ACKNOWLEDGEMENT )

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग अर्तगत अर्थशास्त्रशिक्षा विषयमा स्नातकोत्तर तहचौथो सेमेष्टरका आंशिक आवश्यकता परिपूर्णका लागि **"अंगुर खेतीको वर्तमान अवस्था र लागत लाभ विश्लेषणः एक अध्ययन थाँक्रे गाउँपालिका वडा नं. ८ धादिङ** शीर्षकमा शोधपत्र प्रस्तुत गरेको छु । सर्वप्रथम शोधपत्र प्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्ने सु-अवसर प्रदान गर्नुहुने अर्थशास्त्र विभागका विभागीय प्रमुख आदरणीय गुरु विष्णु बहादुर लुइटेल ज्यू प्रति सदैव आभारी छु ।

शोधपत्रलाई सार्थक र उपलब्धीमुलक वनाउन शोधपत्र प्रस्तावना देखी शोधपत्रको अन्त्यसम्म निरन्तर रुपमा सहज, ढङ्गवाट अमूल्य सल्लाह, सुझाव, प्रेरण हौसला र कुशल निर्देशन दिई सद्भावपूर्ण सहयोग गर्नुहूने आदरणिय गुरु तथा विभागका विभागीय प्रमुख तथा शोध निर्देशक आदरणिय गुरु विष्णु बहादुर लुइटेल ज्यू प्रति हार्दिक कृतज्ञतापन गर्दछु ।

अनुसन्धानका लागि गरिएको स्थलगत अध्ययनका क्रममा मलाई आवश्यक सूचना तथा तथ्यांकहरू दिई सहयोग गर्नुहुने काउले भिनयार्ड परिवार प्रति धन्यवाद दिन चाहान्छु । साथै जीवनका हरेक क्षणमा सल्लाह, सुझाव, प्रेरणा र प्रोत्साहन दिई विश्वविद्यालय सम्मको अध्ययन पूरा गर्न आर्शिवाद प्रदान गर्नुहूने आमावुवा र भाइहरू प्रति आभार व्यक्त गर्दछु ।अन्त्यमा शोधपत्र लेखनको क्रममा मलाई सहयोग गर्नुहुने मेरो जीवनसाथी स्वतन्त्र पण्डित प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**शोध कर्ता**

**गंगा हमाल**

## शोधसार (ABSTRACT)

**अंगुर खेतीको वर्तमान अवस्था र लागत लाभ विश्लेषण एक अध्ययन थाँक्रे गाउँपालिका वडा नं. ८ धादिङ** शीर्षकमा गरिएको एक अध्ययन हो ।यसअध्ययन उद्देश्यमूलक नमुना छनोट विधिको आधारमा धादिङ जिल्लाकोथाँक्रे गाउँपालिका वडा नं. ८ काउलेको व्यवसायमा आवद्ध व्यवसायी तथा कामदारहरूलाई मुख्य उत्तरदाताको रुपमा लिइएको छ । त्यस्तै लक्षित समुह छलफलको माध्यमकबाट विभिन्न प्रश्नहरू निर्माण गरी आवश्यक जानकारी प्राप्त गरिएको थियो । यस अध्ययनलाई पूरा गर्नको लागि विभिन्न क्षेत्रवाट प्राथमिक तथा द्धितिय स्रोतवाट तथ्याँक संकलन गरी व्यवसायीक अंगुर खेतीको वर्तमान अवस्था पहिचान गर्नु, अंगुर खेतीको लागत लाभ विश्लेषण गर्नु, अंगुर खेतीको समस्याहरू पहिचान गर्नु र समस्याको सामाधान पेश गर्नु मुख्य उद्येश्य रहेका थिए । यी उदेश्यहरू पूरा गर्नुको लागि थाँक्रे गाउँपालिका वडा नं. ८ मा रहेको सिङ्गो एउटा फर्मलाई नमुना छनोट गरि अध्ययनमा आवश्यक तथ्याँक संकलन गरिएको थियो यसरी प्राप्त तथ्यांक विश्लेषण गर्नका लागि व्याख्यात्मक र विश्लेषनात्मक विधि अपनाएको थियो प्राथमिक तथ्याँक संकलनका लागि अंगुर खेती व्यवसायी फर्ममा कार्यरत कामदारलाई विविध प्रश्नावली र अवलोकन फारम, छलफल निर्देशिकाको माध्यमवाट अन्तवार्ता, स्थलगत अवलोकन र लक्षित समुह छलफल गरिएको थियो भने द्धितिय तथ्यांक संकलन गर्न राष्ट्रिय योजना आयोग, कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालय आर्थिक सर्वेक्षण २०७५/०७६ फलफुल विकास निर्देशनालय २०७८, थाँक्रे गाउँपालिका कार्यलय, विभिन्न लेख रचनाहरू, पत्रपत्रिका र अन्य सरकारी तथा गैर सरकारी संस्थावाट प्रकाशित तथा अप्रकाशित तथ्याँकको सहायताको आधारमा यो अध्ययनलाई अगाडी वढाउन सहयोग लिइएको छ। यसरी संकलन गरिएको तथ्याँकलाई तालिका र पाई चार्टमा प्रस्तुत गरिएको छ ।

थाँक्रेगाउँपालिकाको वाड नं. ८ काउलेमा रहेको काउले भिनयार्डमा जम्मा ७० रोपनी जग्गा रहको जसमध्ये ५० रोपनीमा वाइन प्रयोजनका अंगुर खेती गरिएको छ । ७० रोपनी जग्गा व्यवसायीक खेती पर्यटन उद्योग संचालन वाइन फ्याट्री निमार्ण को उद्योगले प्रति रोपनी१०,००,००० र १५,००,००० को दरले खरिद गरेका छन् ।अध्ययन क्षेत्रमा परेको अंगुर खेतीमा ६ जना महिनावारी तलव खाने र दैनिक ज्यालादारीमा १२-१५ जना काम गर्ने मान्छे रहेका छन् ।उक्त अंगुर खेतीमा वि.सं. २०७८ सालमा १३,००० के.जी. अंगुर

उत्पादन भएको पाइयो । प्रति वोट १.५ के.जी. देखि ३ के.जी.सम्म उत्पादन भएको पाइयो र भविष्यमा प्रति वोट ५ के.जी सम्म उत्पादन गर्ने लक्ष्य रहेको पाइयो ।उक्त अंगुर खेतीमा वाइन प्रपोजको१२ प्रजाती का ६,५०० अंगुरको विरुवा भएको र प्रति के.जी. अंगुर रु. २५० मा विक्री हुने गरेको पाइयो । उक्त खेती २०११ देखि शुरु भएको शुरुमा १५०० विरुवा जापानवाट ल्याइएको पाइयो । पछि स्विजरल्याड , जर्मन र भारत वाट विरुवा ल्याएको पाइयो । जहाँ अहिले ६५०० विरुवा रहेको पाइयो । अंगुर खेतीको कूल स्थिर लागत रु. ६३,१५,००० रहेको पाइयो । जसमाविरुवा आयातमा जम्मा रु १२,००,००० विरुवा रोप्दा लागेको मल खरिदमा रु.३४५,००० सिचाईको लागि पाइप खरिदमा रु. १००,००० थाँको तथा लहरा व्यवस्थापन गर्ने फलाम पाइप तथा तार जाली खरिदमा रु. १,५०,००० कर रु.२०,०००विभिन्न समयमा लिइएको ऋण पाँच लाख (५,००,००,०००) को वार्षिक व्याजदर(९%)रु. ४५,००,००० रहेका पाइयो । अंगुर खेतीको कुल परिवर्तनशील लागत वि.सं.२०७८ सालमा रु.३४,००,००० रहेको छ । जसमा २०७८ सालको कुल परिवर्तनशील लागतका शीर्षकहरू तलव, कन्सल्टेनसी फी र औषधी तथा मल रहेको छ । जसअनुसार २०७८मा तलव रु. २४,००,०००, कन्सल्टेन्सी फीमा रु. ५,००,००० औषधी तथा मलखादमा रु. ५,००,००० लागत लागेको तथ्य स्थलगत सर्वेक्षणमा पाइयो । अंगुर फर्मको कुल लागत वि.सं. २०७८ मा कुल स्थिर लागत रु. ६३,१५,००० र कुल परिवर्तनशिल लागत रु. ३४,००,००० गरि जम्मा रु. ९७,१५,००० रहेको तथ्याँङ् स्थलगत सर्वेक्षणमा पाइयो । अंगुर खतीको कुल आम्दानी वि.सं. २०७८ सालको रु. ३२,५०,००० रहेको पाइयो । जसमा त्यस वर्षको अंगुर उत्पादन १३००० के.जी रहेको र प्रति के.जी अंगुर रु.२५० मा विक्री भएको थियो । अंगुर खेतीको प्रति के.जी उत्पादान लागतलाई विश्लेषण गर्दा वि.सं.२०७८ सालमा १ के.जी अंगुरको उत्पादनमा रु.७४७.३०७ लाग्ने गरेको पाइयो । अंगूर खेतीको २०७८ सालको नाफालाई विश्लेषण गर्दा कुल आय रु. ३२,५०,००० वाट कुल लागत रु.९७,१५,००० घटाउदा रु.६४,६५,००० तथ्यांक रहेको पाइयो । अंगुर खेतीको लागत लाभलाई विश्लेषण गर्नको लागि नमूना छनोटमा परेको जनपाल थापा द्वारा सञ्चालित अंगुर खेतीमा लागानी गरेको पूँजीको सिमान्त क्षमता पत्ता लगाई व्यवसायीले ऋण लिदा तिरेको ९ प्रतिशत व्याज दर संग तुलना गरिएको छ । जस अनुशार वि.सं.२०७८ सालमा अंगुर खेतीले लगानी गरेको पूँजीको सिमान्त क्षमता रु. -७५.५३५ प्रतिशत रहेको पाइयो ।फर्म शुरु भएको १२ वर्ष पुग्दा पनि अझै लगानी नै

भइरहेको र लागतको तुलनामा न्यून आम्दानी भएको स्थलगत सर्वेक्षण वाट थाहा पाइयो । यदि अंगुर खेतीवाट नाफा निकाल्ने हो भने अर्गानिक खेतीमा जोड दिदा रासायनिक मल र विषादिको खर्च कटौती भइ लागत कम हुन्छ, साथै प्रति वोट उत्पादन वृद्धि गर्दा कुल उत्पादनमा वृद्धि भइ आम्दानि बढ्छ ।आम्दानिको एक मात्र स्रोत अंगुर उत्पादनमा भर नपरि विरुवा उत्पादन गरी विरुवा विक्री गर्न सकेमा र कृषि पर्यटन विकास गर्न सकियो भने लागतको तुलनाामा आम्दानि वृद्धि गर्न सकिने कुरा स्थलगत सर्वेक्षणवाट प्राप्त भयो ।

व्यवसायीक रुपमा संचालन गरेको अंगुर खेतीमा विभिन्न समस्याहरू विद्यमान रहेको पाइयो । यस अध्ययनको क्रममा दक्ष जनशक्तिको अभाव पूँजीको अभाव उपयुक्त सरकारी नितिको अभाव मलखादको अभाव प्राकृतिक प्रकोप तथा जङ्गली जनावरको भए रोग तथा किराको प्रकोप जस्ता समस्याहरू रहेको पाइयो । व्यवसायको उद्येश्य नै नाफा हो । विना नाफा व्यवसायमा टिकिरहन सकिदैन तसर्थ अंगुर खेतीमा विद्यमान समस्यालाई हटाउन उपयुक्त सरकारी निती, तालिमको व्यवस्था, मलखादको व्यवस्था आयातलाई निरुत्साहित, खेतीलाई औद्योगिकीकरण र वित्तिय क्षेत्रमा पहुँच तथा कृषि विमामा जोड जस्ता कार्यक्रमहरू संचालन गरिनुपर्दछ ।

## विषयसूची (TABLE OF CONTENTS)

पृष्ठ सं.

**सिफारिस पत्र(RECOMMENDATION LETTER)** **i**

**स्वीकृति पत्र (APPROVAL LETTER)** **ii**

**कृतज्ञता पत्र (ACKNOWLEDGEMENT )** **iii**

**शोधसार (ABSTRACT)** **iv**

**विषयसूची (TABLE OF CONTENT)** **vii**

**तालिका सूची (LIST OF TABLE)** **xi**

**चित्र सूची (LIST OF FIGURE)** **xii**

**एक अध्याय : एक (CHAPTER ONE)**

**परिचय (ITRODUCTION)**

१.१ अध्ययनको पृष्ठभूमि (Background of the study) १

१.२ समस्याको कथन (Statement of the problem) ५

१.३ अध्ययनको उद्देश्य (Objectives of the study) ६

१.४ अध्ययनको महत्व (Importance of the study) ६

१.५अध्ययनका परिसीमा (Delimitation of the study) ८

१.६ अनुसन्धान प्रश्न (Research Questions) ८

१.७ अध्ययाको संगठन (Organization of the study) ९

**अध्याय : दुई (CHAPTER TWO)**

**सम्बन्धीत साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा**

**(REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK)**

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoretical Literature) १०

२.२ अनुसन्धान साहित्यको पुनरावलोकन (Review of Literature previous studies) १६

२.३साहित्य पूनरावलोकन अध्ययनको उपादेयता (Implication of the review of research) २०

२.४ अनुसन्धान अनन्तर (Research Gap) २१

२.५ अवधारणत्मक ढाँचा (Conceptual Framework) २२

२.६ कार्यात्मक ढाँचा (Functional Framework) २३

## अध्याय : तीन (CHAPTER THREE)

## अनुसन्धान विधि र प्रक्रियाहरु (RESEARCHMETHODS AND PROCEDURES)


३.१ अनुसन्धान ढाँचा (Research Design ) २४

३.२ तथ्यांकको स्रोत (Source of Data) २४

३.२.१. प्राथमिक स्रोत (Primary Source) २४

३.२.२ द्वितीय स्रोत (Secondary Source) २५

३.३ जनसंख्या नमुना र नमुना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy) २५

३.३.१ जनसंख्या(Population) २५

३.३.२ नमुना आकार (Sample Size) २५

३.४ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area) २५

३.५ तथ्यांक संकलनका साधनहरु (Tools of data Collection) २५

३.५.१ प्रश्नावली(Questionnaire) २६

३.५.२अवलोकन सूची(Observation list) २६

३.५.३ छलफल निर्देशिका (Disscussion Gide) २६

३.६ तथ्यांक संकलनका प्रविधिहरु(Techniques of Data Collection) २६

३.६.१अर्न्तवर्ता(Interview) २६

३.६.२ प्रत्यक्ष आवलोकन(Direct Observation) २७

३.६.३ लक्षित समूह छलफल (Focus Group Discussion) २७

३.७ तथ्यांक विश्लेषण प्रक्रिया(Data Analysis Procedure) २७

३.८ नीतिगत प्रावधान (Ethical Consideration) २७


## अध्याय चार (CHAPTER FOUR)

## तथ्यांकको विश्लेषण र प्रस्तुतीकरण(ANALYSIS AND INTERPRETATION OF DATA)


४.१ धादिङ्ग जिल्लाको परिचय (Introducation of Dhading District) २९

४.१.१ धादिङ जिल्लाको नामकरण(Naming List of Dhading District) २९

४.१.२ भैगोलिक स्वरुप (Geographical Situation) २९

४.१.३ जिल्लाको जनसाङ्ख्यिकीय अवस्था(Population Status Of Dhfading District) ३०

४.१.४ प्रशासनिक विवरण (Administrative Deseriptoin) ३०

४.१.५ हावापानी (Climate) ३१

४.२ थाँक्रे गाउँपालीकाको परिचय (Introduction of ThakreMunicipality) ३२

४.२.१ ऐतिहासिक विवरण (Historical Description) ३२

४.२.२ भौगोलीक स्थिति (Geographical Situation) ३२

४.२.३ जनसङ्ख्यिकीय विवरण (Demographic Situation) ३२

४.२.४सामाजिक विशेषताहरु (Social Feature) ३३

४.२.५ धार्मिक तथा सांस्कृतिक स्वरुप (Nature of Religion and Culture) ३६

४.२.६ पूर्वाधारको अवस्था (Situation of Infrastructures) ३७

४.२.७ आर्थिक सामाजिक अवस्था (Economic and Social Situation) ४१

४.३ अंगुर खेतिको वर्तमान अवस्था (Current Situation of Grapes Farming ) ४५

४.३.१ उत्पादन प्रक्रिया (Process of Production) ४५

४.३.१.१ अंगुर रोप्ने जमिनको तयारी (Preparation of Land For Grapes Planting) ४५

४.३.१.२ अंगुर विरुवा लगाउने समय (Times to Grapes Plant) ४६

४.३.१.३ अंगुर विरुवाको हेरचाह (Care to Grapes Plant) ४६

४.३.२ अंगुर खेतीको क्षेत्र (Area of Grapes Farming) ४७

४.३.३ अंगुरको विरुवा संख्या (Total Number of Grapes Plant) ४७

४.३.४ उत्पादन परिणाम (Production Volume) ४७

३.३.५ विक्री मूल्य (Selling Price) ४८

४.४ अंगुर खेतीको लागत विश्लेषण(CostAnalysis of Grapes Farming) ४८

४.४.१ अंगुर खेतीको स्थिर लागत (Fixed Cost of Grapes Farming) ४९

४.६.२अंगुर खेतीको परिर्वतनशील लागत (Variable Cost of Grapes Farming) ५०

४.६.३ अंगुर खेतीको कुल लागत (Total Cost of Grapes Farming) ५१

४.६.४ अंगुरको प्रति के.जी उत्पादन लागत (Production Cost of Per KG Grapes) ५२

४.७ अगुर खेतीको कुल आय (Revenue of the Grapes Farming) ५२

४.८ अंगुर खेतीको लाभ (Profit of the Grapes Farming) ५३

४.९ अंगुर खेतीको लागत लाभ विश्लेषण (Cost Benefit Analysis of the Grapes Farming) ५३

४.९.१ अंगुर खेतीको लागत पूँजीको सीमान्त क्षमता (Marginal Effiecincy of Capital of Grapes Farmining) ५५

४.१० अंगुर खेतीमा देखिएका समस्याहरू (Problem of Grapes Farming) ५७

४.११अंगुर खेतीको समस्या समाधानका उपायहरू (Problem Solving of Grapes Farming) ५९

४.१२ अध्ययनको सारांश .(Summary of study) ६१

**अध्याय पाँच (CHAPTER FIVE)**

**निष्कर्ष र सुझावहरू (CONCLUSION AND RECOMMENDATION)**

५.१ निष्कर्ष (Conclusion) ६५

५.२ सुझावहरू (Recommendations) ६८

५.२.१ नितिगत सुझावहरू (Policy Related Recommendations) ६८

५.२.२ प्रयोगात्मक क्षेत्र संग सम्बन्धित सुझावहरू(Practice Related Recommendations) ६९

५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धि सुझावहरू (Feature Research Releted Recommendations) ६९

सन्दर्भ सूची(Refrances)

अनुसूचीहरु(Appendices)

# तालिका सूची(LIST OF TABLE)


| तलिका नं. | शीर्षक | पृष्ठ सं. |
|---|---|---|
| १ | थाँक्रे गाउँपालीका वसोवास गर्ने जातजातिहरू | ३३ |
| २ | थाँक्रे गाउँपालिकामा वोलिने प्रमुख भाषाहरू २०७६ | ३५ |
| ३ | थाँक्रे गाउँपालीकाको धार्मिक स्वरुप | ३६ |
| ४ | विद्यालय तथा क्याम्पसको अवस्था | ४० |
| ५ | थाँक्रे गाउँपालिकाका साना तथा घरेलु उद्योग | ४२ |
| ६ | भू-उपयोगको आवस्था २०७८ | ४३ |
| ७ | थाँक्रे गाउँपालिकामा रहेको वित्तिय संस्थाहरू २०७८ | ४४ |
| ८ | अंगुर उत्पादन परिणाम | ४७ |
| ९ | अंगुर खेतीको स्थिर लागत विवरण | ४९ |
| १० | अंगुर खेतीको परिवर्तनशील लागत विवरण | ५० |
| ११ | अंगुर खेतीको कुल लागत | ५१ |
| १२ | अंगुर खेतिको आय विवरण | ५२ |
| १३ | अंगुर खेतिको कुल नाफा विवरण | ५४ |

# चित्र सूची(LIST OF TABLE)


| चित्र नं. | शीर्षक | पृष्ठ सं. |
|---|---|---|
| १ | थाँक्रे गाउँपालीका वसोवास गर्ने जातजातिहरू | ३४ |
| २ | थाँक्रे गाउँपालिकामा वोलिने प्रमुख भाषाहरू २०७६ | ३५ |
| ३ | थाँक्रे गाउँपालीकाको धार्मिक स्वरुप | ३७ |
| ४ | विद्यालय तथा क्याम्पसको अवस्था | ४० |
| ५ | भू-उपयोगको आवस्था २०७८ | ४४ |
| ६ | थाँक्रे गाउँपालिकामा रहेको वित्तिय संस्थाहरू २०७८ | ४५ |

# अध्याय : एक (CHAPTER ONE)

# परिचय (ITRODUCTION)

## १.१ अध्ययनको पृष्ठभूमि(Background of the study)

करिब दुई तिहाइ जनता आश्रित रहेको र कूल ग्राहस्थ उत्पादनमा एक तिहाइ हिस्सा ओगटेको कृषिक्षेत्र कुल गप्रहस्थ उत्पादनमा एक चौथाई हिस्सा वागवानी उपक्षेत्रको रहेको छ । यस मध्ये करिब आधा हिस्सा फलफूल जन्य उत्पादनबाट योगदान हुने गरेको देखिन्छ । नेपालको धार्मिक सांस्कृतिक एवं भौगोलिक विविधता र हावापानीको विशिष्टतालाई हेर्दा फलफूल वाली नेपालको एक प्रमुख वालीको रुपमा रहेको छ । औधोगिकीकरणको लागि कच्चा पदार्थ, रोजगारी, निर्यातव्यापार, र विदेशी मुद्धा आर्जनको आधारशिला हो । आयात प्रतिस्थाप निर्यात व्यापार प्रवर्द्धनका लागि नेपाल सरकारले पकेट व्याकेज अवधारणा अनुरुप समय सापेक्ष विभिन्न कार्यक्रम तर्जुमा गरी दशको ७५ वटै जिल्ला कृषि विकाश कार्यलय, वागवानी फर्म केन्द्रहरु मार्फत बागवानी विकाश कार्यक्रम अन्तर्गत फलफूल विकाश कार्यक्रमहरुमा फलफूल नयाँ नर्सरी, शुद्धिकरण, नमुना वगैंचा स्थापना, व्यवस्थापन अनुशरण, समस्या निदान प्रतियोगिता प्रदर्शन, विरुवा प्याकेजिङ लगाएत समग्र ढुवानी सोलार स्टोर, शुन्य शक्ति भण्डारण निर्माण र हार्मेस्टिङ्ग व्याग वितरण जस्ता कार्यक्रमहरु संचालन गरिएको छ, (कृषिभूमि तथा सहकारी मन्त्रालय, २०७५) ।

जनजीविका, रोजगारी आर्थिक एवम् सामाजिक रुपान्तरणको प्रमुख आधार कृषि हो । कृषि नेपालको अर्थतन्त्रको प्रमुख क्षेत्रको रुपमा रहदै आएको छ । कृषिको व्यवसायिकरण र आधुनिकीकरण साथै सेवा क्षेत्र र अन्य गैर कृषि क्षेत्रमा भएको विस्तारको कारण कृषि पेशामा आश्रित जनसंख्या घट्दै गएको छ । सन् २००८ को नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार कृषि क्षेत्रमा आवद्ध जनसंख्या ७३.९ प्रतिशत रहेकोमा सन् २०१८ मा भएको श्रमशक्तिसर्वेक्षण अनुसार ६०.४ प्रतिशत रहेको छ, (अर्थमन्त्रालय, २०७७)

नेपालको कृषि परम्परागत उत्पादन प्रणालीमा आधारित छ उत्पादित वस्तुहरुको भण्डारण, मुल्य निर्धारण, उत्पादित वस्तुहरु बजार सम्म लैजान यातायात, खेती लगाउनका लागि औजार बिउ, मल औषधी जस्ता समस्याहरु कृषि क्षेत्रमा छन् तर राष्ट्रिय आयका लागि र रोजगारका लागि अन्य क्षेत्र भन्दा उच्च स्थानमा रहेको छ । नेपालको कृषि प्रणाली

जिविकोपार्जन मुखीबाट व्यवसायिक तर्फ रुपान्तरण हुदै गएता पनि यसको उत्पादनलाई व्यवसायिक र प्रतिस्पधी बनाउने र राष्ट्रिय अन्तराष्ट्रिय बजारमा परिचित गराउदै आयात प्रतिस्थापना र निर्यात प्रवर्द्धन गर्नु आवश्यक छ । कृषि उत्पादनले उचित मुल्य प्राप्त गर्न कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउनु पर्छ । त्यसको लागि उत्पादनपरान्त प्रविधिको आवश्यकता पर्दछ (दाहाल र पौडेल, २०७०) ।

नेपालको भु -वनोट र जलवायुको कारण विविध किसिमका फलफूलहरु पाइन्छ ।दक्षिणी भाग तराईमा ३०० प्रदेशिय फलपूलहरु आँप, लिची, अम्बा, केरा कटहर भुइकटहर आदिको खेती गरिन्छ । मध्य पहाडी क्षेत्रमा उष्ण प्रकारको सुन्तला जात फलफूल अम्बा, अनार, चिया, कफी एभोकाडो, म्याकाडेमियाननट अंगुर जस्ता फलफूलको खेती गरिन्छ । केहि उच्च समशितोष्ण किसिमको हावापानीमा नास्पाति हलुवावेद किवी, आरु आरुवखडा, अंगुर अनार चुच्चेओखर, बदाम आदि फलफूलहरु खेती गरिन्छ । उच्च पहाडी भेगमा स्याउ, ओखर, खुर्पानी जस्ता फलफूल खेती गरिन्छ । फलफूल आयात प्रतिस्थापन तथा निर्यात प्रवर्दन गरी देशमा रोजगारी वृद्धि तथा आर्थिक सम्वृद्धि र खाद्य पोषण सुरक्षाका लागि यसको मूल्य श्रीङ्खलासँग सम्बन्ध विभिन्न कार्यक्रमहरु संचालन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी फलफूल व्यवसायलाई विस्तार गरी आगामी १० बर्ष भित्र प्रमुख फलफूहरुमा आत्मनिर्भर बनाइ निर्यात प्रवर्द्धन गर्ने प्रमुख उद्देश्यले आ.व. २०७३/०८३ सम्मलाई फलफुल दशक र आ.व २०७६ लाई फलफूल रोपण बर्षको रुपमा कार्यान्वयन गर्न फलफूल बर्ष कार्यविधि लागु गरिएको छ (फलफूल विकाश निर्देशनालय, २०७३) ।

अङ्गुरको अंग्रेजी नाम Grape हो भने  वैज्ञानिक नाम Vitis vinifera,lububrusca हो अङ्गुरको उत्पादन ६०० देखि ८०० बर्ष अगाडी प्राचिन भित्रमा वैजनि रङ्गका अङ्गुर खेती गरिएको र प्राचिन ग्रिस,रोम युरोप हुदै उत्तर अमेरिकामा अङ्गुरको खेती भएका अनुमान गरिन्छ । १९ औ शताब्दिमा भिटिस लाब्रुस्का प्रजातिको अंगुरको खेती र अमेरिकामा भएको कन्कोर्ड नामक अङ्गुरको विकाशले अंगुरलाई महत्वपूर्ण बालिको रुपमा विकाश गरायो । नेपालमा २०४४-४५ सालमा केन्द्रिय वागवानी केन्द्र किर्तिपूरमा जापानिज सहयोगमा जापानीज अंगुर अनुसन्धानको लागि रोपिएको र अनुसन्धान प्रश्चात कुन जात कुन हावापानीमा हुन्छ भन्ने सम्बन्धमा वागवानी केन्द्रबाट सिफारिस गरिएका जातहरु वितरण गरी अङ्गुर खेतीको शुरुवात भएको पाइन्छ (भुसाल, २०७८) ।

व्यसायिक अंगुर खेतीको लागि समुन्द्रि सतहबाट १५०० मिटर सम्मको जग्गा उपयुक्त हुन्छ । जग्गा पारिलो सिचाइसुविधा भएको दक्षिण वा पूर्व फर्केको हल्का भिरालो पानी नजम्ने हुनुपर्छ । जसको तापक्रम २० देखि ४० डि.ग्री भएको हुनुपर्दछ । अंगुरको बिरुवा रोपेको ३ बर्षदेखि फल दिन थाल्दछ । माटोको हावापानी र बगैचा व्यवस्थापन मिलेमा प्रति रोपनी ४०० किला देखि ६०० किलो सम्मको अंगुर उत्पादन हुन्छ । एक पटक रोपेको विरुवालाई प्रत्येक बर्ष २० -३० किलो कम्पोष्ट मल, हाइड्रोजन २५० ग्राम, आवश्यकता पर्दछ । नयाँ हाँगामा मात्र अंगुरको फल लाग्ने हुँदा पहिलो बर्ष ५० से.मी दोस्रो वर्ष पलाएको हाँगालाई ४ देखि ५ आख्ला राखी काँटछाँट गर्नुपर्दछ । काँटछाँट पुस माघ महिनामा पहिलेको पात झरेपछि नयाँ पात नपलाउदै गर्नु पर्दछ । अंगुरको बोटलाई निश्चित आकार प्रदान गर्न फलाम बाँस वा काठको थाँग्रो दिनुपर्छ यसरी व्यवस्थापन गरेको अंगुरको बोटले रोपेको २० देखि २५ बर्ष सम्म उत्पादन दिन्छ (कृषि पत्रिका, २०७८) ।

विश्वका लोकप्रिय रहेको अङ्गुरका ६० भन्दा बढि प्रजाति रहेका छन् । त्यसमध्ये हिमरड अमेरिकी  सिडलेस र जापानिज अङ्गुरहरुमा स्टुवेन, ब्लाक ओलम्पिया, वफेलो, क्योहो मस्कट वेलिय, क्यम्पिवल अर्ला, डिलावर, न्यूमस्कट वेलिय जातका अङ्गुरहरु नेपालको हावापानी सुहाउदो जात हुन् । यी जातको अंगुर खेतीको लागि बागवानी केन्द्रबाट सिफारिस जातहरु हुन । उल्लेखित सबै जातहरु ताजा फल खान योग्य हुन्छन् ।उत्पादनको हिसाबले सबैभन्दा बढि अङ्गुर उत्पादन हुने देश चित हो । त्यसपछि क्रमश बेलायत, इटाली,स्पेन, फ्रान्स, टर्की, अर्जेन्टिना, इन्डिया, चिली र इरान सबैभन्दा बढि अङ्गुर उत्पादन गर्न १० देशहरु हुन्, (फलफूल विकाश निर्देशनालय, २०७८) ।

बहुबर्षिय पतझड वर्गमा पर्ने अंगुर वाली पौष्बिटक तत्वले भरिपूर्ण उत्तम फल हो । १ सय ग्राम अंगुरमा खानयोग्य पदार्थ ९५ प्रतिशत पाइन्छ । अंगुरमा पाइने विभिन्न तत्वहरु निम्नानुसार रहेका छन् ।

| | |
|---|---|
| कार्वोहाइटड्रेट | १३.१ ग्राम |
| खनिज तत्व | ०.९ ग्राम |
| फस्फोरस | २३.मि. ग्रा. |
| फलाम | ०.५ मि. ग्राम |
| चिल्लो पदार्थ | ०.४ मि.ग्रा. |

| | |
|---|---|
| क्यारोटिन | ३ ग्राम |
| पानी | ८५ प्रतिशत |
| रेशा | २.८ प्रतिशत |
| क्यालोरी | ५८ आई.यु |
| क्यालसियम | २० मि.ग्रा |
| प्रोटिन | ०.६ मि.ग्रा |
| भिटामिन सी | १ मि.ग्रा. |
| थायमिन | ०.०४ मि.ग्रा |
| नाईसिन | ०.२ मि.ग्रा |

(थापा, २०७३)

अंगुरका जातहरुलाई उपयोगीताको आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ ।

| Table purpose varieties | wine purpose verieties | Dried for raisingpurpose varieties |
|---|---|---|
| Kyoho | Muscathamburg | Tas-a-Ganesh |
| Muscat Hamburg | Pinot noir | Sonaka |
| Thompson Seedlews | French blue | Manik chaman |
| Late Rizamat | Cabernet franc | |
| Italia | Merlot | |
| Fuji Minori | Syrah | |
| Delaware | Seibel | |
| Campbell early | Delaware | |
| Pione | | |
| Muscat bailey A | | |
| Otsubu Niagara | | |
| Gorby | | |

(थापा, २०७३)

## १.२ समस्याको कथन(Statement of the problem)

कृषि प्रधान देश नेपालका अधिकांश मानिसहरुको पेशा कृषि हो । देशको विकाश गर्न कृषिको विकाश अनिवार्य रहेको छ। देशलाई आर्थिक विकाश गर्न तथा राष्ट्रमा जनताको

जिवनस्तर उकास्नको लागि व्यवसायिक फलफूल खेतीले सहज भूमिका खेल्दछ । जब प्रत्येक जनता सम्पन्न हुन्छन् तव मात्र देशको विकाश संभव हुन्छ । फलफूल खेती अन्तर्गत अङ्गुर खेतीलाई व्यवस्थित बनाउन सकेमा उत्पादन र विवरणमा प्रतिस्पर्धा गराई आयात प्रतिस्थापन गर्न सकिन्छ । वैदेशिक रोजगारीकालागि विदेशिने युवा शक्तिलाई देशमै परिचालन गरी रोजगारी वृद्धि तथा आर्थिक सम्बवृद्धि र  खाद्य पोषण सुरक्षाको लागि समेत मजवुद बनाउन सकिन्छ ।

अङ्गुर खेतीको महत्वपूर्ण योगदान, उत्पादनको प्रशस्त संभावना हुँदाहुदै पनि व्यवसायिक अङ्गुर खेती गर्न कठिनाई भएको छ । आम नागरिकमा अङ्गुर खेतीको उपादेयताका बारेमा पर्याप्त जानकारी नहुनु, सहकारी संस्था र सरोकारवाला निकायको योगदान बढाउन नसक्नु जङ्गली पशुपंक्षीको भय हुनु, विज्ञको अभाव, कृषि औजारका अभाव, विभिन्न रोगको प्रकोप जस्ता समस्या यस क्षेत्रमा रहेका छन् । नेपालमा अंगुरखेतीको शुरुवात भएको तिस दशक वितिसक्दा पनि खपत अनुरुपको खेती विस्तार र उत्पादन हुन सकेको छैन । हाल केहि युवाले अङ्गुर खेतीलाई व्यावसायिक रुपमा लिन थालेका छन् । नेपाल सरकारले फलफूल खेतीमा आत्मनिर्भर बनाउने लक्ष्य अनुरुप कृषि नीति, दिर्घकालिन र आवधिक योजनाहरुमा प्राथमिकता राखेता पनि शो अनुरुपको पर्याप्त सरकारी र नीजि लगानी आकर्षण हुन सकेको छैन तथा यस क्षेत्रले अपेक्षित सुधार पाउन सकेको छैन । क्रय शक्ति बढे सँगै फलफूलको उपभोग पनि बढ्दै गएको पाइन्छ । देशका मुख्य शहरहरुको प्रमुख बजार अधिकांश आयातित फलफूलले ओगटेको पाइन्छ । स्वदेशी उत्पादनले आयातितसँग प्रतिस्पर्धा गर्न नसक्नु, खण्डित र अव्यवस्थित भू-उपयोग, भौगोलिक विकटता, कृषि सामग्री र व्यवस्थापनमा कमी हुनु, उत्पादन लागत र ढुवानी लागत बढि हुनु आदि समस्याहरु अङ्गुर उत्पादनमा देखिएका छन् ।

उपरोक्त समस्याहरुको शहि समाधान गर्न सकेको खण्डमा नेपालमा उपलब्ध हुने स्रोत साधनलाई सहि सदुपयोग गर्दै जिल्ला जिल्लामा फलफूल उत्पादनका लागि मिसन कार्यक्रम संचालन गरी प्रभावकारी ढङ्गले अगाडी बढ्ने हो भने केहि समयभित्रै अङ्गुरको आन्तरिक उत्पादन वृद्धि गरी देशलाई अङ्गुर उत्पादनमा आत्मनिर्भर बनाउनको साथै आर्थिक उपार्जन गर्न सकिन्छ ।

## १.३ अध्ययनको उद्देश्य(Objectives of the study)

यस अध्ययनको साधारण उद्देश्य धादिङ जिल्लाको थाँक्रे गाउँपालिका वडा नं. ८ मा रहेको जनपाल थापाको काउले भिनयार्डको अध्ययन गर्नु हो भने विशिष्ट उद्देश्य निम्नानुसार रहेको छ ।

१.अंगुर खेतीको वर्तमान अवस्था पहिचान गर्नु,
२.अंगुर खेतीको लागत लाभ विश्लेषण गर्नु,
३.अंगुरखेतीको विद्यमान समस्याहरु पहिचान गरि समाधानका उपायहरु पेश गर्ने ।

## १.४ अध्ययनको महत्व(Importance of the study)

नेपाल भौगोलिक विविधता र विशिष्ट हावापानी भएको देश हो । जैविक विविधताको धनि देश नेपाल विश्वका अधिकांश फलफूल व्यवसायिक खेती गर्न सकिन्छ । तराई तथा भित्री मधेशमा उष्ण प्रदेशिय फलफूल, मध्य पहाडमा सुन्तलाजात फलफूल तथा समशितोष्ण फलफूल उच्च पहाडमा शितोष्ण फलफूल खेती गर्न सकिन्छ । व्यावसायिक फलफूल खेतीले कृषकको आर्थिक अवस्थामा सुधारका साथै जिवनस्तर उकास्न धेरै मद्दत गर्छ । औधोगिकीकरणका लागि कच्चा पदार्थका साथै रोजगारी, निर्यात व्यापार, विदेशी मुद्धा आर्जन र स्वास्थ्यका दृष्टिकोणले पनि फलफूल खेतीको विशेष महत्व रहेको छ ।

स्वास्थ्यको लागि मात्र नभएर सम्बृद्धिको लागि पनि फलफूलको महत्व रहेको छ । सम्वृद्धिको लागि व्यवसायिक फलफूल खेती गर्नुपर्दछ । कृषिमा रमाउनेका लागि व्यावसायिक अङ्गुर खेती सहि सावित भएको छ । अंगुर खेती बाग्मती प्रदेशका प्राय सबै जिल्लामा उपयुक्त हुन्छ । विदेशिएका युवाहरु विदेशमा सिकेको ज्ञान सीप र क्षमतालाई नेपालमा आएर व्यवसायिक क्षेत्रमा प्रयोग गरेका कारण हाल अङ्गुर खेती व्यावसायीक रुपमा फस्टाएको छ । स्थानीय तहले पनि फलफूल खेतीलाई प्रवर्द्धन गर्न ऋण तथा अनुदान सहयोग गर्नुको साथै तालिम तथा प्राविधिक सहयोग गर्दै आएको पाइन्छ ।

यस अध्ययनबाट अङ्गुर खेतीमा संलग्न रहेको व्यवसायीको अवस्था कस्तो छ । यस क्षेत्रमा कस्ता कस्ता समस्याहरु रहेका छन् । अङ्गुर खेतीमा लाग्ने व्यवसायीले कस्ता चुनौतीको सामना गर्नुपरेको छ ? अङ्गुरको बजार अवस्था कस्तो छ ? आदि प्रश्नहरुको खोजी गरिन्छ

। तसर्थ यस अध्ययनबाट निकालिएको निष्कर्ष ले व्यवसायीक अङ्गुर खेती गर्ने किसानको आर्थिक अवस्था सुधार तथा उक्त व्यवसायिक खेतीको समस्या समाधान गर्न सहयोग गर्नेछ । साथै यस अध्ययनले व्यवसायिक अङ्गुर खेतीमा आवद्ध हुन उत्साहजनक कार्यक्रम र प्रभावकारी कार्यनीति गर्न सघाउ पुऱ्याउने छ ।

धादिङ जिल्ला थाँक्रे गाउँपालिका वडा नं. ८ मा रहेको संचालक जनपाल थापाको काउले भिनयार्डको वर्तमान अवस्थाको अध्ययनले लागतको अवस्था पहिचान गरी यसै क्षेत्रमा रहेका समस्याहरु पत्ता लगाइ समस्या समाधानका उपायको खोजी गरिएको छ जसले व्यवसायीक अंगुर खेतीमा भएका कमी कमजोरी सुधार र परिमार्जल गर्दै अगाडी बढ्न सहयोग हुने आशा गरिएको छ । साथै यस क्षेत्रमा लाग्ने व्यक्तिहरुको लागि प्रेरणा, अंगुर खेती सम्बन्धी थप अध्ययन अनुसन्धान गर्न सहयोग र यस विषयसँग सरोकार राख्ने व्यक्तिका लागि अध्ययन सामग्री बन्नेछ ।

यस अध्ययनको महत्वलाई निम्नानुसार बुँदागत रुपमा उल्लेख गरिन्छ ।

- व्यवसायीक अंगुर खेती आर्थिक अवस्था सुधार ल्याउनका लागि महत्वपूर्ण रहन्छ ।
- व्यवसायीक अङ्गुर खेतीसँग सम्बन्धीत अनुसन्धानको लागि सहयोगी बन्नेछ ।
- व्यवसायीक अङ्गुर खेतीमा लाग्नेका लागि अध्ययन सामग्री मिल्नेछ ।
- बेरोजगारीरुपमा रहेकाव्यक्तिलाई व्यवसायिक खेती गर्न प्रोत्साहन मिल्नेछ ।
- व्यवसायिक अङ्गुर खेती गर्नेको लागि लागत अनुमान गर्न सहयोगी हुनेछ ।
- व्यवसायिक अङ्गुर खेतीको समस्याहरु पत्ता लगाई समाधान गर्न सहयोग मिल्नेछ ।

## १.५ अध्ययनका परिसीमा(Delimitation of the study)

अनुसन्धान आफैमा एक जटिल कार्य हो यसका लागि धेरै समय, श्रम र आर्थिक आवश्यकता पर्दछ । यसर्थ तोकिएको सम्पूर्ण पक्षलाई अध्ययन गर्न नसकिने हुँदा यस अध्ययनलाई यथार्थपरक, औचित्यपूर्ण र उपयोगी बनाउन तथा समय अर्थ लगाएतका सीमितताको कारण अध्ययनलाई  धादिङ्ग जिल्लाको थाँक्रे गाँउपालिका वडानं. ८ मा रहेको काउले भिनयार्डमा केन्द्रित गरिएको छ ।

यस अध्ययका निम्न सीमाहरु रहेका छन् :

- यस अध्ययन  धादिङ्ग जिल्लाको थाँक्रे गाँउपालिका वडानं. ८ मा रहेकोकाउले भिनयार्डमा मात्र सीमित छ ।
- यस अध्ययन काउले भिनयार्डको आर्थिक पक्षलाई मात्र समेटिएको छ ।
- यस अध्ययनका लागि आ.व.२०७८ सालको तथ्यांकलाई मात्र समावेश गरि शोहि आधारमा लागत लाभ विश्लेषण गरिएको छ ।
- यस अध्ययन  धादिङ्ग जिल्लाको थाँक्रे गाँउपालिका वडा नं. ८ मा रहेकोकाउले भिनयार्डको लागत लाभको  विश्लेषणमा मात्र सीमित गरिएको छ ।
- यस अध्ययन काउले भिनयार्ड भनि जनपाल थापा द्वारा सञ्चालित अंगुर खेतिलाई मात्रलिइएको छ ।
- यस अध्ययनमा प्राथमिक र द्वितिय स्रोतवाट प्राप्त जानकारी मात्र समेटिएको छ ।
- यस अध्ययनको नमुना आकार सानो भएकाले अध्ययनवाट प्राप्त निष्कर्षलाई सम्पूर्ण देशको सन्दर्भमा सामान्यिकरण गरिने छैन ।
- प्रस्तुत अध्ययनमा तथ्यांक संकलनका विविध साधनहरु मध्ये प्रश्नावली, अवलोकन र अन्तरवार्ता जस्ता साधनहरुको प्रयोग गरिएको छ ।

## १.६ अनुसन्धान प्रश्न (Research Questions)

यस अध्ययनमा धादिङ्ग जिल्ला थाँके गाउँपालिका ८ काउले स्थित जनपाल थापा द्वारा सञ्चालित आंगुर खेतीको लागत लाभको अवस्था कस्तो छ भनी अध्ययन गर्न निम्न लिखित अनुसन्धान प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :

- के अंगुर खेतीमा गरिएको लागतको अवस्था उच्च छ ?
- के अंगुर खेतीको प्रतिफल न्यून छ ?

- अंगुर खेतीवाट प्राप्त लागत लाभको अवस्था कस्तो छ ?
- अंगुर खेतीमा के कस्ता समस्याहरु विद्यमान रहेका छन् ?
- अंगुर खेतीमा देखिएका समस्याहरु समाधानका के के उपायहरु रहेको छ ?

## १.७ अध्ययाको संगठन (Organization of the study)

यस अध्ययनलाई पाँच अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा परिचय रहेको छ,अध्ययनको पृष्ठभूमि, समस्याको कथन,अध्ययनको महत्व,अध्ययानको उद्देश्य,अनुसन्धान प्रश्नहरु,अध्ययनको परिसिमा र संगठन राखिएको छ ।अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा राखिएको छ ,जसमा सैधान्तिक साहित्यको पुनरावलोकन गरिएको प्रयोग अनुसान्धनात्मक साहित्यको पुनरावलोकन गरिएको साहित्यको प्रयोग,अनुसन्धान अन्तर,अवधारणात्मक ढाँचा र कार्यात्मक ढाँचालाई प्रस्तुत गरिएको छ । त्यस्तै अध्याय तिनमा विधि र प्रक्रियाहरु उल्लेख गरिएको छ । जसमा अनुसन्धान ढाँचा, तथयांकको स्रोत (प्रथमिक र द्वितिय) जनसंखया नमुनाको आकार, नमुमा छनोट रणनिति, अध्ययन क्षेत्रको परिचय,तथयांक संकलनको साधन(प्रश्नावली,अवलोकन सूची,छलफल निर्देशिका), तथ्यांक संकलनको प्रविधि, तथ्यांकको विश्लेषण र नितिगत प्रावधानलाई प्रस्तुत गरिएको छ । अध्याय चारमा तथ्यांकको प्रस्तुतिकरण,विश्लेषण तथा सारांशलाई प्रस्तुत गरिएको छ । अध्याय पाँचमा निष्कर्ष तथा सुझाबहरुलाई समावेश गरिएको छ । अन्त्यमा अनुसूची तथा सन्दर्भसूचीहरुलाई प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई(CHAPTER TWO)

## सम्बन्धीत साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा

## (REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK)

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन(Review of the Theoretical Literature)

यस अनुसन्धानलाई पूर्णता दिनको लागि अध्ययनसँग सम्बन्धीत निम्नानुसारको सैद्धान्तिक साहित्यको पुनरावलोकन गरिएको छ ।

पौडेल र नेपाल (२०७१), कुनै पनि वस्तु उत्पादन गर्नका लागि विभिन्न साधनहरुको प्रयोग गर्नुपर्दछ । यिनै साधनहरु प्रयोग गरेवापत उत्पादनले मूल्य तिर्नुपर्दछ त्यसैलाई लागत भनिन्छ । अर्थात उत्पादन गर्दा जे जति मात्रामा खर्च लाग्छ त्यसैलाई लागत भनिन्छ । कुनै पनि व्यवसायिक उत्पादन वृद्धि गर्न, लगानी गर्न, क्षेत्र छुट्याउन लागतको अध्ययन गर्नु जरुरी हुन्छ । उत्पादकको वस्तु उत्पादन लागतकले बजार पूर्तिमा पनि असर पारिरहेको हुन्छ । वस्तुको उत्पादन लागत धेरै भएमा वस्तुको मूल्य धेरै महङ्गो पर्दछ जस्ले गर्दा बजार मागमा कमी हुन गई पूर्ति घट्छ । त्यस्तै वस्तुको उत्पादन लागत कम भएमा वस्तुको मूल्य थोरै वा सस्तो हुन्छ जसले बजार मागमा वृद्धि हुन गई पूर्तिमा पनि वृद्धि हुन्छ ।

शिवाकोटि र पौडेल (२०६७), लागतका सम्बन्धमा परम्परागत र आधुनिक सिद्धान्त गरी मुख्य दुई सिद्धान्तको विकास भएको पाइन्छ । परम्परागत लागत सिद्धान्तले लागतलाई अल्पकालिन लागत र दिर्घकालिन लागत गरी दुई भागमा बाडेको छ । अल्पकाल भनेको छोटो समय अवधि हो । यसमा उत्पादनका सबै साधनहरुलाई परिवर्तन गर्न सकिदैन त्यसैले केहि साधन स्थिर हुन्छन् तर दिर्घकाल भनेको लामो समय हो यसमा उत्पादनका सबै साधनहरुलाई परिवर्तन गर्न सकिन्छ । परम्परागत लागत सिद्धान्त अनुसार लागतलाई अल्पकाल र दिर्घकाल गरी दुई भागमा विभाजन गर्न सकिन्छ । अल्पकालमा सबै साधनहरुलाई परिवर्तन गर्न नसकिने हुँदा केही साधनहरु परिवर्तनशील र केहि साधन स्थिर हुन्छन् । छोटो समय हुने हुदा आफूसँग भएका संयन्त्रलाई कसरी बढि क्षमतावान बनाइ प्रयोग गर्ने भन्ने हुन्छ । श्रमिकलाई नयाँ नयाँ तालिम दिएर दक्ष बनाउन सकिदैन त्यसैले

मेसिन उद्योगको अस्थाई कर्मचारीको ज्याला खर्च, मेसिन मर्मत संभार खर्च आदि परिवर्तनशिल लागत हुन । अल्पकालका लागतलाई तिन भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### क. कुल लागत (Total Cost)

कुनै पनि वस्तुको उत्पादन गर्दा लाग्ने सम्पूर्ण खर्चलाई कूल लागत भनिन्छ अर्थात अल्पकालमा स्थिर साधनहरुमाथि गरिने खर्च वा लागत र परिवर्तनशील साधनमाथि गरिने खर्च वा लागत र परिवर्तनशील साधनमाथि गरिने खर्च वा लागतको योगफल नै कुल लागत हो । संक्षेपमा कूल परिवर्तनशिल लागत र कुल स्थिर लागतको योगफललाई कुल लागत भनिन्छ ।

### ख. कुलस्थिर लागत(Total Fixed Cost)

वस्तु उत्पादन कार्यमा यदि वस्तुको उत्पादन परिमाणसँगै लागतमा कुनै पनि परिवर्तन हुदैन भने त्यसलाई कुल स्थिर लागत भनिन्छ । अर्थात अल्पकालमा स्थिर साधनहरु भवन, जग्गा, स्थायी कर्मचारी माथि गरिने खर्चनै कुलस्थिर लागत हो । यो निश्चित हुन्छ । किनकि उत्पादनकार्य प्रारम्भ हुनु भन्दा अगाडि देखिनै यो लागत लाग्ने गर्दछ । उत्पादनको प्रति एकाई परिमाणमा वृद्धि भएपनि स्थिर लागतमा त्यसले कुनै असर गदैन कुल स्थिर लागत भित्र जग्गा भवन निर्माणमा गरिने खर्च, मेसिन खरिद खर्च, स्थायी कर्मचारीको तलब र अन्य प्रशासनिक खर्चहरु पर्दछन् ।

### ग. कुल परिवर्तनशिल लागत(Total Variable Cost)

अल्पकालमा विभिन्न परिवर्तनशील साधनहरुमा गरिने सम्पूर्ण खर्च नै कुल परिवर्तनशिल लागत हो । उत्पादन शून्य हुँदा यो लागत लाग्दैन । जति उत्पादन बढाउदै लग्यो त्यति नै यो लागत पनि बढ्दै जान्छ ।पुन : जब उत्पादन घट्दो दरमा वृद्धि हुन्छ र अन्त्यमा परिवर्तनशील लागत तीव्र गतिमा बढ्दै जान्छ । त्यसैले यो झण्डै अंग्रेजी ९ अक्षर जस्तै देखिन्छ । यसमा ज्याला, कर, विमा शुल्क र कच्चा पदार्थ खरिद खर्च, आदि पर्दछन् ।

अङ्गुर खेती प्राय सबै प्रकारको माटोमा (बलौटे दोमन प्रमोल, बालुवा मिसिएको पानी नजम्ने) माटोमा यसको खेति गर्न सकिन्छ । अङ्गुरको विरुवाको लागि अम्लिय माटो भन्दा

क्षारिय माटो राम्रो हुन्छ । माटोको पि.एच. करिब ५.५ देखि ७.५ सम्म उपयुक्तहुन्छ बाग्मती प्रदेशका प्राय जिल्लाहरुमा व्यवसायिक अंगुर खेती गर्न  सकिन्छ । सामान्यतय अङ्गुरको विरुवा पुष माघ तिर लगाउने गरिन्छ  तर पोलिव्यागमा उमारेको विरुवा अन्य समयमा पनि लगाउन सकिन्छ । करिब २० -२८ सि.एम कम्पोन्सिल हाँगाकाटी अक्सिजन हर्मोनको प्रयोग गरी विरुवा तयार पारिन्छ । तयार भएको विरुवा जग्गाको आकार अनुसार वर्गाकार रेखाङ्कन गरी व्यवस्थापन गर्नु पर्छ त्यसमा एक मिटर गहिरो र एक मिटर चौडाई भएको खाल्टो पौष माघमा खनि करिब १५ -२० दिन छोड्ने त्यसपछि आवश्यक मल माटो मिसाएर माटो जम्दा जमिनको सतहमा मिल्न आउने गरी पर्नुपर्दछ अङगुरको विरुवा ३ देखि ६ मिटरको फरकमा लगाउन सकिन्छ । विरुवा रोप्ने समयमा प्रति खाल्टो ३० देखि ४० किलो कम्पोष्ट मल, १ किलो सिङ्गल सुपरसल्फेट ५०० ग्राम पोटासियम र अल्ड्रिन धुलोको आवश्यकता पर्दछ । विरुवा रोपेको २ देखि ३ बर्ष मा फल उत्पादन शुरु हुन्छ । अङ्गुरको जात हावापानी अनुरुप फल पाक्न ३ देखि ५ महिना लाग्दछ । अङ्गुरको फल बोटमानै राम्रोसँग पाकेपछि मात्र टिप्नुपर्दछ पहिले टिप्दा फल अमिलो हुन्छ । पाकेको फललाई बिहनको समयमा टिप्दा फल कम झर्दछ । अंगुर टिपिसकेपछि ९० प्रतिशत सापेक्षित आद्रता भएको ठाउँमा ६ देखि ८ महिना सुरक्षित भण्डारण गर्न सकिन्छ फल भण्डारण गरेको ठायँमा राम्रो सँग हावा संचालन भएको हुनुपर्दछ । अंगुरको फललाई प्राकृतिक प्रकोपको रुपमा असिनाको प्रकोप रहन्छ । यस बाहेक फलको टुप्पो कुहिने, सेतो धुलो लाग्ने, कोपिला मार्ने, खैरो थोप्लो जस्ता रोगको प्रकोप रहन्छ भने कत्ले फट्केकीरा, पात वेरुवा, पात छियाछिया पार्ने खपटे, कत्ले जस्ता किराले अङगुरको विरुवालाई क्षति पुऱ्याउछ, (बराल, २०७६) ।

अंगुर एक बहुउपयोगी स्वादिष्ट र पोषण तत्वले भरिपूर्ण फल हो । अङ्गुर यसको आकार गोलाकार लाम्चो हुन्छ । अंगुरलाई ताजा खान, जुस, वाइन, जेलि र दाखको रुपमा प्रयोग गर्न सकिन्छ । यस बाहेक अङ्गुरको लाभलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- अंगुरको सेवनको कब्जियत समस्या कम गराउदछ ।
- अङ्गुरको नियमित सेवनले हृदयघातको जोखिम कम गर्दछु ।
- अंगुरको सेवनले छालाको सौन्दर्य बढाउछ,
- महुमेहका कारण आँखामा हुने समसयाबाट बचाउछ,

- अङ्गुरको नियमित सेवनले अज्जाइमर रोग लाग्नबाट बचाउँछ ।
- अङ्गुरकोनियमित सेवनले हड्ड्ड बलियो बनाउँछ ।
- अङ्गुरमा ग्लुकोजको मात्रा कम पाइने हुनाले

(कृषिपत्रिका, २०७७)

नेपालमा फलफूलको कुल क्षेत्रफल १६४६२३ हेक्टर रहेको जसमध्ये उत्पादनशील क्षेत्रफल १२०,०२३ हेक्टर रहेको र कुल उत्पादन १,१७७,६४० मे.ट रहेको पाइन्छ । नेपालमा फलफूलको उत्पादकत्व ९.८१ प्रति हेक्टर रहेको छ । जसमा सुन्तलाजात फलफूलको कुल क्षेत्रफल २९, ४१० हेक्टर रहेको जसमध्ये उत्पादनशील क्षेत्रफल १५, ८७७ हेक्टर रहेको र कूल उत्पादन ११५, ४४३ मे.ट रहेको पाइन्छ । नेपालमा हिउदे फलफूलको उत्पादकत्व ७.२६ रहेको छ । त्यसैगरी बर्षे फलफूलको कुल क्षेत्रफल ८८८०२ हेक्टर रहेको जसमध्ये उत्पादनशील क्षेत्र ७५,६४० हेक्टर रहेको र उत्पादन ७९०, २८९ मे.ट रहेको पाइन्छ । नेपालमा वर्षे फलफूलको उत्पादकत्व प्रति हेक्टर १०.४३ रहेको छ । STTATISTICAL INFORMATION ON NEPALES AGRTCULTURE 2-75/76

कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन वृद्धि गर्न स्पष्ट मार्ग चित्रका साथ कृषि विकास रणनीति र अन्य नेपाल सरकारको नीति नियमहरुमा आधारित भइ कृषि क्षेत्रको आधुनिक करणको परिकल्पना गरी प्रधानमन्त्री कृषि आधुनिककरण परियोजना लागु गरिएको छ । यस परियोजना अन्तर्गत कृषि भुमीको उर्वराशक्ति र वाली उत्पादन क्षमताको आधारमा विशिष्टीकृत कृषि उत्पादन क्षेत्रलाई पकेट ब्लक, जोन र सुपर जोनमा वर्गीकरण गर्ने परियोजनाको प्रथम बर्षमा प्रत्येक जिल्लालाई कम्तिमा १० हेक्टर तोकिएका संख्या गरी देशभर कूल २१०० कृषि उत्पादन पकेटहरु, प्रत्येक जिल्लामा १०० हेक्टरका २ वटा कृषि उत्पादन ब्लकहरु गरी देशभर कूल १५० ब्लक रहनेछ । त्यैगरी ५०० हेक्टर क्षेत्रफलमा ३० कृषि उत्पादन तथा प्रशोधन जोन स्थापना गरिएको छ । प्रत्येक प्रदेशमा १ हजार क्षेत्रफल ७ वटा कृषि औधोगिक क्षेत्र सुपर जोन स्थापना गर्ने परियोजना अवधिभर यस्ता पकेट, ब्लक जोन र सुपरजोनहरु संख्या मा क्रमश वृद्धि गर्दै १५ हजार पकेटहरु, १५०० ब्लकहरु ३०० जोनहरु र २१ सुपर जोनहरु स्थापना भएको छ । (अर्थमन्त्रालय, २०७३)

नेपालमा फलफूल खेतीको प्रचुर संभावना र अवसर हुदाँहुदै पनि फलफूलको आयात प्रशस्त मात्रामा भइरहेको छ । आ.ब. ०७५/०७६ मा फलफूलको माग १,५६०, ९९० के.जी रहेकोमा उत्पादन ११७७६४० के.जी भएको छ । माग अनुरुप उत्पादन हुन नसक्दा विभिन्न देशहरुबाट ३५००३०५४५ बरावरको के.जी फलफूल आयात गरिएको छ । त्यसमध्ये अंगुर ९४४३९७४९.४३ के.जी आयात गरिएको छ। नेपालको हावापानीमा अङ्गुर उत्पादन भावना रहदा रहदै पनि ९५ प्रतिशत बराबरको अङ्गुर आयात गर्नुपर्ने अवस्था छ। आर्थिक बर्ष सन् २००८/०९ मा ३ करोड ७० लाख बराबरको अङ्गुर आयात भएकोको तथ्यांङ्क छ तर त्यसको ठिक १२ बर्ष पछि आ. बर्ष २०१९/२० मा नेपालमा करिब ९३ करोड रुपैयाको अंगुर आयात भएकोपाइन्छ । यस अवधीमा अंगुरको आयातको बार्षिक औषत वृद्धिदर करिब ४९ प्रतिशत रहेको छ। जुन तथ्यांङ्कले अङ्गुरको उत्पादन प्रवर्द्धनमा थप नयाँ रणनीति अंगिकार गर्नुपर्ने आवश्यक रहेको देखाउछ।

(Department customs Annual foregin Trade statistics, 2075/076)

नेपाल सरकार कृषि तथा पशुपंक्षी मन्त्रालय (२०७३) ले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयनमा ल्याएको छ। यस परियोजनाको अवधी १० बर्ष रहेको छ। भने परियोजना स्वदेशी सोच स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिवाट तयार भएको कृषि विकाश रणनीति कार्यन्वयनको सहयोगी योजना हुने एवम् परियोजना अवधिमा भएको कुल अनुमानित लागत १ अर्ब ३ खर्ब ७४ करोड १० लाख हुने अनुमान गरिएको छ । परियोजनामा पकेट, ब्लक जोन र सुपरजोन ४ किसिमका उत्पादन प्रशोधन एवम् औधोगिक केन्द्र निर्धारण गरिएको छ। आर्थिक बर्ष ०७३/७४ मा ६९, ६०० हेक्टर चालु आर्थिक बर्ष प्रथम थप आठ महिनामा ७३, ६०० हेक्टर गरी जम्मा १,४३, ३०० हेक्टर क्षेत्रफलमा कार्यक्रम संञ्चालन गरिएको छ । साथै यस परियोजनामा सार्वजनिक निजी साझेदारीमा स्थानीय निकायमा अनुदान रासायनिक प्राङ्गारिक मल, उन्नत बिउविजन सिचाइका उपकरणहरु, बगैचा सुधार युवा लक्षित कार्यक्रमहरु, कृषि बजारपूर्वाधार निर्माण आदि कार्यका लागि अनुदान परिचालित भएका छन्।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (२०७८), ले कृषि उत्पादन लागत घटाउन युवाशक्तिलाई उत्पादन क्षेत्रमा आकर्षित गर्न, जमिन तथा श्रमिकको उत्पादकत्व वृद्धि गर्न साथै कृषिलाई आधुनिकीकरण व्यवसायीक र प्रतिस्पर्धी बनाउनको लागि कृषि यान्त्रिकरण

प्रवर्द्धनसमिति कार्यविधिद्धारा कृषि उपजहरुको उत्पादन प्रशोषधन भण्डारण तथा बजारिकरण कार्यमा प्रयोग हुने यन्त्र उपकरण, ओजारहरु आवश्यकता अनुरुप कृषि सहकारी, कृषक समूह निजी फर्म उद्यमीलाई माग अनुरुपको ५० देखी पचहत्तर प्रतिशत सम्म अनुदान दिने पिछडिएको क्षेत्र सामुहिक जमिनको चक्लावन्दि खेती, महिला कृषक, जनजाति तथा दलित समुदाय रहेको सहकारीलाई विशेष प्राथमिकता दिई उपलब्ध गराइने कार्यक्रम लागू भएको छ ।

राष्ट्रिय योजना आयोग (२०७५) का अनुसार कुल ग्रहस्थ उत्पादनमा २६.८ प्रतिशत योगदान रहेको कृषि क्षेत्रको विशेष आर्थिक महत्व रहेको छ । कृषि सामग्रीहरुको न्यून उपलब्धता आवश्यक भौतिक पूर्वाधारहरु र सिचाइ, सडक, कृषि बजार, शीतभण्डार गोदाम घर चिस्यान केन्द्र तथा बिजुली को अपर्याप्तता उन्नत बिउ नश्ल, बिउको प्रतिस्थापनदरका कमी, तीव्र गतिको जमिन खण्डिकरण समस्याको रुपमा रहेको छ । दिगो विकाशको लक्ष्यमा भोकमारीको अन्त्य खाद्य सुरक्षा तथा पोषणको अवस्था सुधार गर्ने तथा दिगो कृषि प्रणालीको प्रवर्द्धन गर्न जस्ता लक्ष्य प्राप्ती गर्न विकाश कार्यक्रमको ठूलो भूमिका रहन्छ । यस योजना मार्फत स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता प्रतिस्पर्धी जलवायु अनुकूल कृषिजन्य वस्तुको उत्पादनबाट आत्मनिर्भर एवं निर्यातमुखी उद्योगको रुपमा स्थापित गर्दै स्वच्छ । पोषणयुक्त खाद्य उपलब्धता र पोषण सुरक्षामा टेवा पुऱ्याउने लक्ष्यको साथ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि बाट कृषिमाआधारित उद्योगको विकाश गरी रोजगारी र आम्दानी वृद्धि गर्ने व्यवसायिक तथा प्रतिस्पर्धात्मक क्षमताको विकास गरी कृषि व्यापार सन्तुलन गर्ने उद्देश्य तय गरिएको छ । त्यस्तै संघ, प्रदेश, स्थानीय सरकार, सरोकारवाला व्यक्तिसँग समन्वय गरी नीजि क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सृजना गर्ने नीति तथा कार्यक्रमका लागि सहजिकरण गर्ने, तुलनात्मक लाभ एवं उच्च मुल्य वाली तथा वस्तुको उत्पादन वृद्धि गरी निर्यात प्रवर्द्धन गर्ने जलवायु परिवर्तन र प्रयोगको नकारात्मक असर न्यूनीकरण गरी साना तथा मझौला उद्योगको विकासबाट कृषि क्षेत्रमा गुणस्तरता अभिवृद्धि मार्फत प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्ने रणनीतिक लिइएको छ । भने कृषि उत्पादन प्रशोधन भण्डारण तथा बजारिकरणमा जसमा ऋण तथा विमासुविधाको व्यवस्था गर्ने, कृषि उत्पादनमा नीतिगत संरचनागत तथा मानव संसाधन व्यवस्थापनमा सुधार गरी योजना अवधीको अन्तिम बर्ष २०८०/८१ मा फलफूलको उत्पादकत्व ८.९ मेटिकटन बाट १२.० मे.ट्रि पुगेको हुनेछ भने जमिनको उत्पादकत्व अमेरिकी डलर ५,३३९ प्रति हेक्टर,

कृषि श्रमको उत्पादकत्व अमेरिकी डलर १,२६० प्रतिश्रमिक पुगेको हुनेछ । यस योजना अवधिभित्र प्रमुख कृषि उत्पादनमा आत्मनिर्भर भई कृषि क्षेत्रको व्यापार सन्तुलन कायम भएको हुनेछ ।

## २.२ अनुसन्धान साहित्यको पुनरावलोकन (Review of Literature previous studies)

तिम्सिना (२०७३) द्वारा च्याउ फर्मको लागत लाभ विश्लेषण र यसले शैक्षिक क्षेत्रमा पारेका प्रभाव शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस अध्ययनको क्षेत्र काठमाण्डौ जिल्ला किर्तीपुर न.पा. वडा नं ७ मा रहेको छ । यसमा १० वटा च्याउ फर्म मध्ये ज्ञ वटा अर्थात १० प्रतिशत नमुनाको आकारको रुपमा लिएको पाइयो । यस अध्ययनम प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरेको पाइयो च्याउ फर्म वि.स. २०७० सालमा रु १२, ००, ०० ऋण लिई बार्षिक १४ प्रतिशत व्याज तिनै गरी १० रोपनी जग्गा भाडाामा लिइ शुरुवात गरेको पाइयो यस फर्मको २०७० सालको कुल स्थिर लागत रु १६,१८००० अर्थात कुल लागतको ३६.०३३ प्रतिशत कूल परिवर्तनशील लागत रु २६, ५१,०० अर्थात कुल लागतको रु ६२.९७ प्रतिशत कुल लागत रु ४३.६९,००० रहेको पाइयो यस फर्मको प्रति के.जी च्याउको विक्रि लागत रु ८०.९० रहेको पाइयो जुन प्रतिके.जी विक्री लागत रुश्र ११२ भन्दा रु ३१.१० ले बढि छ । तसर्थ यो फर्म नाफामा रहेको पाइयो । च्याउ फर्म व्यवावसायिले कुल आय रु ६०,४८, ०० मध्ये शैक्षिक लगानीमाहुने अंश अनुमान गर्नका लागि क्षेत्रगत लगानी हेर्दा सबैभन्दा बढि लगानी ७२.२४ प्रतिशत सोहि व्यवसायमा लागेको पाइयो । त्यस्तै गरी कुल आयको ६.६१ प्रतिशत शिक्षामा लगानी गरेको पाइयो औषत आयु रु ७२००० मध्ये सबैभन्दा बढि उपभोगमा ३८.८८ र शिक्षामा ३४.७२ लगानी गरेको पाइयो । यस च्याउ फर्मका समसयाहरु च्याउ फर्मको तालिमको अभाव,रोगको समस्या, ऋणको अभाव, बजारको समस्या लगायत अन्य समसयाहरु विद्यमान रहेको पाइयो । यस समस्या समाधान गर्नका लागि सुझावहरु व्यावसायीक च्याउ फर्मलाई प्ोत्साहन गर्नका लागि सरकारी तवरबाट कर, छुट अनुदान तालिम लगायत अन्य विभिन्न किसिमका सुविधाहरु प्रदान गर्नुपर्ने देखिन्छ । च्याउ खेतीमा समय समयमा झिगा सुलसुले जस्ता जिवाणुहरुको संक्रमण हुदा यसको सनर्मुल पार्ने देखिन्छ ।

(गिता) श्रेष्ठ (२०७६) ले “व्यावसायिक केरा खेतीको वर्तमान अवस्था र यसले स्थानीय कृषको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव” शीर्षकमा गोरखा नगरपालिका गोरखा

जिल्लालाई अध्ययन क्षेत्र बनाई गरेका । यस अध्ययनमा विश्लेषण गर्नका लागि व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको यस अध्ययनका लागि नमुन छनौट रुपमा भरत बस्नेद्धारा संचालित केरा खेतीलाई लिइएको छ । यस अध्ययनमा केरा फर्मको कुल स्थिर लागत रु २,३९,०० रकुल परिवर्तनशील लागत ५,१४,३५३ गरी कूल लागत ७, ५३, ३५३ लागेको पाइयो। १५ रोपनी जग्गामा केरा खेती गरेको पाइयो । केरा खेती गर्दा १ रोपनी जग्गामा १५० केराको बोट उत्पादन गर्न सकिने १५० बोटबाट १४,४०० वटा केरा प्राप्त गर्न सकिने र १५ रोपनी जग्गामा जम्मा २,१६,००कोसा केरा प्राप्त गरेको र प्रतिकोसा केरा प्राप्त गर्न कुल लागत कुल उत्पादन परिणम जसमा ७,५३,३५३/२,१६,००० बरावर ३.४९ प्राप्त भएको ।व्यवसायिक प्रति कोसा रु १० का दरले विक्री गर्दा प्रति कोसा नाफा दर रु ६.५१ रहेको पाइयो । यस फर्मको कुल आम्दानी २१,६०,०० र कुल नाफा १४,०६,६४७ प्राप्त भएको पाइयो । वर्तमान केरा खेती लोकप्रिय एवम् नाफामूलक व्यसायको रुपमा परिचित भएता पनि यसमा तालिमको अभाव, रोगको समस्या ऋणको अभाव, बजारको समस्या, उचित मुल्यको अभाव आदि समस्याहरु पाइयो । ति समस्याहरु समाधान गर्नको लागि कृषि कर्जाको सहायतामा ऋण लिनुपर्ने कृषि कर्जाको लागि सरकारले सहायता प्रदान गर्नुपर्ने, व्यावसायिक केरा खेतीको लागि सरकारले आधारभूत एवम् प्रगतिमूलक तालिम प्रदान गर्ने व्यवस्था गर्नुपर्ने साथै सरकारले आयातित केरालाई प्रतिबन्ध गर्ने, मुल्य निर्धारण गर्ने, अनुदानको व्यवस्था गर्नुपर्ने जस्ता सुझावहरु दिइएको छ ।

भण्डारी (२०६९) द्वारा आलु खेतीको वर्तमान अवस्था र यसले शैक्षिक क्षेत्रमा पारेको प्रभाव शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस अध्ययनको नमुना आकार १०० घरधुरी रहेको छ भने यस अध्ययनको अध्ययन क्षेत्र काठमाण्डौ जिल्लाको बालुवा गा.वि.स. रहेको छ । उद्देश्यमूलक नमुना छनौट विधिको आधारमा नमुना छनौट गरिएको छ । तथ्यांक संकलनका लागि प्राथमिक र द्धितीय दुवै सोतको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रमा आलुको कुल उत्पादन ३,७९,९९० के.जि र प्रति के.जी मुल्य रु २० रहेको छ र जम्मा आम्दानी ७,५,९, ९८००० रहेको छ । अध्ययन क्षेत्रको नमुना छनौटमा परेको घरपरिवारमा ५३ जना निरक्षर १५० साक्षर, १०९ प्राविपास ६९ जना निमा.वि. पास, ८६० जना मा.वि. पास ४५ जना प्रमाणपत्र तह पास, ३५ जना स्नातक र १३ जना स्नातकोत्तर पास गर्ने रहेका छन् । आलु खेतीमा देखिएका समसयाहरुमा गुणस्तरीय विरुद्धको अभाव उन्नत जातको आलुको अभाव, रोग किराको बढ्दो प्रकोप रहेको छ । यि समस्याहरुको निराकरणको लागि उन्नत जातको

विउ विजनको व्यवस्था आलु भण्डारणकोव्यवस्था, आलुमा लाग्ने रोगको नियन्त्रणको लागि औषधीको व्यवस्था गर्नुपर्ने सुझाव दिएका छन् ।

चौधरी (२०७७) द्वारा माछापालन व्यवसायमा संलग्न कृषकहरुको लागत र आम्दानीको एक अध्ययनन शीर्षकमा शोधपत्र तयार पारिएको छ भने शुद्धोधन गाउँपालिका वडा नं. ७ रुपन्देहीलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । यस अध्ययनमा शुद्धोधन गाउँपालिका वडा नं ७ मा रहेका १० वटा माछा फर्महरु मध्ये सामान्य सम्भावनायुक्त नमुना छनौट विधि अन्तर्गत चिठा प्रणालीबाट २ वटा अर्थात् २० प्रतिशत वाट कृष्ण प्रसाद चौधरी फर्म र गोविन्द फर्मलाई लिइएको छ । प्राथमिक र द्बितिय तथ्यांङ्कको आधारमा तथ्यांक संकलन गरिएको छ उक्त तथ्यांकको विश्लेषण गर्नका लागि व्याख्यान र विश्लेषणनात्मक विधि अपनाइएको छ । कृष्ण प्रसाद चौधरी फर्म वि.स. २०६९ मा पोखरी निर्माणमा १,० ००० र कर रु ४५० लागत रहेको र गोविन्द फर्मको २०७२ सालमा पोखरी निर्माण लागत रु ७५००० र कर रु ३६० रहेको पाइयो २०७४ सालमा कृष्ण फर्मको स्थिर लागत १,००,४५०, कुल स्थिर लागत, २,००,९००, कुल परिवर्तनशिल लागत २८४,८२७.५ र कुल लागत ४,४९,७३७५ रहेको पाइयो । त्यसै गरी गोविन्ध फर्मको स्थिर लागत ७५,३६०, कुल स्थिर लागत १,५०,७२०, कल परिवर्तनशिल लागत १,८२,५३६.५ र कुल लागत ३,३३,२५६.५ रहेको पाइयो । कृष्ण फर्मले २०७४/२०७५ मा ५, ४० कि.ग्रा. ६, ०७६ किग्रा अर्थात कुल ११,४७५ कि.ग्रा. माछा उत्पादन गरेको जसमा प्रति किग्रा उत्पादन लागत ३९.१९ लागेको पाइयो यस फर्मले माछाको औषत मुल्य रु २४० र २५० का दरले प्रतिलाट रु १२, ९६०० रु १५, १८, ७५० रहेको पाइयो जसमा कुल नाफा रु २३, ६५, ०१२.५ रहेको पाइयो प्रतिकि.ग्रा नाफा रु २०६.१ रहेको पाइयो । त्यस्तै गरी गोविन्द फर्मको २०७४/२०७५ मा औषत मुल्य २.४० र २५० का दरले प्रतिबाट रु ९, ७२, ०० र रु १२, १२, ५०० कूल आय रु २१,८४,५०० रहेको पाइयो । जस्मा कूलनाफा रु २३, ६५, ०१२.५ रहेको फर्मको प्रति कि.ग्रा. नाफा रु २०६.६६ रकम प्राप्त गरेको पाइयो । लोक प्रियर र नाफामुलक व्यवसाय माछापालन गर्दा व्यवसायीलाई तालिमको अभाव समयमा उन्नत जातका माछाको भुरा नपाउने समस्या विभिन्न रोगको समस्या, लोडसेडिङ्ग जस्ता समस्या रहेको पाइयो ।

उपाध्याय (२०७६) द्धारा उखु खेतीको लागत लाभ विश्लेषणमा शोधपत्र तयार पारिएको छ । यस अध्ययनको क्षेत्र लम्कीचुहा नगरपालिका, कैलाली जिल्ला रहेको छ । यस अध्ययनको नमुना १ वटा फर्म रहेको छ । यस अध्ययनमा उद्देश्यमूलक नमूना छनौट विधिद्धारा नमुना छनौट गरिएको छ । यस अध्ययनमा तथ्यांक संकलनको लागि प्राथमिक र द्धितिय स्रोतहरु प्रयोग गरिएको छ । यस अध्ययनमा उखु फर्मको कूल स्थिर लागत रु २८, १४, ५२६.५ र कुल परिवर्तनशील लागत रु ५४, ६९, ७०९ गरी २०६३ २०६५ सालको लागत रु ८२, ८४, २३५.५ लागेको पाइयो । आँषत कूल लागत रु २६, ६१, ४११.८४ रहेको पाइयो यस फर्ममा २०७३ २०७५ सालको कुल नाफा रु ६१, ५५, ७६४.५ रहेको पाइयो । उखु फर्ममा २०६३ २०७५ सालको कुल नाफा रु ६१, ५५, ७६.४ रहेको पाइयो । उखु फर्मको व्यवसायिक कूल आय रु १४४, ४०, ०० मध्ये सबैभन्दा बढि ५७.३६ प्रतिशत त्यहि व्यवसायमा लागेको खर्च पाइयो भने शिक्षामा कुल आयको ६.७१ प्रतिशत खर्च गरेको पाइयो । उखु फर्ममा तालिमको अभाव, रोगको समसया, मृगको अभाव, बजारको समस्या, उचित मुल्यको अभाव लगायतका समस्याहरु पनि विद्यमान रहेको पाइयो । यस्ता समसया समाधानका लागि सरकारले आधारभूत एवम् प्रगतिमूलक तालिम प्रदान गर्ने रोग नियन्त्रणका लागि औषधी व्यवस्थापन गर्ने, उखुको मूल्य निर्धारण गर्ने सरल कर्जाको व्यवस्था गर्नुपर्ने सुझावहरु दिएको छ ।

हमाल (२०७०) द्धारा सुर्ति खेतीको लागत लाभ विश्लेषणमा शोधपत्र तयार पारिएको छ । यस अध्ययनको क्षेत्र महोतरी जिल्लामा रहेको छ । यस अध्ययनमा नमुना छनौटको रुपमा ४१ जना कृषक छनौट गरिएको पाइयो । उद्देश्यमूलक रुपमा छनौट गरिएको सुर्ति खेतीको बार्षिक लागत रु ३, २४, ५६, ६७० र बार्षिक आम्दानी रु ४५, ३०, ००० बार्षिक उत्पादन रु १५,४५, ६०० र बार्षिक बचत रु ३४, ६७,००० रहेको पाइयो । यस अध्ययनमा सिचाइँ सुविधाको अभाव, ऋणको अभाव, रोगको महामारी तालिमको अप्रयाप्तता जस्ता समस्याहरु सुर्ति खेतीमा रहेको पाइयो । उक्त स्थान सुर्ति खेतीको लागि उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । यसलाई आवश्यकता अनुरुप व्यवस्थित तालिम दिए उत्पादन बढाउन सकिने साथै ऋणको उपलब्धता गराउन सकिने भिन्ने सुझाव पाइयो ।

अर्याल, (२०७३) द्धारा कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण र यसले शिक्षा क्षेत्रमा पारेको प्रभाव शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस शोधपत्रको अध्ययन क्षेत्र

काठमाण्डौ जिल्ला कीतिपुर नगरपालिका वडा नं. ७ रहेको छ । यस  अध्ययननमा ९ वटा पोल्टिफार्महरु मध्ये १ वटा अर्थात ११.११ प्रतिशतलाई यस अध्ययननको नमुना आकारको रुपमा लिइएको छ भने उद्देशयमूलक रुपमा गरिएको छ । यस रमेश पोल्टि फार्ममा २०७० सालमा रु ५,००,००० बार्षिक १४ प्रतिशत ब्याजदरमा ऋण लिइ २, ५०० कुखुरा अट्ने खोट भाडामा लिइ शुरु गरिएको छ । यस फर्मको २०७१ सालमा कुल स्थिर लागत रु ३,६०, ००० कुल लागतका ९.३६ प्रतिशत कुल परिवर्तनशील लागतको ९०.६१ प्रतिशत कुल लागत रु ३८, ३६, १०० रहेको पाइयो । फर्मको २०७२ सालमा कुल स्थिर लागत रु ३, ७०, ०० कुल लागतका ८.३८ प्रतिशत कुल परिवतनशील लागत रु ३५, ७४, ०० कुल लागतको ९०.६२ प्रतिशत र कुल लागत रु ३९, ४४, ००० लागेको पाइयो । २०७१ सालमा यस फर्मको कुल आय रु ४८, ९७, ७५० रहेको २०७२ सालमा कुल आय रु ५३, ९९२५० रहेको पाइयो । भने बार्षिक नाफा २०७१ सालमा १०, ६०, ६५० र २०७२ सालमा रु ३, ९४, ६००० ले वृद्धि भएको पाइयो । यस कुखुरा पालन व्यवसायमा देखिएका समस्याहरु तालिमको अभाव, ऋणको अभाव, समयमा चल्ला नपाउने समस्या रोगको समस्या र रोग तथा महामारीको रहेको छन् । यसका सुझावहरु कुखुरापालन व्यवसायको लागि रोग तथा महामारीको बारेमा जानकारी तथा आवश्यक तालिमको व्यवस्था गर्नुपर्छ । समय समयमा कुखुरापालन व्यावसायीलाई आवश्यक गुणस्तरीय चल्ला तथा कुखुराको दाना उत्पादन गर्ने ह्माचरी फिड इन्डस्टि तथा भ्याक्सिन को व्यवस्था गर्नुपर्दछ ।

## २.३ साहित्य पूनरावलोकन अध्ययनको उपादेयता (Implication of the review of research)

उपरोक्त सम्बन्धित अध्ययनको पूनरावलोकनबाट यस अध्ययनको चयन भएको थियो । सम्बन्धित साहित्यहरुमा भएका विधि प्रक्रिया ढाँचा, उद्देश्य, निष्कर्षको अध्ययनको आधानरमा यस अध्ययनको उद्देश्य, ढाँचा, विधि, प्रक्रिया, निष्कर्ष तय गरिउको थियो । साथै सम्बन्धित अध्ययनले छुटाएका तथ्यको खोजी गरी अनुसन्धान गर्न मद्धत पुगेको थियो । तसर्थ सम्बन्धित साहित्य पुनरावलोकनको उपजको रुपमा यो “अंगुर खेतीको वर्तमान अवस्था, लागत र समस्या पहिचान” विषयको अध्ययन रहेको छ । यो एउटा काउले मिनयार्ड फर्मको अध्ययन भएता पनि अंगुर खेतीको वर्तमान अवस्था लागत र समस्या सँग सम्बन्धित रहेको छ । अध्ययनको सन्दर्भ स्रोतको रुपमा रहि मार्ग निर्देशनमा सघाउ


पुऱ्याउने छ । साथै वायन उद्योग, कृषि पर्यटन सँग सम्बन्धित अन्य अध्ययन, अनुसन्धान शोधखोजको सन्दर्भ स्रोत र मार्गदर्शकको रुपमा रहने छ । उद्योग तथा व्यवसायिको आर्थिक अवस्था लगानीको वातावरण खेतीमा देखिने समस्याहरुको खोजी गर्न, व्यवसायीक अंगुर खेतीको समस्या समाधानका उपायहरुको खोजी गर्न, विभिन्न किसिमका फर्म मार्फत स्थानिय स्तरमानै रोजगारी सृजना गर्न यस अध्ययनको उपादेयता रहनेछ । यसमा भएका तथ्याङ्क र अन्य अध्ययन अनुसन्धानको लागि आवश्यक तथ्याङ्कको द्वितीय स्रोतको रुपमा रहने छन् भने निष्कर्षबाट अन्य व्यवसायिक फलफुल खेतीको सामान्यीकरण गर्नमा उपयोगी हुनेछन् ।

## २.४अनुसन्धान अनन्तर (Research Gap)

पूर्व अध्ययन गरिएका अनुसन्धानमा च्याउ फर्म,माछापालन, कुखुरापालन,केरा र उखु खेतीलाई मात्र जोड दिएको पाइयो तर वर्तमान समयमा फस्टाउदै गरेको अंगुर खेतीलाई अध्ययनमा समेटन नसकेको पाइयो ।यही कारणले पनि मैले यस अध्ययनमा अंगुर खेतीको वर्तमान अवस्था र लागत लाभ विश्लेषणका लागि धादिङ्ग जिल्ला थाँके गाँउपालिका वडा नं.८ मा अवस्थित काउले भिनयार्ड फर्मलाई नमुना छनोट गरि व्याख्या विश्लेषण गरेको छु ।


## २.५ अवधारणत्मक ढाँचा (Conceptual Framework)

अल्पकाल यस्तो समयावधि हो, जसमा केहि साधनहरु जस्तै मेशिन, भवन आदि स्थिर रहन्छन् र उत्पादन बढाउनलाई परिवर्तनशिल साधनहरुलाई मात्र परिवर्तन गर्न सकिन्छ । जस्त कच्चापदार्थ, श्रम आदि ।दीर्घकालमा सबै साधन परिवर्तनशिल हुन्छन् । उत्पादन बढाउन मेशिन लगायत सबै साधनलाई परिवर्तन गर्न सकिन्छ ।यसैका आधारमा अल्पकाल लागतलाई अल्पकालिन र दीर्घकालिन लागतमा विभाजन गरेको पाइन्छ । अध्ययनसंग सम्बन्धित अवधारणात्मक ढाँचा लाई निम्नानुसार प्रस्तुत गरिएको छ ।




स्रोत भोला,(२०७३)

## २.६ कार्यात्मक ढाँचा(Functional Framework)



# अध्याय : तीन(CHAPTER THREE)

## अनुसन्धान विधि र प्रक्रियाहरु( RESEARCHMETHODS AND PROCEDURES)

कुनै पनि अनुसन्धान उद्देश्य प्राप्तीका लागि आवश्यकता अनुसार विभिन्न विधि र प्रक्रियाको प्रयोग गरिएको हुन्छ । यसमा खासगरी अनुसन्धान  ढाँचा, नमुना छनौट तथ्यांङ्क संकलनका साधन, तथ्यांक संकलन प्रकृया र तथ्यांङ्क विश्लेषण जस्ता बिषयहरु उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा(Research Design )

धादिङ जिल्ला थाक्रे गा.पा. वडा नं. ८ कोउलेमा अवस्थित यस काउले भिनयार्ड आर्थिक अवस्थाको अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथ्यांक संकलन सम्बन्धीत अंगुर फर्ममा गई फर्मको व्यवस्थापक कार्यरत कर्मचारीलाई नमुना छनौटको गरी अन्तर्वार्ता, प्रश्नावली र अवलोकनको माध्यमबाट सूचनाहरु संकलन गरिएको छ । द्वितिय तथ्यांक संकलन व्यवसायिक अंगुर खेतीका बिषयमा प्रकाशित तथा अप्रकाशित स्रोतबाट तथ्यांक संकलन गरी विश्लेषण गरिएको छ । यस अनुसन्धानमा अनुसन्धान ढाँचा मिश्रित किसिमको हुनेछ र तथ्यांकलाई तालिकिकरण स्तम्भ चित्रहरुको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

### ३.२ तथ्यांकको स्रोत(Source of Data)

यस अध्ययनमा तथ्यांङ्क संकलनको लागि प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्यांक संकलन गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### ३.२.१. प्राथमिक स्रोत(Primary Source)

यस अध्ययनमा प्राथमिक तथ्यांक संकलनका स्रोतहरु का रुपमा सम्बन्धीत व्यवसायिक अंगुर खेतीका संचालक तथा कामदारहरु रहेका छन् र प्राथमिक तथ्यांङ्क संकलन उक्त व्यवसायको संचालक तथा कामदारहरुबाट अध्ययन सँग सम्बन्धीत विषयवस्तुको बारेमा जानकारी लिइएको छ ।

### ३.२.२ द्वितीय स्रोत(Secondary Source)

द्वितीय तथ्यांक संकलन कृषि तथा सहकारी मन्त्रालय, कृषि सूचना तथा प्रशिक्षण केन्द्र, राष्ट्रिय फलफूल तथा विकास केन्द्र, विभिन्न अनलाइन विकीपिडिया र यस फर्मका प्रकाशित तथा अप्रकाशित स्रोतबाट तथ्यांक संकलन गरिएको छ ।

## ३.३ जनसंख्या नमुना र नमुना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy)

### ३.३.१ जनसंख्या(Population)

यस अध्ययन धादिङ जिल्लाको थाक्रे गा.पा.वडा नं. ८मा संचालित काउले भिनयार्डका संचालक तथा सम्पूर्ण कामदारहरु यस अध्ययनका लागि जनसंख्या मानिएको छ ।

### ३.३.२ नमुना आकार (Sample Size)

यस अध्ययनको क्षेत्र धादिङ जिल्लाको थाक्रे गाउँपालिकालाई लिइ यस अध्ययनको उद्देश्य बमोजिम अनुसन्धानकर्तासँग समय आर्थिक लगानी र आवश्यक जनशक्तिको अभावका कारण निश्चित मात्रा तथा जनसंख्यालाई नमुनाको रुपमा छनौट गरिएको छ । यस काउले भिनयार्डलाई मात्र अध्ययनमा समावेश गरी यस फर्मका संचालक तथा कामदारलाई नमुनाको रुपमा लिइएको छ ।

## ३.४ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

यस अध्ययनमा धादिङ जिल्ला थाँक्रे गा.पा. मा अवस्थित काउले भिनयार्डलाई लिइएको हुँदा यस अध्ययनको क्षेत्र धादिङ जिल्ला थाँक्रे गाउँपालिका राखिएको छ ।

## ३.५ तथ्यांक संकलनका साधनहरु (Tools of data Collection)

तथ्यांक संकलनको लागि विभिन्न साधनहरु जस्तै : प्रश्नावली, अभिवृत्ति स्केल अर्न्तवार्ता अनुसूची, रुजुसूची तथा रेटिङ स्केल मध्ये अध्ययनलाई उपयोगी हुने निम्न साधनहरु प्रयोग गरिएको छ ।

### ३.५.१ प्रश्नावली(Questionnaire)

यस अध्ययनलाई पूर्णता दिनका लागि संरचित तथा असंरचित प्रश्नावलीको प्रयोग गरिएको छ। मख्य उत्तरदाताको रुपमा काउले भिनयार्ड संग सम्बन्धित उद्यमी तथा श्रमिकहरु रहेका छन् । मुख्य उत्तरदातालाई सोधिने प्रश्नहरु र व्यवसायी तथा कामदारलाई सोधिने प्रश्नहरु अनुसूची १,२ र ३ मा राखिएको छ ।

### ३.५.२अवलोकन सूची(Observation list)

अध्ययनको उद्येश्य पूरा गर्नाका लागि अनुसन्धान कर्ता स्वयंम अंगुर खेती गरिएको स्थानमा गई अंगुर फर्मको विद्यमान अवस्था, लागत,प्रतिफल, अंगुर फर्मका विद्यमान समस्या र समाधानका उपायहरुको अवलोकन गरियो ।अवलोकन सूची सम्बन्धि विवरणहरु अनुसूचीमा राखिएको छ

### ३.५.३ छलफल निर्देशिका (Disscussion Gide)

यस अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी रुपमा तथ्यमा आधारित भइ पूर्णता प्रदान गर्न अनुसन्धान कर्ता र नमुना छनोटमा परेका अंगुर खेतीका व्यवसायी, श्रमिक संग उक्त खेतीका समस्याहरु र तिनकासमाधानका उपायहरु पत्ता लगाउनका लागिनिर्देशिका तयार गरि लक्षित समूह छलफल सञ्चालन गरियो ।

## ३.६ तथ्यांक संकलनका प्रविधिहरु(Techniques of Data Collection)

यस शोधपत्र अध्ययनको प्रारम्भिक छनोट पश्चात अध्ययनलाई पूर्णता दिनका लागि निम्नानुशारका तथ्यांक संकलन प्रविधिहरु प्रयोग गरिएको छ ।

### ३.६.१अर्न्तवर्ता(Interview)

अध्ययनमा आवश्यक प्राथमिक तथ्यांक संकलनका लागि प्रविधिको रुपमा प्रत्यक्ष व्यक्तिगत अर्न्तवर्तालाई प्रयोग गरि शोही आधारमा जनपाल थापा द्वारा सञ्चालित अंगुर खेतीका उद्यमी तथा श्रमिकहरु संग शोधकर्ता स्वयं उपस्थित भइ प्रत्यक्ष रुपमा भेटघाट गरि संरचनात्मक तथा आवश्यकता अनुशार प्रश्नावली मार्फत अर्न्तवर्ता लिइएको छ ।

### ३.६.२ प्रत्यक्ष आवलोकन(Direct Observation)

यस अध्ययनको उद्येश्य पूरा गर्न अनुसन्धानकर्ता स्वयंको उपस्थितिमा विषयसंग सम्बन्धित केहि प्रश्नहरु शोधिएको छ । जसमा अंगुर खेतीको वर्तमान अवस्था, लागत, आय, उत्पादन, समस्या र समाधानका उपायहरु अदिको बारेमा प्रत्यक्ष छलफल गरियो ।

### ३.६.३ लक्षित समूह छलफल ( Focus Group Discussion)

यस अध्ययनको उद्येश्य पूरा गर्नका लागि अनुसन्धानकर्ता स्वयं उपस्थिति भइ अंगुर खेतीमा आवद्ध श्रमिकहरु र व्यवसायीलाई समावेश गरि छलफल सञ्चालन गरियो । छलफलमा अंगर खेती कतिसालवाट शुरु भएको हो ? अंगुर खेतीको वार्षिक आम्दानी कति हुन्छ ?अंगुर खेतीमा लागत कति लाग्यो ?आदि प्रश्नहरु बारे छलफल गरिएको छ ।

### ३.७ तथ्यांक विश्लेषण प्रक्रिया

यस अध्ययनबाट संख्यात्मक र गुणात्मक दुवै किसिमका तथ्याङ्क प्राप्त गरिएको छ । उपलब्ध तथ्यांकको प्रकृति हेरी आवश्यकता अनुसार तालिकीकरण वृत्तचित्र, स्तम्भचित्र आदिको माध्यमवाट प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ भने गुणात्मक रुपमा प्राप्त तथ्यांकलाई वर्णात्मक रुपमा प्रस्तुत गरिएको छ ।

### ३.८ नीतिगत प्रावधान (Ethical Consideration)

यस अध्ययनका क्रममा आवश्यक सुचना तथा तथ्यांक संकलन गर्नका लागि अर्न्तवार्ता लिदा अर्न्तवार्ता लिने व्यक्तिहरु संग अनुमति लिइएको छ । उनिहरुवाट प्राप्त सुचनालाई गोपनिय राखिनुको साथै प्राप्त तथ्यांकलाई घटबढ नगरी जस्ताको त्यस्तैराखिएको छ । अर्न्तवार्ताको क्रममा उनिहरु संग घनिष्ट सम्बन्ध राखिएको छ । उनिहरुवाट आएको उत्तरमा अध्ययनकर्ताले कुनै किसिमको प्रतिक्रिया नदेखाइ सूचना तथा जनकारी प्राप्त गरेको छ । यसरी प्राप्त सूचना तथा तथ्यांकलाई यस अध्ययनको उद्येश्य पूरा गर्नको

निमित्त मात्र प्रयोग गरिएको छ । यस अध्ययनमा पनि सरोकारवाला व्यक्तिसंग अनुमति लिइ उनिहरुलाई विश्वासमा लिइ प्राप्त सूचनालाई गोपनियतामा राखी अध्ययनलाई अघि बढाइएको छ ।

# अध्यायचार (CHAPTER FOUR)

# तथ्यांकको विश्लेषण र प्रस्तुतीकरण

# (ANALYSIS AND INTERPRETATION OF DATA)

तथ्यांक संकलनका विभिन्न विधी र प्रक्रियाहरूको अवलम्बन गरी तथ्यांकहरू संकलन गरिसके पछि । विभिन्न तथ्यांकलाई अध्ययनमा प्रस्तुत गरिएको छ । विभिन्न स्रोतबाट संकलन गरिएको तथ्यांकबाट स्पष्ट सूचना र मार्गचित्र प्रस्तुत गर्नको लागी तथ्यांकको विश्लेषण महत्वपूर्ण चरण हो । यस अध्ययनलाई पूरा गर्नको लागि विभिन्न स्रोतबाट प्राप्त तथ्यांकको आधारमा विभिन्न बुँदाहरूमा विभाजन गरि निम्नानुशार प्रस्तुत गरिएको छ ।

## ४.१ धादिङ्ग जिल्लाको परिचय (Introducation of Dhading District)

धादिङ जिल्ला नेपालको बाग्मती प्रदेश अन्तर्गत बाग्मती प्रदेशको उत्तर पश्चिममा अवस्थित छ । उत्तरमा तिब्वत देखी दक्षिणमा महाभारत पर्वतमाला सम्म फैलिएको यो नेपालको एकमात्र लामो जिल्लाको रुपमा परिचित छ । यस जिल्लाका अधिकांश भु-भाग पहाडले ढाकिएको छ प्रसिद्ध गणेश हिमालको काखमा रहेको धादिङजिल्लामा बुढी गण्डकी, त्रिशुली, आँखु, थोपल खोला मुख्य नदिहरू, गंगाजमुना झरना, झर्लाङ्को तातोपानी मूल गुप्तेश्वर र चमेरा गुफा जस्ता गुफाहरू, विन्दुकेशर मण्डलीमाई, सल्यान कोटमाई जस्ता धार्मिक स्थलहरू, सल्यानटार, विशालटार जस्ता फाँटहरूको प्राकृतिक मनोरम दृश्यहरूका कारण यस जिल्लाको सुन्दरता थपिएको छ । कालु पाण्डे राजमार्गको धादिङमलेखु खण्ड र पृथ्वी राजमार्गको मलेखु नौविसे खण्ड हुदै त्रिभुवन राजपथको नौविसे काठमाडौं खण्डले जिल्ला सदरमुकाम निलकण्ठ नगरपालिका र केन्द्रिय राजधानीधादिङलाई जोडेको छ । यस जिल्लाको सदरमुकाम धादिङबेसी केन्द्रिय राजधानीबाट ८८ कि.मी. उत्तर तर्फ पर्दछ ।

प्रकृतिक मनोरम दृश्यले सजिएको यस जिल्लाको पूर्वमा रसुवा, नुवाकोट, काठमाडौँ पश्चिममा गोरखा, उत्तरमा तिब्वत, रसुवा र दक्षिणमा मकवानपूर, चितवन जिल्ला संग सिमाना जोडिएको छ । यस जिल्लाको जम्मा क्षेत्रफल १९२४.९ वर्ग कि.मी. छ । राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा अनुसार देशको कुल जनसंख्याको १.४६ प्रतिशत

जनसंख्या रहेको यो जिल्लामा तामाङ्ग जातिको बाहुल्यता रहेको छ । यस जिल्लामा मानिसहरूको मुख्य पेशा कृषि नै हो ।

### ४.१.१ धादिङ जिल्लाको नामकरण(Naming List of Dhading District)

धादिङ् नेपालका पिछडीएको जातीहरूको एक जाति (प्रजा)चेपाङको बसोवास रहेको जिल्ला हो । चेपाङहरूले ज्वालामुखीलाई देवता मान्ने गर्दछन् । चेपाङको भाषामा “धा” भनेको देवता “दिङ” भनेको आगोको ज्वाला भन्ने हुन्छ । चेपालङहरू पहिले देखि यहाँ बसोवास रहेको र ज्वालामुखी देविको मन्दिर पनि यस जिल्लामा रहेकोले चेपाङ भाषाबाट नै यस जिल्लाको नाम धादिङ रहेको हो भन्ने जनश्रती रहेको पाइन्छ ।

### ४.१.२ भैगोलिक स्वरुप (Geographical Situation)

देशको संघिय संरचना पछि धादिङ जिल्लालाई हिमाली जिल्लामा छुट्याईएको छ । विश्व मान चित्रमा २६ डिग्री ४० मिनेट देखि २८ डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८४ डिग्री ३५ मिनेट देखि ८० डिग्री १७ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको धादिङ जिल्ला समुद्रि सतहबाट ३०० मिटर (जोगिमारा) देखि ७११० मिटर (पाविल हिमाल) सम्मको उचाईमा अवस्थित छ ।

### ४.१.३ जिल्लाको जनसाङ्ख्यिकीय अवस्था(Population Status Of Dhfading District )

२०७८ सालको जनगणना अनुसार धादिङ जल्लाको जनसंख्या ३ लाख २२ हजार ७ सय ५१ जना रहेको छ । जसमा १ लाख ५७ हजार ५ सय ४४ जना पुरुष रहेको छ । धादिङ जिल्लाको जनसंख्या वृद्धिदर ०.३९ प्रतिशत रहेको छ । त्यस्तै जम्मा घरपरिवारको औषत संख्या ३.८२ प्रतिशत रहेको छ। भने जनघनत्व १६८ प्रतिशत रहेका छ ।

### ४.१.४ प्रशासनिक विवरण (Administrative Deseriptoin)

धदिङ जिल्लाको राजनैतिक तथा प्रशासनिक विभाजनलाई हेर्दा निर्वाचन क्षेत्र २ वटा र गाउँ पालिका ११ वटा रहेका छन् ।

### ४.१.५ हावापानी (Climate)

धदिङ जिल्लामा समउष्ण (२८-३० डिग्री सेन्टिग्रेड) समशितोष्ण (२० डिग्री सेन्टिग्रेड) शितोष्ण (३-१० डिग्री सेन्टिग्रेड) हावापानी पाइन्छ । जिल्लाका होचो र समथर भु-भागहरू सल्यान्टार त्रिपुरेश्वर र पृथ्वी राजमार्गका वरपर इलाका अर्थात् बेशी र टारहरूमा समउष्ण हावापानी पाइन्छ । मध्ये भागका पहाडी भु-भागहरू नलाङ, सलाङ,मैदि, चैनपूर, ढोला, जीवनपूर, केवलपूर, ज्यामरुङमा समशीतोष्ण हावापानी पाईन्छ । दार्खा, सत्यदेवी, री फूलखर्क गूम्दी, बसेरी, सेमजीङ, कटुन्जे त्यस्तै जिल्लाको उत्तरी क्षेत्र हिमालय पर्वत श्रङ्खलाको काखमा लापा, तिप्लिङ् र सेतुङ्मा अल्पाइन हावापानी पाइन्छ । यस क्षेत्रको औषत तापक्रम १० डिग्री सेल्सियस भन्दा कम हुने गर्दछ । त्यसैगरि गणेश हिमालको फेदिमा आर्कतिक चिसो हावापानी पाईन्छ । यस क्षेत्रमा औषत तापकम ० डिग्री सेलसियस भन्दा कम हुने गर्दछ ।

## ४.२ थाँक्रे गाउँपालीकाको परिचय (Introduction of ThakreMunicipality)

नेपालको ७७ जिल्लाहरू मध्ये धादिङ जिल्ला भित्र पर्ने थाँक्रे गाउँपालिका देशको ४७० गाउँपालिका मध्ये एक ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, सामाजिक शैक्षिक एवम् राजनैतिक महत्व वोकेको एक गाउँपालिका हो तसर्थ यसको परिचय प्रस्तुत गर्नका निमित्त माथीको शिर्षकलाई तलको उपशीर्षकमा वाडेर हेर्नु राम्रो हुन्छ ।

### ४.२.१ ऐतिहासिक विवरण (Historical Description)

थाँक्रेगाउँपालिका साविकको थाँक्रे गा.वि.स.को नामवाट नामाकरण गरिएको छ । जसमा साविकको गा.वि.स. (गोगनपानी, केवलपूर, थाँक्रे, तसर्पू, भुमेस्थान मिलेर) संघियता लागु भएपछि बनेको थाँक्रेगाउँपालिका को ऐतिहासिक पृष्ठभुमि हेर्दा यस गाउँपालिकाको वाटो भएर भारी वोक्ने भरियाहरू मकवानपुरको भिमफेदी देखि धादिङ सम्म यहाँवाट ओहोरदेहोर गर्ने र तिनिहरूलाई ढाँक्रे भन्ने गरिन्थ्यो ढाँक्रेहरू यस गाउँपालिकाको आसपासका ठाँउहरूमा थकाईमार्ने गर्दथे ढाँक्रेहरूले थकाईमार्ने ठाँउ अपभ्रंश भएर थाँक्रेरहन गएको एकथरी जनश्रुती पाइन्छ । भने अर्कोथरी जनश्रुती अनुसार थाँक्रे गा.वि.स.को कालिकास्थान आसपासका क्षेत्रमा चिलाउनेको रुखहरू रहेको र ती काठहरूको पात झरेको वेला

पारीकेवलपुरवाट हेर्दा तरकारी मा लगाइने थाँको जस्तो देखिने भएकोले यस ठाँउको नाम थाँक्रे रहन गएको हो ।

जनसंख्या र भूगोल दुवै आधारमा धादिङ जिल्ला कै ठूलो गाउँपालीका हो धाक्रेगाउँपालिका जुन धादिङ बाट ३० किलोमिटरको दुरीमा पर्दछ । देशकै पहिलो राजर्मार्ग त्रिभुवन राजपथ र पृथ्वी राजमार्ग दुवै यस गाउँपालीका हुदै अघि बढेको छ । थाँक्रेगाउँपालीकाको अधिकांश भु-भाग दक्षिण मोहडा फर्केको भएतापनि पूर्व, पश्चिम, उत्तर र दक्षिण सवै तिर फर्किएको भु-वनौट पाइन्छ । यस गाउँपालीका महाभारत श्रङ्खलाको एक खण्ड भएकोले उच्च भागहरूमा ढुङ्गा तथा वलौटे माटोहरू र वेशी तिर रातो पाँगो माटो पाइन्छ । जुन चिम्टाइलो रहेको छ ।

### ४.२.२ भौगोलीक स्थिति (Geographical Situation)

थाँक्रेगाउँपालीका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार वाग्मती प्रदेश (३) अन्तरगर्त धादिङ जिल्लाका १३ स्थानिय तहहरू मध्ये एक पदर्छ । भौगोलिक हिसावले ८५°५९'४७" देखि ८५°८'३४" पूर्व देशान्तर सम्म र २७°४१'२६" देखि २७°४७'३" उत्तरी अक्षंश सम्म फैलिएर प्राकृतिक मनोरम संरचना सहित मध्य पहाडी क्षेत्रमा अवस्थित छ । समुन्द्रि सतहबाट ४९० मिटर दखि २२०० मिटरको उचाईमा फैलिएको छ । १०२.७१ र्वा कि.मी. क्षेत्रफलमा रहेको यस गाउँपालिकाको पूर्वमा धुनिवेशी नगरपालीका, पश्चिममा गल्छी गाउँपालीका, उत्तरमा नुवाकोट जिल्ला र दक्षिणमा मकवानपूर जिल्ला रहको पहाडी क्षेत्रमा पर्ने यस गाउँपालीकाको आगरा, महेश, गणेश मुख्य खोलाहरूले कृषि अर्थतन्त्रको आधार बनाएको छ ।

### ४.२.३ जनसङ्ख्यकीय विवरण (Demographic Situation)

वि.सं. २०६८ सालको एघारौं जनगणना अनुसार थाँक्रेगाउँपालीका को कुल जनसंख्या ३२,९७९ रहेको छ । यस गाउँपालीकाको कुल जनसंख्या मध्ये पूरुषको जनसंख्या १६,०५३ रहेको छ । भने महिलाको जनसंख्या १६,८६१ रहेको छ । यस गाउँपालीकामा ६,९२७ घर परिवारको बसोवास रहेको छ ।

### ४.२.४सामाजिक विशेषताहरु (Social Feature)

थाँक्रे गाउँपालीकामा विशेषगरी तामाङ् जातिको वाहूल्यता रहेको छ । यस वाहेक ब्राहमण, क्षेत्री, नेवार, भुजेल, चेपाङ् र अन्य जातजातिको पनि बसोवास रहेको छ । थाँक्रेगाउँपालीकाको जातिय स्वरुपलाई तलको तालिका र चित्रमा प्रस्तुत गरिएको छ ।

**तलिकानं.१**

**थाँक्रेगाउँपालीका वसोवास गर्ने जातजातिहरू**

| क.सं. | जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | तामाङ | १०,९५३ | ३६ |
| २ | क्षेत्री | ७,०७० | २३.८ |
| ३ | ब्राहमण | ४,८८१ | १६.५ |
| ४ | मगर | १,०९२ | ३.७ |
| ५ | कामी | १,०७६ | ३.६ |
| ६ | राई | ९२३ | ३.१ |
| ७ | नेवार | ८७० | २.९ |
| ८ | घर्ती (भुजेल) | ५५६ | १.९ |
| ९ | दमाई | ५१७ | १.७ |
| १० | चेपाङ् | ४५६ | १.५ |
| ११ | सार्कि | २६८ | ०.९ |
| १२ | अन्य | १,०३१ | ०.३५ |
| जम्मा | | २९,७२७ | १०० |


स्रोत: घरधुरी तथ्यांक संकलन, २०७६

तलिका नं.१ मा थाँक्रेगाउँपालीका प्रमुख जातिहरूको विवरणलाई देखाएको छ । जसमा तामाङ् १०,९५३ अर्थात् ३६.० क्षेत्री ७,०७० अथार्त २३.८ प्रतिशत ब्राहमण ४,८८१ अथार्त १६.४ प्रतिशत, मगर १,०९२ अथार्त ३.७ प्रतिशत, कामी १,०७६ अथार्त ३.६प्रतिशत,राई

९२३ अथार्त ३.१ प्रतिशत, नेवार ८७० अथार्त २.९ प्रतिशत, राई ९२३ अथार्त ३.१ प्रतिशत,नेवार ८७० अथार्त २.९ प्रतिशत, घर्ती (भुजेल) ५५६ अथार्त १.९ प्रतिशत, दमाई ५१७ अथार्त १.७ प्रतिशत,चेपाङ् ४५६ अथार्त १.५ प्रतिशत, सार्कि २६८अथार्त ०.९ प्रतिशत, अन्य १,०३१ अथार्त ०.३५ प्रतिशतरहेको छ जसमा ३४ जना अथार्त ०.१ प्रतिशत व्यक्ति तथ्याँकमा उल्लेखगरिएको छ ।

**चित्र नं. १**

**थाँक्रे गाउँपालीका वसोवास गर्ने जातजातिहरू**




थाक्रे गाउँपालिका मुख्य गरी ब्रामण, तामाङ् क्षेत्री, नेवार, चेपाङ् जातिहरूको बसोवास रहेको हुँदा भाषिक विविधता रहेको पाइन्छ । यस गाउँपालिका आ-आफ्ना मातृभाषा वोल्नेहरू पनि सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी वोल्ने र वुझ्ने गरेको पाइन्छ । संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मौलिक हकका रुपमा स्थापित गरेको र धारा ३१ को शिक्षासम्बन्धी हकको उपधारा ५ वमोजिम “नेपालमा वसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन वमोजिम आफ्नो मातृभाषा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ” भनी स्पस्ट किटान गरिएको अनुसार तामाङ् वा अन्य आफ्नो मातृभाषा पढ्न चाहने विद्यार्थीलाई गाउँपालिकाले विशेष व्यवस्थ ागर्न सक्ने प्रावधान रहेको छ । थाँक्रेगाउँपालीकामा वोलिने प्रमुख भाषालाई तालिका ४.२ र बृत्त चित्र मा प्रस्तुत गरिएको छ ।

## तलिका नं. २

## थाँक्रेगाउँपालिकामा वोलिने प्रमुख भाषाहरू २०७६


| क.सं. | प्रमुख भाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २०,६४७ | ६९.५ |
| २ | तामाङ् | ८,५७५ | २८.८ |
| ३ | मगर | १३९ | ०.५ |
| ४ | नेवार | ९५ | ०.३ |
| ५ | अन्य | २७१ | ०.३ |
| जम्मा | | २९,७२७ | १०० |

स्रोत: घरधुरी तथ्यांक संकलन, २०७६

तलिका नं.२ मा थाँक्रेगाउँपालीका वोलिने प्रमुख मातृभाषाहरूलाई देखाईएको छ । जसमा नेपाली भाषा वोल्ने सवैभन्दा बढि अर्थात् २०,६४७ (६९.५%) रहेको देखिन्छ । तामाङ् भाषा वोल्नेहरूको संख्या ८,५७५ (२८.८%) रहेको छ । त्यसैगरी मगर, नेवार र अन्य भाषा वोल्नेहरू क्रमश १३९ (०.५%), ९५ (०.३%), २७१(०.३%) रहेको छ ।

## चित्र नं. २

## थाँक्रेगाउँपालिकामा वोलिने प्रमुख भाषाहरू २०७६



## ४.२.५ धार्मिक तथा सांस्कृतिक स्वरुप (Nature of Religion and Culture)

थाँक्रे गा.पा.मा विभिन्न समुदायमा मानिसहरूको वसोवास रहेको छ । उनिहरूका आ-आफ्नै धार्मिक तथा अध्यात्मिक विश्वास, चालचलन र रितिरिवाजहरू रहेका छन् । सांस्कृतिक रुपमा पनि यी विविध जातजातिहरूको आ-आफ्नै जातीय तथा धार्मिक संस्कार अनुरुपका चाडपर्वहरू मनाउने परिपाटि रहेको छ । उक्त धार्मिक स्वरुपलाई तल तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**थाँक्रे गाउँपालीकाको धार्मिक स्वरुप**


| क.सं. | धर्म | जनसंख्या | प्रतिशतमा |
|---|---|---|---|
| १ | हिन्दु | २३,२३८ | ७८.१७ |
| २ | वौद्ध | ५,६७२ | १९.०८ |
| ३ | त्रिश्चियन | ६२९ | २.१२ |
| ४ | इश्लाम | १५३ | ०.५१ |
| ५ | किराँत | २५ | ०.०८ |
| ६ | अन्य | १० | ०.०३ |

स्रोतः गाउँपालीका घरधुरी सर्वेक्षण, २०७६

तलिका नं.३ मा थाँक्रे गाउँपालीकाको धार्मिक स्वरुपलाई देखाइएको छ जसमा हिन्दु धर्म मान्ने २३,२३८ अर्थात्७८.१७वौद्ध धर्म मान्न ५,६७२ अर्थात्१९.०८ प्रतिशत,क्रिश्चियन धर्म मान्ने ६२९ अर्थात् २.१२ प्रतिशत,इश्लाम धर्म मान्ने १५३ अर्थात् ०.५१ प्रतिशत,किराँत धर्म मान्ने २५ अर्थात् ०.०८ प्रतिशत र अन्य धर्म मान्ने १० जना अर्थात् ०.०३ प्रतिशत जनसंख्या रहेको छ ।

चित्र नं. ३

## थाँक्रे गाउँपालीकाको धार्मिक स्वरुप




### ४.२.६ पूर्वाधारको अवस्था (**Situation of Infrastructures**)

जनता खुसी र सुखी हुन विकाश र सम्वृद्धि अपरिहार्य हुन्छ। थाँक्रेगाउँपालीकाको पूर्वाधारको अवस्थालाई तल विभिन्न उपशिर्षकहरूमा उल्लेख गरिएको छ।

#### १. स्वास्थ्य (**Health**)

थाँक्रेगाउँपालिकामा जनताको लागि स्वास्थ्य सेवा प्रदान गर्न आधारभूत स्वास्थ्य केन्द्र ६ वटा, स्वास्थ्य चौकी ५ वटा, वर्थिङ् सेन्टर ५ वटा रहेको छ। अहिले सम्म यस गाउँपालिकामा कुनै पनि अस्पताल रहेको छैन स्वास्थ्य चौकिबाट उपलब्ध सेवा वाहेक अन्य स्वास्थ्य सेवाका लागि यहाँका वासिन्दा नजिकमा सुविधा सम्पन्न अस्पताल तथा राजधानी धादिङ जाने गरेका छन् । यसरी हेर्दा जनताले आवश्यकता अनुसारको स्वास्थ्य सुविधा पाउन सकेको देखिदैन भने स्वास्थ्य चौकीमा पर्याप्त स्वास्थ्यकर्मी तथा आवश्यक भौतिक पूर्वाधार नहुँदा स्वास्थ्य सेवा सम्बन्धी समस्या भेल्नुपर्ने वाध्यता रहेको छ।

#### २. पिउने पानी (**Drinking Water**)

थाँक्रेगाउँपालिकामा रहेका ६,३१६ घरपरिवारहरू मध्ये धारा, पाइप मार्फत आपूर्ति गरिएको पानी पिउनको संख्या ६,९७६ अर्थात् ९५.३५ प्रतिशत भएकाले समन्यतया धेरैजसो घरपरिवारले धारा पाइपको पानी पिउने गर्दछन भन्न सकिन्छ। दोस्रोमा मूलधाराको पानी

पिउने परिवारको संख्या १५६ अर्थात् २.१४ प्रतिशत रहेका छन् । गाउँपालिकाका ९१.४ प्रतिशत घरपरिवारले पानीको शुद्धिकरण विनै सिधै पिउने गरेको पान्इछ, त्यस्तै पानी उमालेर पिउने २.२ प्रतिशत फिल्टर गरी पिउने ६.२ प्रतिशतले पिउने गरेको पाइन्छ । थाँक्रेगाउँपालिकामा संञ्चालित खानेपानी आयोजनहरूले भने नागरिकहरूलाई खानेपानीको सहज आपूर्तिको लागि पर्याप्त काम गरेको देखिन्छ । जस अनुरुप पानीको समस्या भएको वडाहरूमा चालु आर्थिक वर्ष देखि शुरु गरिएको एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइरहेको छ ।

## ३. सरसफाई (Sanitation)

शहरी करण सँगै बढ्दो जनसंख्या र त्यसले उत्पन्न फोहोरमैलाले शहरलाई नै प्रदुषित गर्दछ । थाँक्रेगाउँपालिकामा धेरै जसो पहाडी भु-भाग भएको र गाउँपालिकाले हालसम्म फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्य अगाडी नवढाएको कारण यस गाउँपालिकामाको जनताले आफै फोहोरमैला व्यवस्थापन गरिरहेका छन् । गाउँपालिकाको कुल घरपरिवार मध्ये ३९.४ प्रतिशतले कम्पोष्ट मल बनाउने, २०.८ प्रतिशतले नदि वा खोल्सामा फाल्ने, १८.१ प्रतिशतले फोहोर आफ्नो कम्पाउण्ड भित्र थुर्पाने वा गाड्ने गरेको, १७.६ प्रतिशतले आफ्नै कम्पाउण्ड भित्र वाल्ने गरेको पाइन्छ ।

## ४. विद्युततथा सञ्चार (Electricity and Communication)

थाँक्रेगाउँपालिकामा ९८ प्रतिशत घरधुरीमा विद्युत सेवा उपलब्ध छन् । ०.६ प्रतिशतले सोलार १.२ प्रतिशतले मट्टितेल प्रयोग गरिरहेका छन् । त्यस्तै ६८.८ प्रतिशतले खानापकाउने इन्धनको रुपमा काठदाउराको प्रयोग ३०.६ प्रतिशतले एल.पि. ग्याँसको प्रयोग र वाँकीले मट्टितेल, विद्युत गोवर ग्याँस प्रयोग गरिरहेका छन् । भने सञ्चार क्षेत्रमा एन.सी.एल र एन.टि.भि. मोवाइल टावर र्माफत टेलिफोन, इनटरनेट तथत मोवाइल सेवा उपलब्ध भएको छ । यस गाउँपालिकामा मोवाइलफोन प्रयोग कर्ता ६,७२९, रेडियो प्रयोग गर्ने घरपरवार संख्या ३,६४१, टेलिफोन प्रयोग गर्ने घरपरिवार संख्या ३,६४३ र इनटरनेटको सुविधा ३,२३५ घरधुरीले प्रयोग गरेको पाइन्छ । गाउँपालिकाको केवलपूर हाप्सेचौर र सिम्लेमा अतिरिक्त हुलाक सेवा सञ्चालनमा रहेको छ ।

## ५. सुरक्षा (**Security**)

मनव जिवनको आधारभूत आवश्यकताका साथै सुरक्षा पनि विकाशको पूवाधार हो । थाँक्रेगाउँपालिकामा सुरक्षा व्यवस्था राम्रो रहेको पाइन्छ । यहाँमा महादेववेशीमा प्रहरी चौकी एक र अस्थाई प्रहरी चौकी सिम्लेर हाप्सेचौरमा गरी दुई वटा रहेका छन् जसले गाउँपालिकामा भएका आपराधिक कार्यहरू नियन्त्रण गरी सुरक्षाको प्रत्याभूति दिने गर्दछ ।

## ६. सडक (**Road**)

पूर्वाधार विकासमा सवैभन्दा महत्वपूर्ण सडक यातायात हो । कुनै पनि स्थानको भौतिक विकाशको निमित्त सडक यातायातको विकाश संगै समग्र विकाशको ढोका खुल्छ । स्थानिय तहहरूमा वडा केन्द्रहरूलाईगाउँपालिका केन्द्र सँग जोड्न र गाउँपालिकामा केन्द्रहरूलाईजिल्ला सडक हुदै राष्ट्रिय राजमार्ग जोड्नु आवश्यक हुन्छ । सडकको विकाश र स्तरोन्नति मार्फत कृषि उत्पादनको बजारीकरण उद्योग तथा पयटर्न क्षेत्रको विकाश गरी आथिर्क क्रान्ति संभव छ । त्रिभुवन र पृथ्वी दुई राष्ट्रिय राजमार्ग यहि गाउँपालीका हुदै अघिबढेका छन् । यस गाउँपालिकामा रहेका कुलघरपरिवार मध्ये अस्थाई सडकको पँहुच भएको घरपरिवारको संख्या ४८.८ प्रतिशत गोरेटो सडकको पहुँच भएको २४.५ प्रतिशत, ग्रावेल सडकको पहुँच ११.१ प्रतिशत, कालोपत्रे सडकको पहुँच शुन्य रहेको देखिन्छयसरी तथ्यांकलाई हेर्दा थाँक्रेगाउँपालिकाका ८४.७ प्रतिशत घरपरिवारमा अस्थाई वा गोरेटोमा मात्र पहुँच रहेको देखिन्छ ।

## ७. विद्यालय तथा क्याम्पसको अवस्था (**Situation of School and Campus**)

शिक्षा नै विकाशको मेरुदण्ड हो । शोही तथ्यलाई आधार मानि यस पालिकामा पनि सरकारी तथा निजी विद्यालय तथा क्याम्पसहरू स्थापना गरेको पाइन्छ । जसलाई तालिका मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ४

## विद्यालय तथा क्याम्पसको अवस्था


| शिक्षण संघसंस्था | संख्या |
|---|---|
| वालकक्षा | ३६ |
| आधारभूत प्रा.वि. (१-५) | २६ |
| आधारभूत नि.मा.वि. (१-८) | ६ |
| माध्यामिक (१-१०) | ७ |
| माध्यामिक (१-१२) | ६ |
| सामुदायिक अध्ययन क्रेन्द्र | ३ |

स्रोत: थाँक्रेगाउँपालिकामा २०७८

तलिका नं. ४मा थाँक्रेगाउँपालिकामा रहेका शैक्षिक संस्थाहरूको विवरण देखाइएको छ । जसअनुसार वालकक्षा ३६, आधारभूत प्रा.वि. (एक-पाँच) २६, आधारभूत नि.मा.वि. (१-८) ६, माध्यामिक (एक-दश) ७, माध्यामिक (एक-बाह्र)छ र सामुदायिक अध्ययन केन्द्र ३ वटा रहेका छन् ।

## चित्र नं. ४

## विद्यालय तथा क्याम्पसको अवस्था



### ४.२.७ आर्थिक सामाजिक अवस्था (Economic and Social Situation)

थाँक्रेगाउँपालिकाको आर्थिक अवस्थालाई अध्ययन गर्दा निम्न उपशीर्षकमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

#### १. उद्योग (Industries)

थाँक्रेगाउँपालिकाको प्रमुख पेशा कृषि हो । ६१.७ प्रतिशत जनसंख्या कृषिमा संलग्न रहेको छन् । त्यसै गरी व्यपार व्यवसाय लिदै छ र घरभाडाले पनि व्यवसायकै रुप लिदै छ । करिब ८.६२ प्रतिशत घरधुरी घरभाडा व्यवसायको रुपमा रहेका छन् वाँकी व्यक्ती व्यपार व्यवसाय सरकारी जागिर, वैंक तथा सरकारी, शिक्षण लगाएतका अन्य थुप्रै पेशामा संलग्न रहेका छन् । थाँक्रेगाउँपालिकामा संचालित साना तथा घरेलु उद्योगहरूलाई तालिक मा प्रस्तुत गरिएको छ ।

**तालिकानं. ५**

**थाँक्रे गाउँपालिकाका साना तथा घरेलु उद्योग**

| उद्योगको नाम | संख्या |
|---|---|
| कृषि तथा पशुपंक्षी फर्म | ४१८ |
| लज एण्ड होटेल | २३ |
| टेलर्स | १६ |
| वर्कशप | १४ |
| फनिचर | ११ |
| राइसमिल | १० |
| ग्यास उद्योग | ४ |
| पोल्टी फर्म | ३ |
| रोडा ढुङ्गा उद्योग | ३ |
| ग्रील उद्योग | ३ |
| वेकरी | ३ |
| मादल उद्योग | ४ |
| इट्टा उद्योग | २ |
| ज्वेलरी | ४ |
| व्यूटिपार्लर | ६ |
| जम्मा | ५२४ |

स्रोतः थाँक्रेगाउँपालिकामा २०७८

तालिका नं.५थाँक्रेगाउँपालिकाको संख्या तथा घरेलु उद्योगको विवरणलाई देखाइएको छ ।स्थलगत सर्वेक्षण अनुसार सवैभन्दा धेरै कृषि तथा पशुपंक्षी फर्म ४१८ वटा रहेको तथ्याँक पाइयो त्यसैगरी होटल एण्ड लज २३ वटा टेलर्स १६ वटा, वर्कसप १४ वटा, फर्निचर ११, राइसमिल १० वटा, ग्यास उद्योग ४ वटा, पोल्टीफर्म ३, रोडा ढुङ्गा उद्योग ३, ग्रील उद्योग उद्योग ३, वेकरी उद्योग ३, मादल उद्योग उद्योग ४, इट्टा उद्योग उद्योग २, ज्वेलरी उद्योग ४, व्यूटिपार्लर उद्योग ६ वटा रहेको तथ्याँक पाइयो ।

## २. भू-उपयोग(**Land Holding**)

थाँक्रेगाउँपालिकाको भूमि सवै ठाँउमा समान खालको छैन । कुनै टार मैदान छन् र कुनै पाखा पखेरा छन् यहाँको भूभागलाई कृषि भूमी, आवास क्षेत्र, खोला, वालुवाले ओगटेको क्षेत्रको रुपमा विभाजन गरिएको छ । उक्त अवस्थालाई तालिका मा देखाइएको छ ।

**तलिका नं.६**

**भू-उपयोगको आवस्था २०७८**

| क.सं. | भुमि क्षेत्र | क्षेत्रफाल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | जंगल | ५०.४७ | ४९.१४ |
| २ | खेतीयोग्य जमिन | ४२.५२ | ४१.४० |
| ३ | वालुवा,वगर क्षेत्र | १.८१ | १.७६ |
| ४ | झाँडी | ४.९७ | ४.८४ |
| ५ | आवास | १.६५ | १.६१ |
| ६ | पहरा | ०.०४ | ०.०४ |
| ७ | घाँसे मैदान | ०.३९ | ०.३८ |
| ८ | जलधारा | ०.३१ | ०.३० |
| ९ | छरिएका वुट्यान क्षेत्र | ०.५५ | ०.५४ |
| जम्मा | | १०२.७१ | १००.०० |

स्रोतः थाँक्रेगाउँपालिका २०७८

तालीका नं.६ मा थाँक्रेगाउँपालिकाको भू-उपयोगको अवस्थालाई देखाइउको छ । यस गाउँपालिकाको कुलक्षेत्रफल रहेको छ । जसमध्ये वनक्षेत्र ५०.४७ वर्ग कि.मी खेतीयोग्या जमिन ४२.५२ कि.मी झाडी४.९७वर्ग कि.मी. वगर वा वालुवा क्षेत्र १.८१ वर्ग कि.मी., आवास १.६५ वर्ग कि.मी., पहरा ०.३१ वर्ग कि.मी., घाँसे मैदान ०.३९ वर्ग कि.मी., जलाधार ०.३१ वर्ग कि.मी. र छरिएका वुट्यान क्षेत्र ०.५५ वर्ग कि.मी. रहेको छ ।

चित्र नं. ५

भू-उपयोगको आवस्था २०७८




## ३. बैंक तथा वितिय संघ संस्था (Bank and Financial Organization)

थाँक्रेगाउँपालिकामा रहेको प्रमुख वित्तिय संघ संस्थाहरूको शाखा र निजि वैंक तथा सहकारीहरू रहेका छन् उक्त संघसंस्थाको तथ्याँकलाई तालिका ४.७मा प्रस्तुत गरिएको छ।

तालिकानं. ७

थाँक्रेगाउँपालिकामा रहेको वित्तिय संस्थाहरू २०७८


| क.सं. | वित्तिय संस्थाहरू | संख्या |
|---|---|---|
| १ | वाणिज्य वैंक | ४ |
| २ | लघुवित्त संस्थान | ४ |
| ३ | सहकारी | ३८ |
| ४ | इन्सुरेन्स | १ |
| ५ | आई.एम.ई. | २ |

स्रोत: थाँक्रेगाउँपालिका, २०७८

तलिका नं.७मा थाँक्रेगाउँपालिका भित्र रहेको वित्तिय संघसंस्था देखाइएको छ । जसअनुसार वाणिज्य वैङ्कको संख्या ४, लघुवित्त संस्थान ४, सहकारी ३८, इन्सुरेन्स १ र आइ.एम.ई. २ वटा रहेका छन् ।

**चित्रनं. ६**

**थाँक्रेगाउँपालिकामा रहेको वित्तिय संस्थाहरू २०७८**




**४.३ अंगुर खेतिको वर्तमान अवस्था (Current Situation of Grapes Farming)**

अध्ययन क्षेत्रमा अंगुर खेतीको शुरुवात २०६७ सालवाट भएको हो । शुरुमा जापान, स्वीजरल्याण्ड, जर्मन र भारतवाट अंगूरका विरुवाहरू ल्याइएको पाइयो । अध्ययन क्षेत्रको अंगुर खेतीको वर्तमान अवस्थालाई निम्नानुसार विभिन्न बुँद्धामा प्रस्तुत गरिएको छ ।

**४.३.१ उत्पादन प्रक्रिया (Process of Production)**

अंगुर उत्पादन गर्दा निम्न प्रक्रियाहरू पूरा गर्नु पर्दछ ।

**४.३.१.१ अंगुर रोप्ने जमिनको तयारी (Preparation of Land For Grapes Planting)**

अंगुर एक लहरा जाने प्रजातिको विरुवा भएको हुँदा एक देखी अर्को विरुवाको दुरी ३ देखि ६ मिटर हुनुपर्दछ अंगुरको विरुवा रोप्नको लागि १ मिटर गहिरो र चौडाइ भएको

खाल्टो खन्नुपर्छ खाल्टोलाई २-३ हप्ता सम्म खुल्लै छोड्नुपर्दछ । त्यसपछि ३०-४० किलो कम्पोष्ट मल, १ किलो सिङ्गल सुगर सल्फेट, ५०० ग्राम पोटासियम र अल्ड्रिन धुलो हालेर जमिनको सतहमा ठिक्क मिल्ने आउनेगरि पुर्नुपर्दछ ।

### ४.३.१.२ अंगुर विरुवा लगाउने समय (**Times to Grapes Plant_**

सामन्यतया अंगुरका विरुवा पुष माघमा लगाइन्छ । पोलिब्यागमा उत्पादन भएको विरुवा भने पुस-माघ वाहेक अन्य समयमा पनि लगाउन सकिन्छ ।

### ४.३.१.३ अंगुर विरुवाको हेरचाह (**Care to Grapes Plant**)

अंगुरको विरुवाको जरा धेरै गहिरोनजाने भएकोले चिस्यानको ख्याल गर्नुपर्दछ । पालुवा तथा फुल फूल्ने समयमा र फलको वृद्धि अवस्थामा सिचाईको अनिर्वायता रहन्छ तर फल पाक्ने समयमा सिँचाई दिनुहुदैन र वर्षामा सिचाईको आवश्यकता पदैन ।अंगुरको वगैंचामा झारपात वाक्लो भएमा हावा र प्रकाश राम्रो सँग संचार हुन पाउँदैनजसले रोग र किराको आश्रयस्थल वन्न पुग्छ र समस्या निम्तिन्छ यसको लागी वोटको वरिपरि घाँस ओखलेर गोडमेल गर्नुपर्दछ ।

अंगुरको वोट लहरा जाने प्रकृतिको भएकोले लहरा व्यवस्थित गर्नु पर्दछ जसले फलको गुणस्तर उत्पादन वृद्धि गर्न सहयोग पुऱ्याउछ । लहरा व्यवस्थापनको लागि २५ मिटर फलामको खम्बालाई आठ मिटरको दुरीमा गाडेर ४ तहमा ५० से.मी.को फरकमा १० गेजको ग्याल्भनाइज तारलाई तनक्क तन्काउने र यदि तारमा नै अंगुरका लहरा व्यवस्थापन गर्नुपर्छ । हरेक वर्ष हिँउदमा पात झरीसकेपछि नयाँ पालुवा नपलाउदै काँटछाँटगर्दा पुरै वोटको तनि भागको दुई भाग लहरा हटाउनु पर्दछ । अर्थात् ६० प्रतिशत काटछाँट गरि हटाँउनुपर्छ । जात अनुसारको कतिवटा मूना राख्ने भन्ने ख्याल गर्नुपर्दछ । धेरै लहरा नवढ्ने जातको छ भने २ वटा मूना मध्ये वढ्ने जातको ४-६ वटा र धेरै वढ्ने जातको ६-१४ गोटा सम्म मुना राख्नुपर्दछ । प्रत्येक वर्ष काँटछाँट गरिसकेपछि २०-३० किलो कम्पोष्ट मल, नाइट्रोजन २५० ग्राम फस्फोरस ३५० ग्राम, पोटास २५० ग्राम हालेर विषादी स्प्रे गरिदिएमा ५०-६० वर्षसम्म आम्दानी लिन सकिन्छ । अंगुरको वोटको फेदमा सुख्खा याममा घाँसपात वा परालको छाप्रो दिने वर्षायाममा गोडमेल गर्नुपर्छ । अंगुरको वोटलाई निश्चित आकार दिनको लागि फलाम, बाँस, काठ, आदिको थाँक्रो दिनुपर्दछ ।

### ४.३.२ अंगुर खेतीको क्षेत्र (**Area of Grapes Farming**)

स्थलगत सर्वेक्षण अनुसार जम्मा ७० रोपनी जग्गा मध्ये ५० रोपनी जग्गामा अंगुर खेती गरेको पाइयो । अंगुर प्रतिवोट१.५ के.जी. देखि ३ के.जी. सम्म उत्पादन भएको र भविस्यमा प्रतिवोट ५ के.जी. सम्म उत्पादन गर्ने लक्ष्य रहेको पाइयो ।

### ४.३.३ अंगुरको विरुवा संख्या (**Total Number of Grapes Plant**)

यस अध्ययन क्षेत्रमा शुरुमा जापान, स्वीजरल्याण्ड र जर्मनी वाट जम्मा १५०० विरुवा ल्याइएकोमा हाल मस्कट वेलिय, क्याविनेट फ्राङ्क, सोलारेज स्याडोनिक, मस्कट ब्ल्यू, शोभिनन ग्रिज, क्याविनेट शोभेनन, क्याविनेट क्यान्टोर, क्याविनेट कोटेज, क्याविनेट मोनार्ज गरि १२ प्रजातिका ६५०० विरुवाहरू रहेको पाइयो ।

### ४.३.४ उत्पादन परिणाम (**Production Volume**)

अध्ययन क्षेत्रको व्यवसायीले वि.सं. २०७८ सालमा उत्पादन गरेको अंगुरको उत्पादन परिमाणलाई तालिकामा देखाइएको छ ।

**तालिकानं. ८**

**अंगुर उत्पादन परिणाम २०७८**

| अंगुर उत्पादन (वर्ष) | कुल उत्पादन परिणम (के.जी) |
|---|---|
| वि.सं. २०७८ | १३००० के.जी. |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तलिकामा नं. ८ माअध्ययन क्षेत्रको अंगुरको वि.सं. २०७८ को कुल उत्पादन परिणमलाई देखाइएको छ ।

तालिका अनुसार वि.सं. २०७८ सालको अंगुर उत्पादन परिणाम १३००० के.जी.उत्पादन रहेको पाइयो । व्यवसायी जनपाल थापाका अनुसार अध्ययन क्षेत्रमा हाल वार्षिक रुपमा अंगुर उत्पादन प्रति विरुवा १.५ के.जी देखि २ के.जी सम्म उत्पादन भएको छ । भविष्यमा प्रति विरुवा ५ के.जी सम्म उत्पादन गर्ने लक्ष्य रहेको छ ।

### ३.३.५ विक्री मूल्य (Selling Price)

अध्ययन क्षेत्रमा अंगुर खेतीको शुरुवाट वि.सं. २०७८ सालवाट भएको हो । अध्ययन क्षेत्रमा उत्पादीत अंगुर वाइन प्रयोजनको भएको पाइयो । जसको वजार मुत्य प्रति के.जी रु. २५० रहेका पाइयो ।

## ४.४ अंगुर खेतीको लागत विश्लेषण(CostAnalysis of Grapes Farming)

अंगुर विरुवा रोप्ने जमिनको तयारी गर्दा, अंगुरको विरुवा किन्दा अंगुर हुर्के पश्चात थाँको लगाउदा मल तथा सिँचाईको व्यवस्था गर्दा अंगुर उत्पादन पश्चात वाइन उद्योग सम्म लैजादा लाग्ने सम्पूर्ण खर्चहरुलाई अंगुर खेतीको लागत भनिन्छ । यस अध्ययनमा समावेश भउको अंगुर खेतीको लागत विवरणलाई विभिन्न शीर्षकमा तल प्रस्तुत गरिएको छ ।

### ४.४.१ अंगुर खेतीको स्थिर लागत (Fixed Cost of Grapes Farming)

उत्पादन प्रक्रिया स्थिर साधनहरु भुमी पूँजी आदिमा लाग्ने लागतलाई स्थिर लागत भनिन्छ । यस अध्ययन क्षेत्रमा व्यवसायिक अंगुर खेतीमा लाग्ने जग्गा, विरुवा उत्पादन गर्दा लाग्ने मल, व्याजदरलाई स्थिर लागत मानिएको छ । जसको स्थिर लागत तल प्रस्तुत गरिएको छ ।

**तालीकानं.९ :**

**अंगुर खेतीको स्थिर लागत विवरण २०७८**

| क्र.सं. | लागत शिर्षक | लागत (रु.मा) | प्रतिशत(%) | व्याजदर |
|---|---|---|---|---|
| १ | विरुवा | १२००००० | १९.००२३ | |
| २ | विरुवा रोप्दा लाग्ने मल | ३४५००० | ५.४६ | |
| ३ | सिँचाइ | १००००० | १.५८३ | |
| ४ | पोल/तार /जाली | १५०००० | २.३७ | |
| ५ | कर | २०००० | ०.३१ | |
| ६ | व्याज | ४५००००० | ७१.२५ | ९ प्रतिशत |
| | जम्मा | ६३१५००० | १००(%) | |

स्रोतः स्थलगत सर्वेक्षण : २०७९

तलिका नं.९ मा अंगुर खेतीको एक वर्षभरिको स्थिर लागतविवरणलाई देखाइएको छ । उक्त तालिका अनुसार २०७८ सालमा अंगुरको  विरुवा खरिद रु. १२,००,००० ( १९.००२३%) विरुवा रोप्दा लाग्ने मल रु. ३,४५,०००(५.४६%) सिँचाई खर्चको लागी  पाइप खरिदमा रु. १,००,००० (१.५८%) अंगुरका लहरा व्यवस्थापन गर्नको लागि फलाम पाइप र तार जाली खरिदमा  रु. १,५०,०००(२.३७%) । अंगुर खेतीले वार्षिक कर रु.२०००० ( ०.३१%) उक्त खेती  संचालन गर्नको लागि अपूग रकम ९ प्रतिशतका दरले रु. ५,००,००,००० ऋृण लिएको उक्त ऋृणको व्याज दर रु. ४५,००,००० रहेको स्थलगत सर्वेक्षणवाट  पाइयो ।यसरी स्थलगत सर्वेक्षणको आधारमा स्थिर लागत रु. ६३,१५,०००( १००%) रहेको छ ।

### ४.६.२अंगुर खेतीको परिर्वतनशील लागत (Variable Cost of Grapes Farming)

परिवर्तनशिल लागतवस्तु उत्पादन गर्ने क्रममा साधनहरू जस्तै कच्चा पदार्थ, ज्याला, ढुवानी खर्च इन्धन आदि जस्ता कार्यमा लाग्ने खर्चहरू नै परिर्वतनशील लागत हुन् । अध्ययन क्षेत्रमा परेको काउले भिनयार्ड फर्ममा परिवर्तनशील लागत अनुसार कामदारलाई प्रदान गर्ने तलव, विरुवालाई गर्नुपर्ने मलजल आदि सम्पूर्ण शीर्षकहरूमा लागेको खर्चलाई परिवर्तनशील लागत शीर्षक अनुशार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकानं. १०**

**अंगुर फर्मको परिवर्तनशील लागत विवरण २०७८**

| क.स | शिर्षक | लागत रु. | प्रतिशत(%) |
|---|---|---|---|
| १ | तलब | २४,००,००० | ७०.५८ |
| २ | कन्सल्टेसी फी | ५,००,००० | १४.७१ |
| ३ | औषधी मल | ५,००,००० | १४.७१ |
| | जम्मा | ३४,००,००० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

तालिकानं.१० मा अंगुर फर्मको परिवर्तनशील लागतलाई देखाइएको छ । वि.सं. २०७८ सालदको परिवर्तनशील लागतलाई देखाइएको छ । अंगुर फर्मको हेचाह, गोडमेल, अंगुर टिप्ने तथा हाँगा कटिङ् गर्नको लागि कामदार आवश्यकपर्दछ । ती कामदारहरूलाई वि.सं. २०७८ मा रु. २,४००,०००(७०.५८%)श्रमिक ज्याला दिएको स्थलगत सर्वेक्षणमा पत्ता लाग्यो । त्यसैगरिविभिन्न देशहरूवाट अंगुर खेति सम्बन्धि विज्ञहरूलाई फर्मको अवलोकन गर्न ल्याउनुपर्ने हुँदा उनिहरूको लागि शुल्क तिर्नुपर्दछ । ति विज्ञहरूलाई कन्सल्टेन्सि

फीको रुपमा रु. ५,००,०००(१४.७%)लागेको पाइयो । त्यस्तैगरि अंगुरको विरुवामा लागेको रोग नियन्त्रण गर्ने, स्प्रे गर्दा नाइट्रोजन, फसफोरस पोटासियम तथा प्राङ्गारिक मल लगाई गोडमेल गर्नुपर्ने हुँदा औषधी तथा मलको लागि रु. ५,००,०००(१४.७%) खर्च भएको पाइयो । विभिन्न शिर्षकमा गरिएको खर्च जोडेर जम्मा वि.सं. २०७८ सालको रु. ३४,००,००० परिवर्तनशील लागत लागेको तथ्याँङ्क अंगुर खेतीको स्थलगत सवैक्षणमा पत्ता लाग्यो ।

### ४.६.३ अंगुर खेतीको कुल लागत (Total Cost of Grapes Farming)

कुनै पनि वस्तु उत्पादन गर्दा लाग्ने सम्पूर्ण खर्चलाई कुल लागत भनिन्छ । अर्थात अल्पकालमा स्थिर साधनहरु माथी गरिएको खर्च वा लागत र परिवर्तनशील साधनहरु माथी गरिएको खर्च वा लागतको योगफलनै कुल लागत हो । कुल स्थिर लागत र कुल परिवर्तनशील लागतलाई जोडेमा कुल लागत प्राप्त हुन्छ । अर्थात् उत्पादनका सम्पूर्ण साधनहरु खरिद गर्न तथा उत्पादन प्रक्रियालाई पूर्णता दिन आवश्यक पर्ने अंगुर खेतीको कुल स्थिर लागत र कुल परिवर्तनशील लागतलाई जोडेर कुल लागत निकालिएको छ ।

**तालिका नं. ११ : अंगुर फर्मको कुल लागत**

| वर्ष | कुलस्थिर लागत | कुल परिपर्तनशील लागत | कुल लागत |
|---|---|---|---|
| २०७८ | ६३,१५,००० | ३४,००,००० | ९७,१५,००० |

स्थलगत सर्वेक्षण: २०७९

तलिका नं. ९ र १० को अंगुर फर्मको कुलस्थिर लागत र कुल परिवर्तनशील लागतलाई विश्लेषण गरी शोही आधारमा अंगुर खेतीको कुल वार्षिक लागत रु. ९७,१५,००० रहेको स्थलगत सर्वेक्षणको तथ्यांकका आधारमा प्राप्त भयो ।

### ४.६.४ अंगुरको प्रति के.जी उत्पादन लागत (Production Cost of Per KG Grapes)

यस अंगुर खेतीमा एक वर्ष भरीको अवधिमा १३,००० के.जी अंगुर उत्पादन भएको छ । जसका लागी कुल लागत रु. ९७,१५,००० लागेको छ । यही कुल लागतको आधारमा अंगुरको प्रति के.जी उत्पादन लागतलाई निम्नाानुसार प्रस्तुत गरिएको छ ।

प्रति के.जी उत्पादन लागत =कुललागत/उत्पादन परिमाण

=९७१५०००/१३००० के.जी

=रु.७४७.३०७

तसर्थ यस अंगुर खेतीमा १ के.जी अंगुरको रु.७४७.३०७ मा उत्पादन भई रु.२५० प्रति के.जी मा विक्री हुदा प्रति के.जी ४९७.३०७ घाटा परेको देखिन्छ ।

### ४.७ अगुर खेतीको कुल आय (Revenue of the Grapes Farming)

कुनैपनि उद्योगद्धारा उत्पादित वस्तु तथा सेवालाई उपभोक्ता समक्ष वजारमा विभिन्न मूल्यमा विक्री वितरण गर्दा प्राप्त गरिएको रकमलाई आम्दानी भनिन्छ । अर्थात् वस्तुको कुल विक्री परिमाणलाई उक्त वस्तुको मुल्यले गुणन गर्दा प्राप्त हुने गुणलफ नै कुल आम्दानी हो । यस अध्ययनमा उत्पादित वस्तु (अंगुर) लाई वजारमा विक्री वितरण गर्दा प्राप्त गरिएको रकम नैअंगुर खेतीको कुल आम्दानी हो । अध्ययन क्षेत्रमा अंगुर खेतिको २०७८ सालको आम्दानी विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**

**अंगुर खेतिको आय विवरण २०७८**

| आय शिर्षक | उत्पादन परिमाण (के.जी) | दर (रु.मा) | आय (रु) |
|---|---|---|---|
| अंगुर विक्री | १३००० | २५० | ३२,५०,००० |

स्रोत : स्थलगत सर्वेक्षन, २०७८

तालीका नं. .१२ मा अंगुर खेतीको आय  विवरणलाई देखाइएको छ । अंगुर खेतीमा औषधी विउ  कन्सल्टेन्सी फी लगाएतको विभिन्न शिर्षकमा खर्च लाग्ने भएता पनि आम्दानीको रुपमा केवल अंगुर विक्री मात्र समाविष्ट हुने गर्दछ जहाँ प्रती के.जी २५० का दरले १३००० के.जी अंगुर रु. ३२,५०,००० मा विक्री गरी वार्षिक आय प्राप्त गरेको कुरा स्थलगत सर्वेक्षणमा प्राप्त भएको छ ।

## ४.८ अंगुर खेतीको लाभ (Profit of the Grapes Farming)

कुनै व्यवसाय सञ्चालन गरे वापत व्यवसायीले गरेको खर्च वा लागत कटाई प्राप्त हुने प्रतिफललाई नाफा  भनिन्छ । हरेक व्यवसायहरु नाफाको   उद्येश्य राखेर सञ्चालित हुन्छ । यसरी उत्पादन कार्यवाट प्राप्त हुने कुल आय मध्ये त्यसको उत्पालनमा प्रयोग भएको भूमी श्रम तथा पूँजीलाई क्रमश : लगान, ज्याला र व्याज दिइ बाकी रहेको  रकमनै नाफा हो । तसर्थ उत्पादन कार्यमा गरिएको कुल लगानी र उत्पादन वाट प्राप्त हुने कुल आय विचको अन्तर नै नाफा हो । न्यूनतम लागत वाट अधिकतम नाफा आर्जन गर्नु प्रत्यक व्यवसायको लक्ष्य भए अनुशार यस अध्ययनमा अंगुर खेतीले उत्पादन गरेको अंगुरको विक्रीवाट प्राप्त आम्दानीको कुल योगलाई कुल आय तथा अंगुर उत्पादन देखी विक्री गर्ने समयको सम्पूर्ण खर्चलाई कुल लागत भनि व्याख्या गरिएको छ । उत्पादन लागत भन्दा बढी आम्दानी प्राप्त गरेमा नाफा भएको मानिन्छ ्। व्यवासाय वा फर्म सञ्चालन गर्दैमा सधैभरी नाफा प्राप्त भइ रहन्छ भन्न सकिन्न । विशेष कारणवश फर्मले कहिले काही नोक्सानीको सामना गर्नुपर्दछ । यस अध्ययनमा समावेशभएको अंगुर खेतीको स्थलगत सर्वेक्षण गरी शोही आधारमा फर्मको लागत र आम्दानी पत्त लगाइएको छ । नाफालाई ्व्यााख्या गर्ने फरक-फरक किसिमका अवधारणाहरु भएतापनि यस अध्ययनको सरलताका लागि  कुल नाफालाई मात्र व्याख्या गरिएको छ । तसर्थ कुल नाफा = कुल  आम्दानी - कुल लागत हुन्छ । स्थलगत सर्वेक्षणको आधारमा उक्त फर्मको नाफालाई निम्नानुशार विश्लेषण गरिएको छ ।

**तालिका नं. १३**

**अंगुर खेतीको कुल नाफा २०७८**

| कुल लागत | कुल आय | कुल नाफा |
|---|---|---|
| ९७,१५,००० | ३२५०,००० | - ६४,६५,००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

तालिक नं. १३ मा अंगुर खेतीको लागत र आम्दानीको आधारमा कुल नाफाको गणना गरिएको छ, जसमा अंगुर खेतीको कुल आम्दानी रु. ३२,५०,००० वाट कुल लागत रु .९७,१५,००० घटाउदा रु. -६४,६५,००० उक्त फर्मको नोक्सान रहेको कुरा स्थलगत सर्वेक्षण वाट प्राप्त तथ्यांकको आधामा पुष्टि भयो ।

## ४.९ अंगुर खेतीको लागत लाभ विश्लेषण (Cost Benefit Analysis of the Grapes Farming)

कुनै पनि व्यवसाय फर्म वा परियोजनाको लागत लाभ विश्लेषण गर्दा उक्त व्यवसायका लागि लाग्ने लागत तथा व्यवसायवाट प्राप्त हुने आयवीच तुलना गरिन्छ । आधुनिक समयमा लागत लाभ विश्लेषण कार्य अति नै भरपर्दो कार्य हो । यस कार्यले व्यवसायीको समाजमा सामाजिकिकरण हुन र आर्थिक रुपले दक्ष हुन वैकल्पिक क्षेत्रको उचित खोजी र व्यवस्था गर्न सघाउ पुऱ्याउछ । आजको वर्तमान समयमा लागत लाभ विश्लेषण कार्य चर्चित र व्यापक बन्दै गएको छ । यस अनुसन्धानको मुख्य उद्येश्य अंगुर खेतीको लागत लाभ विश्लेषण गर्नु भएकोले यस अध्ययनमा नमुनाको रुपमा छनोट गरिएको अंगुर खेतीमा लगानी गरिएको पूँजीको एक वर्ष (२०७८) को सीमान्त क्षमता पत्ता लगाइ शोही आधारमा व्यवसायीले लिएको ऋणको वार्षिक व्याजदर संग तुलना गरेर लागत लाभ विश्लेषण गरिएको छ ।जसवाट आएको नतिजालाई निम्न नियमको आधारमा अंगुर खेतीमा लगानी गर्नुपर्दछ भन्ने कुराको निष्कर्ष निकालिएको छ ।

१.यदि MEC>r, लगानी गर्दा नाफा हुन्छ ।

२..यदि MEC<r, लगानी गर्दा घाटा हुन्छ ।

३.यदि MEC=r, लगानी गर्दा नाफा घाटा केही हुँदैन ।

स्रोत : पौडेल (२०७१)

### ४.९.१ अंगुर खेतीको लागत पूँजीको सीमान्त क्षमता (Marginal Effiecincy of Capital of Grapes Farmining)

पूँजीको सीमान्त क्षमता पूँजीगत सम्पत्ति वाट प्राप्त हुने अनुमानित नाफा संग सम्बन्धित हुन्छ, यसलाई प्रतिफलको आन्तरिक दर पनि भन्ने गरिन्छ । अर्थात थप अतिरिक्त पूँजी प्रयोग गर्दा त्यसको सम्पूर्ण लागत कट्टा गरि सकेपछि बाँकी रहन आउने लाभले पूँजीको सीमान्त क्षमतालाई जनाउने गर्दछ । अर्को शब्दमा यसलाई पूँजी लगानी गर्दा प्राप्त हुने नाफाको दर पनि भन्ने गरिन्छ । पूँजीको सीमान्त क्षमता मुख्य रुपमा दुई कुराहरुमा निर्भर गर्दछ । पहिलो पूँजीगत सम्पत्तिको अनुमानित आय र दोस्रो पूँजीगत सम्पत्तिको पूर्ती मूल्य । निजी क्षेत्रमा लगानी गर्ने उद्यमिहरु पूँजीको सीमान्त क्षमतालाई विशेष महŒव दिने गर्दछन् ।नयाँ लगानी गर्ने वा न गर्ने भन्ने कुराको निर्णय गर्नु भन्दा पहिले पूँजीगत सम्पत्तिको पूर्ती मुल्य थाहा पाउनुपर्दछ । पूँजीगत सम्पत्तिको अनुमानित आयवाट त्यसको पूर्ती मुल्य घटाएर रहेको अन्तरवाट पूँजीको सीमान्त क्षमता गणना गर्न सकिन्छ । कुनै पनि उद्यमीले त्यस अवस्थामा मात्र लगानी गर्दछ । जब पूँजीको सीमान्त क्षमताको दर प्रचलित व्याज दर भन्दा बढि हुन्छ । यस अध्ययनमा अंगुर खेतीमा गरिएको वार्षिक लगानीको आधारमा सीमान्त क्षमता पत्ता लगाइएको छ । अंगुर खेतीको वार्षिक कुल लागत कुल आय र कुल नाफा पत्ता लगाइ त्यसैको आधारमा पूँनीको सीमान्त क्षमता पत्ता लगाइएको छ, जसका लागिमुख्य रुपमा दुईवटा विधिको सहायता लिएको छ ।

२०७८ सालको कुल लागत =९७,१५,०००

कुल आय =३२,५०,०००

कुल नाफा = -६४,६५,०००

वार्षिक व्याजदर= ९ %

पूँजीको सीमान्त क्षमता = कुल नाफा /कुल लागत

= -६४,६५,०००/९७,१५,०००

२०७८ सालको पूँजीको सीमान्त क्षमता = - ०.६६५४६५

= - ६६.५४५%

पूँजीको सीमान्त क्षमतालाई अर्को तरिकावाट पनि पत्ता लगाइएको छ। यसलाई पूँजीगत सम्पत्तिको अनुमानित आय र पूर्ती मूल्य बीचको अनुपात पनि भनिन्छ। पूँजीगत सम्पत्तिको पूर्ती मुल्य भन्नाले उक्त पूँजी खरिद गर्दा वा उत्पादन गर्दा लग्ने लागतलाई जनाउँ छ। पूँजीको सीमान्त क्षमता पूँजीगत सम्पत्तिको अनुमानित वार्षिक कार्यकालको भावि आम्दानी तथा त्यसको पूर्ति मूल्य वरावर हुदै जाने कटौती दर संग सम्बन्धित रहन्छ, जसलाई निम्नानुशार सुत्रवाट देखाउन सकिन्छ।

MEC= R/1+r = c ………………(i)

where,

MEC = Marginal Efficiency of Capital(पूँजीको सीमान्त क्षमता)

R = Annual Revenue(वार्षिक आय)

r = Rate of discount(कट्टदर)

c = Cost of firm(फर्मको लागत)

समिकरण(i) मा दिएको कट्टादर (r) ले प्राप्त हुने वार्षिक प्रतिफलदर (R) लाई वर्तमान मूल्यमा गणना गरी फर्मको लागत संग समान बनाउने कार्य गर्दछ। त्यसैले, कट्टादर (r) को मूल्य (value) नै पूँजीको सीमान्त क्षमता (MEC) हो। कट्टादरको गणनालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

r = R/c -1…………………(ii)

२०७८ सालको लागत पूँजीको सीमान्त क्षमता MEC= r = ३२,५०,०००/९७,१५,००० -१

= -०.६६५४५

= -६६.५४५%

माथिको नतिजालाई विश्लेषण गर्दा २०७८ सालमा अंगुर खेतीमा गरिएको कुल लगानी ९७,१५,००० को सीमान्त क्षमता वार्षिक ६६.५३४५% रहेको देखियो । यो प्रतिशत व्यवसायीले ऋण लिदा तिरेको वार्षिक ९% व्याजदर भन्दा - ७५.५३५% ले कमी देखिन्छ । तसर्थ यस नतिजा वाट यो भन्न सकिन्छ की २०७८ सालमा अंगुर खेतीमा गरेको लगानीवाट प्राप्त प्रतिफलदर न्यून रहेको छ । व्यावसायीले लिएको ऋणको रकमको व्याजदर भन्दा लागत पूँजीको सीमान्त क्षमता अत्यन्त न्यून अर्थात - मा प्राप्त भएको छ ।

यसरी अंगुर खेतीको लागत लाभ विश्लेषण गर्ने क्रममा नमुना छनोटमा परेको अंगुर खेतीको स्थलगत सर्वेक्षणवाट लिइएको तथ्यांक अनुसार अंगुर खेतीको सीमान्त क्षमता प्रचलित व्याजदर भन्दा अत्यन्त न्यून रहेको पाइयो । जसवाट अंगुर खेतीमा लगानी गर्दा आयको स्रोत अंगुर उत्पादन प्रति वोट वृद्धि गर्नुपर्ने, मलखाद र विषादिको प्रयोगलाई कम गर्दैअर्गानिक खेतीमा जोड दिने, आयको अन्य स्रोत विरुवा उत्पादन गरी विक्री गर्नु पर्दछ । जसले लागतको तुलनामा आम्दानीमा वृद्धि गर्न सकिन्छ ।

### ४.१० अंगुर खेतीमा देखिएका समस्याहरू (Problem of Grapes Farming)

बजारमा फलफुल तथा फलफुल जन्य पदार्थको वढ्दो माग संगै व्यवसायीक फलफुल खेतीमा पनि आकर्षण वढेको छ । जसमा जति मात्रामा उत्पादन गर्नुपर्ने हो र प्रतिफल प्राप्त गर्नुपर्ने हो त्यसो हुन सकेको छैन । यसो हुनुको कारण फलफुल खेतीले विभिन्न प्रकारको समस्याको सामाना गर्नुपरिरहेको छ । कुनै पनि पेशा र व्यवसायको राम्रो पक्षको अलावा दृश्य वा अदृश्य रुपमा नराम्रा पक्ष पनि रहेको हुन्छ । यस्तो किसिमका समस्याहरू पहिचान गरि ती समस्याहरूवाट छुटकारा पाई समाधानको वाटो पहिल्याउन सकिन्छ । हामीले अनुसन्धानलाई सफल र औचित्यपूर्ण वनाउनको लागि यस अध्ययन क्षेत्रमा गई सम्बन्धित व्यवसायी कामदार र विषय विशेषज्ञ सँग लिएको जानकारीको आधारमा निम्न प्रकारको समस्याहरू रहेको पाइयो ।

## १. दक्ष जनशक्तिको अभाव

अंगुर खती व्यवसायलाई थप व्यवसायीकरण तर्फ उन्मुख गराउनको दक्ष जनशक्तिको अभाव रहेको छ । जसको कारण विरुवा रोप्ने देखि काँटछाँट र मलजल के कसरी कति लगाउने जानकारी नहुँदा अंगुर खेतीगर्न कठिन भएको विचमै छोड्नुपरेको छ । अध्ययन क्षेत्रमा दक्ष जनशक्तिको अभावमा विरुवा उत्पादन गर्न नसकेको र थप विरुवा आयात गर्दा लागत वढि भएको पाइयो त्यसैगरी वर्षेनी विदेशी कन्सलटेन्टमा लाखौ रुपैया खर्च भइरहेको छ ।

## २. पूंजीको अभाव

यस अध्ययन क्षेत्रको व्यवसायीका अनुसार व्यवसायिक रुपमा अंगुर खेति गर्दा पर्याप्त पूँजीको अभावमा ऋण लिनुपर्ने हुन्छ । वैंकवाट लिइएको कृषि सहुलियत कर्जाको समयवधि पाचँ वर्षको हुने र दोस्रो वर्षदेखि नै फिर्ता गर्नुपर्नेहुन्छ तर अंगुर खेती रोपेको तीनचार वर्ष पछि मात्र उत्पादन (फल फल्ने) हुने भएको र अंगुरको आम्दानी नहुदै कर्जा फिर्ता गर्न कठिन हुने हुँदा यस खेतिमा सहुलियत कर्जाको समयाअवधि असंम्भव हुन जान्छ । पूजीको अभावमा व्यवसायिक अंगुरको खेती जोगाइराख्न विस्तार गर्न कठिन हुन्छ ।

## ३. उपयुक्त सरकारी नीतिको अभाव

यस अध्ययन क्षेत्रको व्यवसायीका अनुसार यस फर्मको उत्पादन वाइन प्रपोजको भएकोर सरकारले आफ्नो नीति परिवर्तन गर्दा समस्या उत्पन्न भएको छ । सरकारले एक के.जी. अंगुर वरावर १.५ लिटर वाइन उत्पादन गर्ने नीति वनाउदा यस फर्ममा प्रत्यक्ष असर पर्न गयो जसका कारण उत्पादित वाइन वजारमा लैजान सकिएन र पूँजीको अभावमा फर्म विकासमा समस्या देखियो । त्यसैगरि यस खेतीलाई आवश्यक पर्ने वेर्ना तथा सिफा, छरिस जस्ता सामान विदेशवाट झिकाउदा कठिनाइ हुने गरेको र प्ल्याटिक हेलमेट आयातमा महङ्गो भन्सार शुल्क रहेको छ ।

### ४. रासायनिक मलखादको अभाव

अंगुर खेतीको लागि आवश्यक पर्ने नाइट्रोजन, पोटासियम, फस्फोरस जस्ता रासायनिक मलको अभावले नयाँ विरुवा लगाउन र भएका विरुवाको गोडमेल गर्नमा समस्या उत्पन्न भएको छ ।

### ५. प्राकृतिक प्रकोप तथा जङ्गली जनावारको भए

झरी तथा असिना ले फल झार्ने, लोखर्के बाँदर चराचुरुङ्गीले पाकेको फल खाइदिने हुनाले त्यसको लागि जालिको व्यवस्था गर्नुपर्ने हुन्छ । जालिको व्यवस्थाले अंगुर खेतीको लागत बढि हुने समस्या रहेको छ ।

### ६. रोगको तथा किराको प्रकोप

यस अध्ययन क्षेत्रको व्यवसायीका अनुसार अंगुर उत्पादनमा अर्गानिक प्रणालीलाई जोड दिएका कारण अंगुर पाकिसके पछि किरा लाग्ने ५ देखि १० प्रतिशत फल खेर जाने समस्या रहेको छ ।त्यस्तै पात तथा हाँगामा विभिन्न किसिमका सेतो धुलो , ढुसी, खैरो थोप्ले र फलको टुप्पो कुहिने जस्ता रोगको प्रकोप र फट्के, पात छियाँ छियाँ पार्ने खपटे पात वेरुवा जस्ता किराहरूले अंगुरको वोट तथा पातलाई छिया छिया वनाइ दिन्छ र वोट मारिदिने गर्दछ ।

## ४.११अंगुर खेतीको समस्या समाधानका उपायहरू (Problem Solving of Grapes Farming)

पछिल्लो समय कृषिमा विभिन्न तह र तप्काका मानिसहरू लागि परेकाछन् जसमा धेरै जसो विदेशवाट फर्किएका सकारात्मक सोच र नयाँ नयाँ युवाहरू देखिन्छन् । सरकारले कृषि क्षेत्रको विकाशको लागि अनुदान तथा कर्जा कार्यक्रम ल्याएको छ जुन पर्याप्तदेखिदैन । अंगुर खेतिको विकाश र विस्तार मार्फत कृषि पर्यटनको विकाश गर्ने स्वदेशी वाइन उद्योग स्थापना गर्दै ग्रामिण क्षेत्रमा रोजगारी सृजन ।गर्ने लक्ष्य यस अध्ययन क्षेत्रका व्यवसायीको रहेको छ । तसर्थ अध्ययन क्षेत्रमा देखिएका विभिन्न समस्याहरूलाई समाधान गर्नु आवश्यक छ । समस्या समाधानका उपायहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १. उपयुक्त सरकारी नीति

आजको आवश्यकता ऋणको आवश्यक्ता साना पूँजीलाई ठूलो वनाउने र ठूलो पूँजीलाई आकर्षण गर्ने हो । अध्ययन क्षेत्रमा देखिएका समस्या समाधान गर्नको लागि सस्तो व्याजदरमा ऋण, सुलभ जग्गा शून्य न्यूनतम भन्सार दरमा आधुनिक मेसिनरी औजार आयात गर्ने , अंगुर खेतिमा विमाको व्यवस्थ ागर्ने जस्ता उपयुक्त नीतिगत व्यवस्था सरकारी तवरवाट गर्नुपर्दछ ।

### २. तालीमको व्यवस्था

अध्ययन क्षेत्रमा देखिएको समस्या सामाधानको लागि अंगुर खेतिमा संलग्न व्यक्तिलाई आवश्यक तालिमको व्यवस्था गरिनुपर्दछ । हाँगा काटछाँट मलजल गर्ने विधी तथा विरुवा उत्पादन सम्बन्धी तालिमको व्यवास्था गरिनु पर्दछ । जसको कारण विरुवा आफैले उत्पादन गर्न सकिने हुँदा विरुवा आयातको लाखौ रुपैया वचत गर्न सकिन्छ ।

### ३. मलखातको व्यवस्था

अंगुर खेतीमा आवश्यक हाइट्रोजन, नाइट्रोजन र फस्फोरस जस्ताविभिन्न प्रकारका रासायिनीक मलको समयमै व्यवस्था गरिनुपर्दछ जसले अंगुर रोप्ने गोडमेल गर्ने सहज हुन्छ । साथै उत्पादनमा पनि बृद्धि हुन्छ । विभिन्न प्रकारका रोगहरूको लागि समय समयमा कपर र सल्फर स्प्रे गरेर रोगथाम गर्न सकिन्छ ।

### ४. आयातलाई निरुत्साहित गर्नु

नेपालमा वर्षीनै गरिने लाखौ रुपैयाको अंगुरको वाइन तथा वाइन बनाउन आवश्यक अंगुर आयतलाई व्यवस्थित गदै स्थानिय स्तरमा उत्पादीत अंगुर तथा अंगुर वाइनको तथ्यांक संकलन र वजारिकरणमा स्थानिय सरकारले सहजीकरण गर्नुपर्छ । जसले स्वदेशी उत्पादनको मनोवल वढ्नुको साथै उत्पादनमा वृद्धि हुन्छ ।

### ५. औद्योगिकीकरण गर्नु

अंगुरवाट जुस, वाइन र दाख बनाउन सकिने हुनाले उत्पादित अंगुरलाई जुस वाइन र दाख आदि बनाएर वेच्न अंगुरको भन्दा उत्पादित वस्तुको मूल्य वढि हुन्छ । जसले

आम्दानीमा वृद्धि गर्दछ त्यसैगरि अंगुर फर्म हेर्न आउने कृषि पर्यटकहरूको वृद्धि पनि हुन्छ । व्यवसायिक खेति मात्र नभएर त्यसलाई औद्योगिकीकरण गर्न सकियो भने उक्त खेतीलाई टिकाई राख्न सकिन्छ ।

### ६. वित्तिय क्षेत्रमा पहुच तथा कृषिविमामा जोड

अल्पकलिन तथा दिर्घकालिन रुपमा सुलभ व्याजदरमा कर्जाको पहुँच वढाउनुपर्छ । जस वाट अंगुर खेती गर्ने किसानको जोखिम न्यूनिकरण गर्दै व्यवसाय तर्फ अग्रसर हुने र राष्ट्रिय उत्पादनमा वृद्धि हुन्छ । पालिका र अन्य सरकारी निकायले कृषकलाई ऋणको प्रवाह गराउन वित्तिय संघसंस्था संग समन्वय गरिनुपर्छ र साथै अन्य व्यवसायिक खेतीलाई विमा कार्यक्रममा समेट्नको लागि सरकारी निकायले समन्वयकारी भुमिका खेल्नुपर्छ ।

## ४.१२ अध्ययनको सारांश .(**Summary of study**)

यस अध्ययनको शीर्षक धादिङ जिल्लाको थाँक्रेगाउँपालिका वडा नं. ८ "अंगुर खेतीको वर्तमान अवस्था र लागत लाभ विश्लेषण" रहेको छ । यस अध्ययनको उद्देश्य अंगुर खेतीको वर्तमान अवस्था अध्ययन गर्न लागत पत्ता लगाउन समस्या र समाधानका उपायहरू पेश गर्नुरहेको छ । अंगुर खेती कस्तो प्रकारको हावापानीमा वढि उत्पादन गर्न सकिन्छ ।अंगुर खेती गर्दा लाग्ने लागत पूर्वाअनुमान गर्न अंगुर खेतीमा देखिएका समस्याहरूको खोजीगर्न यस अध्ययनको महत्व रहेको छ । यस अध्ययन सम्पन्न गर्न सैद्धान्तिक तथा अनुसन्धानात्मक साहित्यको अध्ययन गरिएको छ । यस अध्ययनको उद्देश्य पूरा गर्नको लागि प्राथमिक तथा द्वितिय तथ्याँकको प्रयोग गरिएको छ । भने द्वितिय तथ्याँकको स्रोत अन्तर्गत पुस्तक, पत्रपत्रिका, अप्रकाशित शोधपत्रथाँक्रेगाउँपालिका र वडा कार्यालय विभिन्न वेवसाइड आदिवाट तथ्यांक संकलन गरिएकोछ यसरी प्राप्त गरेको तथ्यांकलाई तालिका तथा वृत्तचित्रको माध्यमबाट व्याख्या विश्लेषण गरिएको छ ।यस अध्ययनको सारंशलाई निम्नानुसार प्रस्तुत गरिएको ।

१. थाँक्रेगाउँपालिकाको वाड नं. ८ काउलेमा रहेको काउले भिनयार्डमा जम्मा ७० रोपनी जग्गा रहको जसमध्ये ५० रोपनीमावाइन प्रयोजनका अंगुर खेती गरिएको छ । ७० रोपनी जग्गा व्यवसायीक खेती पर्यटन उद्योग संचालन वाइन फ्याट्री

निमार्ण को उद्योगले प्रति रोपनी१०,००,००० र १५,००,००० को दरले खरिद गरेका छन् ।

२. अध्ययन क्षेत्रमा परेको अंगुर खेतीमा ६ जना महिनावारी तलव खाने र दैनिक ज्यालादारीमा १२-१५ जना काम गर्ने मान्छे रहेका छन् ।

३. उक्त अंगुर खेतीमा वि.सं. २०७८ सालमा १३,००० के.जी. अंगुर उत्पादन भएको पाइयो । प्रति वोट १.५ के.जी. देखि ३ के.जी.सम्म उत्पादन भएको पाइयो र भविष्यमा प्रति वोट ५ के.जी सम्म उत्पादन गर्ने लक्ष्य रहेको पाइयो ।

४. उक्त अंगुर खेतीमा वाइन प्रपोजको१२ प्रजाती का ६,५०० अंगुरको विरुवा भएको र प्रति के.जी. अंगुर रु. २५० मा विक्री हुने गरेको पाइयो ।

५. उक्त खेती २०११ देखि शुरु भएको शुरुमा १५०० विरुवा जापानवाट ल्याइएको पाइयो । पछि स्विजरल्याड , जर्मन र भारत वाट विरुवा ल्याएको पाइयो । जहाँ अहिले ६५०० विरुवा रहेको पाइयो ।

६. अंगुर खेतीको कूल स्थिर लागत रु. ६३,१५,००० रहेको पाइयो । जसमाविरुवा आयातमा जम्मा रु १२,००,०००विरुवा रोप्दा लागेको मल खरिदमा रु.३४५,००० सिचाईको लागि पाइप खरिदमा रु. १००,००० थाँको तथा लहरा व्यवस्थापन गर्ने फलाम पाइप तथा तार जाली खरिदमा रु. १,५०,००० कर रु.२०,०००विभिन्न समयमा लिइएको ऋण पाँच लाख (५,००,००,०००) को वार्षिकव्याजदर (९%)रु.४५,००,००० रहेका पाइयो ।

७. अंगुर खेतीको कुल परिवर्तनशील लागत वि.सं.२०७८ सालमा रु.३४,००,००० रहेको छ । जसमा २०७८ सालको कुल परिवर्तनशील लागतका शीर्षकहरू तलव, कन्सल्टेनसी फी र औषधी तथा मल रहेको छ । जसअनुसार २०७८मा तलव रु. २४,००,०००, कन्सल्टेन्सी फीमा रु. ५,००,००० औषधी तथा मलखादमा रु. ५,००,००० लागत लागेको तथ्य स्थलगत सर्वेक्षणमा पाइयो ।

८. अंगुर फर्मको कुल लागत वि.सं. २०७८ मा कुल स्थिर लागत रु. ६३,१५,००० र कुल परिवर्तनशिल लागत रु.  ३४,००,००० गरि जम्मा रु. ९७,१५,००० रहेको तथ्याँङ् स्थलगत सर्वेक्षणमा पाइयो ।

९. अंगुर खतीको कुल आम्दानी वि.सं. २०७८ सालको रु. ३२,५०,००० रहेको पाइयो । जसमा त्यस वर्षको अंगुर उत्पादन १३००० के.जी रहेको र प्रति के.जी अंगुर रु.२५० मा विक्री भएको थियो ।

१०. अंगुर खेतीको प्रति के.जी उत्पादान लागतलाई विश्लेषण गर्दा वि.सं.२०७८ सालमा  १ के.जी अंगुरको उत्पादनमा रु.७४७.३०७ लाग्ने गरेको पाइयो ।

११. अंगूर खेतीको २०७८ सालको नाफालाई विश्लेषण गर्दा कुल आय रु. ३२,५०,००० वाट कुल लागत रु.९७,१५,००० घटाउदा रु.-६४,६५,००० तथ्यांक रहेको पाइयो ।

१२. अंगुर खेतीको लागत लाभलाई विश्लेषण गर्नको लागि नमूना छनोटमा परेको जनपाल थापा द्वारा सञ्चालित अंगुर  खेतीमा लागानी गरेको पूँजीको सिमान्त क्षमता पत्ता लगाई व्यवसायीले ऋण लिदा तिरेको ९ प्रतिशत व्याज दर संग तुलना गरिएको छ । जस अनुशार वि.सं.२०७८ सालमा अंगुर खेतीले लगानी गरेको पूँजीको सिमान्त क्षमता रु. -७५.५३५ प्रतिशत रहेको पाइयो ।

१३. फर्म शुरु भएको १२ वर्ष पुग्दा पनि अझै लगानी नै भइरहेको र लागतको तुलनामा न्यून आम्दानी भएको स्थलगत सर्वेक्षण वाट थाहा पाइयो । यदि अंगुर खेतीवाट नाफा निकाल्ने हो भने अर्गानिक खेतीमा जोड दिदा रासायनिक मल र विषादिको खर्च कटौती भइ लागत कम हुन्छ, साथै प्रति वोट उत्पादन वृद्धि गर्दा कुल उत्पादनमा वृद्धि भइ आम्दानि बढ्छ ।आम्दानिको एक मात्र स्रोत अंगुर उत्पादनमा भर नपरि विरुवा उत्पादन गरी विरुवा विक्री गर्न सकेमा र कृषि पर्यटन विकास गर्न सकियो भने लागतको तुलनाामा आम्दानि वृद्धि गर्न सकिने कुरा स्थलगत सर्वेक्षणवाट प्राप्त भयो ।

१४. व्यवसायीक रुपमा संचालन गरेको अंगुर खेतीमा विभिन्न समस्याहरू विद्यमान रहेको पाइयो । यस अध्ययनको क्रममा दक्ष जनशक्तिको अभाव पूँजीको अभाव

उपयुक्त सरकारी नितिको अभाव मलखादको अभाव प्राकृतिक प्रकोप तथा जङ्गली जनावरको भए रोग तथा किराको प्रकोप जस्ता समस्याहरू रहेको पाइयो ।

१५. व्यवसायको उद्येश्य नै नाफा हो । विना नाफा व्यवसायमा टिकिरहन सकिदैन तसर्थ अंगुर खेतीमा विद्यमान समस्यालाई हटाउन उपयुक्त सरकारी निती, तालिमको व्यवस्था, मलखादको व्यवस्था आयातलाई निरुत्साहित, खेतीलाई औद्योगिकीकरण र वित्तिय क्षेत्रमा पहुँच तथा कृषि विमामा जोड जस्ता कार्यक्रमहरू संचालन गरिनुपर्दछ ।

# अध्ययन पाँच (CHAPTER FIVE)

## निष्कर्ष र सुझावहरू (CONCLUSION AND RECOMMENDATION)

### ५.१ निष्कर्ष (Conclusion)

नेपाली कृषि गुजारामुखीबाट व्यवसायिकरणमा जान सकेको छैन । यद्यपि पछिल्लो समय नेपालमा व्यवसायिक कृषिका केहि शुरुवात भएका छन् । तर आजको आवश्यकता शुरुवात वा व्यक्तिगत पहल मात्र होइन । राष्ट्रिय संलग्नता पनि हो । वार्षिक वजेटमा कृषिलाई प्राथमिक्ता दिए पनि उत्पादन परिमाणमा परिवर्तन आउन सकेको छैन । रैथाने समस्यामा नै रुपलिरहेका छौ । जसले कृषि क्षेत्रमा संभावना भएतापनि अपेक्षित उपलब्धी हासिल हुन सकिरहेको छैन । नेपालमा कृषि पर्यटनको विकास र विस्तार गर्दै अर्गानिक वाइन उद्योग मार्फत ग्रामिण रोजगारीमा वृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन सक्ने एक भरपर्दो आर्थिक उपार्जनको माध्यमको रुपमा व्यवसायीक अंगुर खेतीलाई लिन सकिन्छ । व्यवसायीक अंगुर खेतीको वर्तमान अवस्था  र लागत  लाभ विश्लेषणको सन्दर्भमा धादिङ्ग जिल्ला थाँक्रेगाउँपालिका वडा नं. ८ काउलेमा अवस्थित जनपाल थापा द्वारा सञ्चालित अंगुर खेतीमा  आवद्ध व्यवसायी, कामदार वा सरोकारवाला निकाय सँग प्रत्यक्ष छलफल, प्रश्नावली अवलोकन, स्थलगत सर्वेक्षण आदिका माध्यमवाट गरिएको यस अध्ययनमा निम्न निष्कर्षहरू बुद्धागत रुपमा प्रस्तुत गरिएको छ ।

१. थाँक्रेगाउँपालिकाको वाड नं. ८ काउलेमा रहेको काउले भिनयार्डमा जम्मा ७० रोपनी जग्गा रहको जसमध्ये ५० रोपनीमा वाइन प्रयोजनका अंगुर खेती गरिएको छ । ७० रोपनी जग्गा व्यवसायीक खेती पर्यटन उद्योग संचालन वाइन फ्याट्री निमार्ण को उद्योगले प्रति रोपनी१०,००,००० र १५,००,००० को दरले खरिद गरेका छन् ।

२. अध्ययन क्षेत्रमा परेको अंगुर खेतीमा ६ जना महिनावारी तलव खाने र दैनिक ज्यालादारीमा १२-१५ जना काम गर्ने मान्छे रहेका छन् ।

३. उक्त अंगुर खेतीमा वि.सं. २०७८ सालमा १३,००० के.जी. अंगुर उत्पादन भएको पाइयो । प्रति वोट १.५ के.जी. देखि ३ के.जी.सम्म उत्पादन भएको पाइयो र भविष्यमा प्रति वोट ५ के.जी सम्म उत्पादन गर्ने लक्ष्य रहेको पाइयो ।

४. उक्त अंगुर खेतीमा वाइन प्रपोजको१२ प्रजाती का ६,५०० अंगुरको विरुवा भएको र प्रति के.जी. अंगुर रु. २५० मा विक्री हुने गरेको पाइयो ।

५. उक्त खेती २०११ देखि शुरु भएको शुरुमा १५०० विरुवा जापानवाट ल्याइएको पाइयो । पछि स्विजरल्याड , जर्मन र भारत वाट विरुवा ल्याएको पाइयो । जहाँ अहिले ६५०० विरुवा रहेको पाइयो ।

६. अंगुर खेतीको कूल स्थिर लागत रु. ६३,१५,००० रहेको पाइयो । जसमाविरुवा आयातमा जम्मा रु १२,००,००० विरुवा रोप्दा लागेको मल खरिदमा रु.३४५,००० सिचाईको लागि पाइप खरिदमा रु. १००,००० थाँको तथा लहरा व्यवस्थापन गर्ने फलाम पाइप तथा तार जाली खरिदमा रु. १,५०,००० कर रु.२०,०००विभिन्न समयमा लिइएको ऋण पाँच लाख (५,००,००,०००) को वार्षिक व्याजदर ( ९%)रु.४५,००,००० रहेका पाइयो ।

७. अंगुर खेतीको कुल परिवर्तनशील लागत वि.सं.२०७८ सालमा रु.३४,००,००० रहेको छ । जसमा २०७८ सालको कुल परिवर्तनशील लागतका शीर्षकहरू तलव, कन्सल्टेनसी फी र औषधी तथा मल रहेको छ । जसअनुसार २०७८मा तलव रु. २४,००,०००, कन्सल्टेन्सी फीमा रु. ५,००,००० औषधी तथा मलखादमा रु. ५,००,००० लागत लागेको तथ्य स्थलगत सर्वेक्षणमा पाइयो ।

८. अंगुर फर्मको कुल लागत वि.सं. २०७८ मा कुल स्थिर लागत रु. ६३,१५,००० र कुल परिवर्तनशिल लागत रु. ३४,००,००० गरि जम्मा रु. ९७,१५,००० रहेको तथ्याँङ् स्थलगत सर्वेक्षणमा पाइयो ।

९. अंगुर खतीको कुल आम्दानी वि.सं. २०७८ सालको रु. ३२,५०,००० रहेको पाइयो । जसमा त्यस वर्षको अंगुर उत्पादन १३००० के.जी रहेको र प्रति के.जी अंगुर रु.२५० मा विक्री भएको थियो ।

१०. अंगुर खेतीको प्रति के.जी उत्पादान लागतलाई विश्लेषण गर्दा वि.सं.२०७८ सालमा १ के.जी अंगुरको उत्पादनमा रु.७४७.३०७ लाग्ने गरेको पाइयो ।

११. अंगूर खेतीको २०७८ सालको नाफालाई विश्लेषण गर्दा कुल आय रु. ३२,५०,००० वाट कुल लागत रु.९७,१५,००० घटाउदा रु.-६४,६५,००० तथ्यांक रहेको पाइयो ।

१२. अंगुर खेतीको लागत लाभलाई विश्लेषण गर्नको लागि नमूना छनोटमा परेको जनपाल थापा द्वारा सञ्चालित अंगुर खेतीमा लागानी गरेको पूँजीको सिमान्त क्षमता पत्ता लगाई व्यवसायीले ऋण लिदा तिरेको ९ प्रतिशत व्याज दर संग तुलना गरिएको छ । जस अनुशार वि.सं.२०७८ सालमा अंगुर खेतीले लगानी गरेको पूँजीको सिमान्त क्षमता रु. -७५.५३५ प्रतिशत रहेको पाइयो ।

१३. फर्म शुरु भएको १२ वर्ष पुग्दा पनि अझै लगानी नै भइरहेको र लागतको तुलनामा न्यून आम्दानी भएको स्थलगत सर्वेक्षण वाट थाहा पाइयो । यदि अंगुर खेतीवाट नाफा निकाल्ने हो भने अर्गानिक खेतीमा जोड दिदा रासायनिक मल र विषादिको खर्च कटौती भइ लागत कम हुन्छ, साथै प्रति वोट उत्पादन वृद्धि गर्दा कुल उत्पादनमा वृद्धि भइ आम्दानि बढ्छ ।आम्दानिको एक मात्र स्रोत अंगुर उत्पादनमा भर नपरि विरुवा उत्पादन गरी विरुवा विक्री गर्न सकेमा र कृषि पर्यटन विकास गर्न सकियो भने लागतको तुलनाामा आम्दानि वृद्धि गर्न सकिने कुरा स्थलगत सर्वेक्षणवाट प्राप्त भयो

१४. व्यवसायीक रुपमा संचालन गरेको अंगुर खेतीमा विभिन्न समस्याहरू विद्यमान रहेको पाइयो । यस अध्ययनको क्रममा दक्ष जनशक्तिको अभाव पूँजीको अभाव उपयुक्त सरकारी नितिको अभाव मलखादको अभाव प्राकृतिक प्रकोप तथा जङ्गली जनावरको भए रोग तथा किराको प्रकोप जस्ता समस्याहरू रहेको पाइयो ।

१५. व्यवसायको उद्येश्य नै नाफा हो । विना नाफा व्यवसायमा टिकिरहन सकिदैन तसर्थ अंगुर खेतीमा विद्यमान समस्यालाई हटाउन उपयुक्त सरकारी निती, तालिमको व्यवस्था, मलखादको व्यवस्था आयातलाई निरुत्साहित, खेतीलाई औद्योगिकीकरण र वित्तिय क्षेत्रमा पहुँच तथा कृषि विमामा जोड जस्ता कार्यक्रमहरू संचालन गरिनुपर्दछ ।

## ५.२ सुझावहरू (**Recommendations**)

यो अध्ययन धादिङ जिल्ला थाँक्रेगाउँपालिकाको वडा नं. ८ अन्तगर्त पर्ने अंगुर खेती वर्तमान अवस्था, लागत र समस्या पहिचान गर्नको साथै समाधानको उपायहरू पनि पेश गर्नको लागि गरिएको हो हावापानी सुहाउदो अंगुरको जातको पहिचान गरी टेवलर दाख वानाउने अंगूरको प्रजातिको पनि खेतीगर्न सकेमा अंगुर आयातलाई हटाउदै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन सकिन्छ । यस अध्ययन क्षेत्रमा अंगुर खेतीगर्ने क्रममा विभिन्न समस्याहरू देखापरेको छन् । ती समस्याहरूलाई प्रभावकारी तवरले सामाधान गर्ने तरिका पनि पत्ता लागेका छ । व्यवसायीक अंगुर खेतीको विकाश र विस्तार गर्न केहि सुझावहरू निम्नानुसार रहेको छन् ।

### ५.२.१ नितिगत सुझावहरू (**Policy Related Recommendations**)

१. व्यवसायीक अंगुर खेतीलाई विकाश र विस्तार गर्नको लागि स्थानिय सरकारले वित्तिय संघसंस्था संग समन्वय गरी सुलभ सस्तो व्याजदरमा ऋण उपलब्ध गराउनुको साथै शुन्य तथा न्युनतम दरमा आवश्यक औजार आयात गर्ने सस्तो र सुलभ मूल्यमा जग्गा उपलब्ध गराउनु पर्दछ ।

२. उन्नत मल, रासायिनक मल, किटनाशक औषधी चर्को मूल्य र अभाव समस्या समाधानको लागि पालिका वा स्थानिय सरकारले नजिकको कृषि केन्द्र मार्फत अनुदान वा उचित मूल्यमा उपलब्ध हुने व्यवस्था मिलाउनु पर्छ ।

३. ग्राफि्टिङ्बाट नयाँ विरुवा उत्पादन गरी अंगुर खेत ीगर्न चाहने कृषकको लागि विरुवा उपलब्ध गराउनु पर्दछ ।

४. अंगुर उप्पादनमा हुने क्षतिलाई पूर्ति गर्ने व्यवस्था सरकारी तवरवाट हुनुपर्दछ ।

५. दक्ष र प्राविधिक टोली निमार्ण गरी अंगुर फर्ममा अनुगमन तथा निरिक्षण गर्ने कार्य स्थानिय सरकारले गर्नुपर्छ।

### ५.२.२ प्रयोगात्मक क्षेत्र संग सम्बन्धित सुझावहरू(Practice Related Recommendations)

विश्वव्यापी रुपमा फैलिएको कोरोनाको महामारी पछि कृषि पेशमा आकर्षण बढेको छ । व्यवसायिक अंगुर खेतीवाट कृषि उद्योग, कृषि पर्यटन तथा ग्रामिण रोजगारीको विकाश संगै प्रशस्त आम्दानी पनि गर्न सकिने भएकोले अंगुर खेती प्रतिको आकर्षण वढिरहेको छ । अंगुर खेति संग सम्बन्धित प्रयोगात्मक सुझावहरू निम्नानुशार प्रस्तुत गरिएको छ ।

१. अंगुर खेतिको लागत कम गर्न फर्म विस्तार गर्दा विदेशवाट नयाँ विरुवा मगाउनुको सट्टा खेती गरिएको विरुवा नै नयाँ विरुवाबाट उत्पादन गर्ने र लगाउने गर्नुपर्छ ।

२. विशेषत वाइन प्रपोजका अंगुरका विरुवा मात्र भएकोले टेवल (खाने) र ड्राइ फ्रुटको प्रजातिका लागि पनि व्यवसायिक खेती विस्तार तथा विकाश गर्नुपर्ने देखिन्छ ।

३. फर्मका सञ्चालक तथा कामदारहरूले विदेशी कन्सल्टेन्टमा अंगुर खेती संचालन गर्दै आइरहेकाले र कन्सल्टेन, खर्चकम गर्दै, उत्पादन वृद्धि गरी आम्दानिमा पनि वृद्धि गर्न आवश्यक तालिम लिनुपर्ने देखिन्छ ।

४. आफ्नै वाइन उद्योग स्थापन गरि वाइन वनाएर विक्री वितरण गर्नु ।

### ५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धि सुझावहरू (Feature Research Releted Recommendations)

फलफूल खेती अन्तर्गत व्यवसायीक अंगुर खतीको अवस्था, लागत र समस्या पहिचान गर्दै समाधानका उपायहरू पत्ता लगाउने क्रममा थाँक्रे गाउँपालिका वडा नं. ८ अर्न्तगत काउले भिनयार्ड फर्मवाट आवश्यक तथ्याँक संकलन गरी शोहि आधारमा अध्ययन कार्यलाई अगाडी वढाइयो । अंगुर फर्मलाई व्यवसायिक रुपमा प्राथमिकता दिइ खेति गर्न चाहने अन्य अनुसन्धानकर्ताले निम्न बुँदाहरूलाई आधार वनाउन सक्ने देखिन्छ ।

१. नेपालमा व्यवसायिक अंगुर खतीको वर्तमान अवस्था र भविश्यवारे अध्ययन गर्न ।

२. अंगुर र्फमबाट सृजना भएको रोजगारी अवसरहरू कृषि उद्योग र कृषि पर्यटनको संभावना अध्ययन गर्न सकिन्छ ।

३. अंगुर खतीको लागतको पहिचान, समस्या सँग सम्बन्धित अनुसन्धान गर्न ।

## सन्दर्भ सूची


अर्थमन्त्रालय (२०७६) आर्थिक सर्वेक्षण २०७५/०७६ अर्थमन्त्रालय नेपाल सरकार ।

अर्थमन्त्रालय (२०७३), *प्रधानमन्त्री कृषि तथा पशुपंक्षी आधुनिकी मन्त्रालय नेपाल सरकार,* काठमाडौ ।

अर्याल भोलानाथ (२०७३), *कुखुरा पालन व्यवसायको लागत लाभ विश्लेषण र यसले शिक्षा क्षेत्रमा पारेको प्रभाव,*अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि. किर्तीपुर ।

उपाध्यायदिला कुमारी (२०७६), *उखु खेतीको लागत लाभ विश्लेषण,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि. किर्तीपुर ।

कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (२०७५), कृषि प्रसार कार्यक्रम संञ्चालन निर्देशिका तथा नर्म्स, कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय नेपाल सरकार ।

चौधरी सिवशंकर (२०७७), *माछापालन व्यवसायमा संलग्न कृषकहरुको लागत र आम्दानिको एक अध्ययन,*अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि. किर्तीपुर ।

तिम्सिना, गिता (२०७३), *च्याउ फर्मको लागत लाभ विश्लेषण र यसले शिक्षा क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि. किर्तीपुर ।

थापा धनबहादुर आगेय पद्मनाथ अधिकारी बालकृष्ण (२०७३), *शितोष्ण फलफूल कृषि विकाश मन्त्रालय,नेपाल साकार फलफूल विकाश निर्देशनालय,* राष्ट्रिय फलफूल विकास केन्द्र, किर्तीपुर, काठमाडौं ।

थापा धनबहादुर (२०७३), *अंगुर खेती प्रविधि कृषि विकास मन्त्रालय नेपाल सरकार फलफूल विकास निर्देशनालय,*राष्ट्रिय फलफूल विकास केन्द्र, किर्तीपुर, काठमाडौं ।

दाहाल महेशराज र पौडेल मिनराज (२०६०), *आर्थिक विश्लेषण व्यवसायिक अर्थशास्त्र* काठमाण्डौ : एम. के पब्लिकेशन एण्ड डिष्टिब्युटर ।

पौडेल मिनराज र नेपाल पांगु (२०७१), *व्यवसायिक अर्थशास्त्र,* काठमाण्डौ एम.के पब्दिसर्स ए(ड डिस्टिब्युर्स ।

फलफूल विकाश निर्देशनालय (२०७८), *समशितोष्ण फलफूल खेती प्रविधि कृषि विकास मन्त्रालय नेपाल सरकार फलफूल विकास निर्देशनालय,* राष्ट्रिय फलफूल विकास केन्द्र, किर्तीपुर, काठमाडौं ।

बराल सृजना (२०७६), नेपालमा अंगुर खेती प्रविधि र संम्भावन,राष्ट्रिय फलफूल विकास केन्द्र किर्तीपुर ।

भुसाल तुल्सिराम (२०७८), *अंगुर खेती प्रविधि र यसको उपयोगिता* जी.एस. प्रिन्ट, राष्ट्रिय फलफूल विकास केन्द्र, किर्तीपुर, काठमाडौं ।

भण्डारी सीता (२०६९), *आलु खेतीको वर्तमान अवस्था र यसले शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र अर्थशास्त्र शिक्षाशास्त्र केन्द्रिय विभाग त्रि.वि. किर्तीपुर ।

राष्ट्रिय योजना आयोग (२०७५), *पन्धौं योजना (०७६/७७ -२०८०/८१ राष्ट्रिय योजना आयोग नेपाल सरकार,* राष्ट्रिय फलफूल विकास केन्द्र, किर्तीपुर, काठमाडौं ।

शिवाकोटी धुवराज र पौडेल मिनराज (२०६७), *आर्थिक विश्लेषण,* काठमाडौ : एम.के पब्लिकेशन प्रा.लि. ।

श्रेष्ठ गिता, (२०७६), *व्यवसायिक केरा खेतीको वर्तमान अवस्था र यसले स्थानीय आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रिय विभाग त्रि.वि., किर्तीपुर ।

*Statical Infornaltion on Nepales agriculture ministry of agriculutural Development*, goverment of Nepal, Kathmand. Nepal.

*Department of customs, Annual foreign trade statistics*, 2075/76.

## अनुसूची १

**व्यवसायिको लागि प्रशनावली**

फोन नं .............   तपाईको नाम ...........

ठेगाना ....................

शैक्षिक योग्यता ...............   पेशा ...............

धर्म .................   उमेर .........................

लिङ्ग ......................   जाती :........................

**परिवारको संख्या**

| क.सं. | नाम | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| जम्मा | | | | |

१ तपाई यस व्यवसाय संचालन हुनु अघि कस्तो व्यावसायमा संलग्न हुनुहुन्थ्यो ?

क कृषि........ ख. व्यापार........

ग वैदेशिक रोजगार..... घ. नोकरी.......

२ अंगुर खेती प्रति कसरी आकर्षित हुनु भयो ?

...........................................................................................................

३ अंगुर खेती कहिले बाट शुरु गर्नुभयो र कति बर्ष भयो ?

...........................................................................................................

४ अंगुर खेती कति जग्गामा गर्नु भएको छ ?

...........................................................................................................

५. अंगुरको विरुवा कहाँबाट ल्याउन हुन्छ ?

...........................................................................................................

६ अंगुर उत्पादन गर्न कति समय लाग्छ ।

...........................................................................................................

७ तपाईले अंगुर खेतीको लागि कति लगानी लगाउनु भएको छ ?

...........................................................................................................

८ कहाँबाट र कति प्रतिशत व्याजदरमा ऋण लिनु भयो ?

...........................................................................................................

९ तपाईले सरकारी क्षेत्रबाट ऋणअनुदान लगायत अन्य सुविधा के कति प्राप्त गर्नु भएको छ ?

..........................................................................................................

१० तपाईले यस व्यवसायसँग सम्बन्धीत कस्तो - कस्तो तालिम लिनुभएको छ ।

..........................................................................................................

११ यस फर्म संचालन गर्न तपाईसँग कति कामदाहरु छन् ?

..........................................................................................................

१२ बार्षिक अंगुर उत्पादन कति हुन्छ ?

..........................................................................................................

१३ उत्पादित अंगुरको बजार व्यवस्थापन कसरी गर्नु भएको छ ?

..........................................................................................................

१४ यस फर्म कति प्रजातिको अंगुरहरु रहेका छन् ?

..........................................................................................................

१५ यस फर्मको बार्षिक लागत कति हुन्छ ?

..........................................................................................................

१६. तपाई कामदारलाई कति तलब दिनुहुन्छ ?

..........................................................................................................

१७. प्रति के.जि. अंगुरको मूल्य कति छ ?

..........................................................................................................

१८.	उद्यमीको २०७८ सालको स्थिर लागत (रु.मा)

| क.स | शिर्षक | रकम(रु.मा) | प्रतिशत (%) | व्याजदर |
|---|---|---|---|---|
| १ | विउ | | | |
| २ | सिँचाइ | | | |
| ३ | विरुवा रोप्दा लाग्ने मल | | | |
| ४ | कर | | | |
| ५ | व्याजदर | | | |
| ६ | पोल तार/जाली | | | |
| | जम्मा | | | |

१९.	उद्यमीको २०७८ सालको परिवर्तनशिल लागत विवरण

| क.स | शर्षक | लागत (रु.मा) | प्रतिशत (%) |
|---|---|---|---|
| १ | तलब | | |
| २ | कन्सल्टेन्सी फी | | |
| ३ | औषधी /मल | | |
| | जम्मा | | |

२०.	अनुवभको आधारमा अंगुर खेतीका समस्याहरु के के हुन

..........................................................................................................

२१	समस्या समाधानको लागि कुन कुन पक्षले के के गर्नुपर्दछ ।

..........................................................................................................

२२	व्यवसायिक अंगुरको खेती गर्न चाहने व्यक्तिको लागि तपाई के सल्लाह र सुझाव दिनुहुन्छ ।

..........................................................................................................

## अनुसूची २

## कामदारहरुको लागि प्रश्नावली

१. तपाईले यो फर्ममा काम गर्नुभएको कति समय भयो ?

..........................................................................................................

२. फर्मबाट कति तलब प्राप्त गर्नु हुन्छ ?

..........................................................................................................

३. यस फर्मका अतिरिक्त अन्य कुन पेशामा आबद्ध हुनुहुन्छ ?

..........................................................................................................

४. तपाईको अनुभवमा अंगुर फर्मका संचालनबाट कति फाईदा हुने रहेछ ?

..........................................................................................................

५. यस फर्ममा गरेको रोजगारीबाट प्राप्त आयबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?

..........................................................................................................

६. रोजगारी बाट प्राप्त आयको केहि हिस्सा बचल गर्नुभएको छ ?

..........................................................................................................

७. अंगुर खेती गर्दा कस्ता कस्ता समस्या देखापर्दछन् ?

..........................................................................................................

## अनुसूची ३

## लक्षित समूहको लागि प्रश्नावली

१. अंगुर खेती गर्ने वर्तमान अवस्था

..........................................................................................

२. अंगुर खेतीमा आइपरेका समस्याहरु

..........................................................................................

३. अंगुर खेतीको वार्षिक लागत

..........................................................................................

४. अंगुर खेतीको समस्या समाधानको उपायहरु

..........................................................................................

# अनुसूची ४

## विज्ञहरुको लागि प्रश्नावली

१.नेपालको अंगुर खेतीको वर्तमान अवस्थाको वारेमा कही वताइ दिनु हन्छ की ?

..........................................................................................

२. हाल नेपालका कुन-कुन ठाँउमा अंगुर खेती भइरहेको छ ?

..........................................................................................

३. नेपालमा कति प्रजातिका अंगुर खेती गर्न सकिन्छ ?

..........................................................................................

४. अंगुर खेतीको लागि कस्तो प्रकारको भौगोलिक वातावरण उपयुक्त हुन्छ ?

..........................................................................................

५. नेपालमा अंगुर खेतीको संभावना कस्तो छ ?

..........................................................................................

६. अंगुर खेती गर्ने किसानको लागि सरकारी तवरबाट कस्ता कस्ता सेवा सुविधाहरु उपलब्ध छन्?

..........................................................................................

७. नेपालको अंगुर खेतीमा देखिएका समस्याहरु र समाधानका उपायहरु के-के हुन् ?

..........................................................................................